प्राचीन नेपाल
पुरातत्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology


संख्या १६
श्रावण २०२८

Number 16
July 1971



सम्पादक
रमेशजङ्ग थापा

*Edited by*
**Ramesh Jung Thapa**



प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

प्राप्तिस्थानः
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:
Sajha Prakashan
Pulchok, Lalitpur

मूल्य रु. ५।–

Price Rs.5/-

Printed at Matribhoomi Press, Ghantaghar,

प्राचीन नेपाल
संख्या १६
श्रावण २०२८

Ancient Nepal
Number 16
July 1971

सम्पादक
रमेश जङ्ग थापा

*Editor*
**Ramesh Jung Thapa**

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

*Assistant Editor*
**Ram Chandra Dhungana**

# Contents

# विषय-सूची


| | पृष्ठ | Page |
|---|---|---|
| नेपाल देशको इतिहास | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २५ | 25 |
| बुद्धपरिनिर्वाण संवत्का विषयमा नेपाली मत<br>*सूर्य विक्रम ज्ञवाली* | २९ | 29 |
| शिलालेख र त्यसको अनुवाद<br>*शंकरमान राजवंशी* | ३१ | 31 |
| प्राचीन नेपालमा भिक्षुणीसंघ तथा उपासिकाको परंपरा<br>*तारानन्द मिश्र* | ३७ | 37 |
| पर्वतको इतिहास<br>*मोहनबहादुर मल्ल* | ४३ | 43 |
| The Rise and Development of Baisi states<br>**Ramniwas Pandey** | ५४ | 54 |

# नेपाल देशको इतिहास

## ( गत संख्या १४ को बाँकी )

जसले यस करुणाष्टकस्तवको २५ श्लोक यथाक्रमले पाठ गर्दा त्यसको जन्म सफल होला । नाममात्रले पनि दुःस्वप्नादिको नाश होला । त्यसलाई ईश्वरले पदार्थविषयका सर्वकार्यमा रक्षा गरून् ।" यस्ता प्रकारले बन्धुदत्त आचार्यले बनाएको श्री मर्यादावलोकितेश्वरको करुणाष्टक स्तोत्र पाठ गरी प्रचार गरे । राजा नरेन्द्रदेवले पनि सुप्रभातं प्रभातं दशबल तव नित्यं इत्यादि संस्कृत भाषाबाट स्तोत्र बनाई स्तुति गरे । यस्ता प्रकारले राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले मन्त्रका प्रभावद्वारा श्री मत्स्येन्द्रनाथलाई यस नेपालमा आकर्षण गरेर स्थिर राखी पूजादि महोपचारले मान्ने गरे । यिनलाई नेपालमा पहिले विराजमान गराएको समय– अतीत गतकलिवर्षेषु रसाग्निषु (३६) नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः ।

कलि गताब्द ३६ भएमा मत्स्येन्द्रनाथलाई नेपालमा प्राप्त गराए । ती राजाले यी सहकाली देवता हुन् भनी यिनको प्रतिवर्ष यात्रा उठाउनालाई कर्कोटक नागका आकारको बाह्र हात अग्लो रथ, चार भैरवका आकारका प्रमाणको रथका चक्रसमेत रथका सबै अवयवहरू पूर्ण गरी रथ तयार गरे । क्रमैले विधिपूर्वक यात्रा आरम्भ गरे । ललितापुरीमा मत्स्येन्द्रनाथपुर भन्ने एक जनपद बनाई त्यहीं मत्स्येन्द्रनाथको देवालय बनाएर छ महीनासम्म त्यहीं विराजमान गराउनुपर्ने रीत चलाए । विधिपूर्वक कर्महरू गरी प्रतिवर्ष यात्रा चलाए ।

**मत्स्येन्द्रयात्रासदृशी नास्ति ब्रह्माण्डमण्डले ।**

उनले लोकमा यस्तो शिष्टोक्ति पनि प्रख्यात गरे । यिनै आर्यावलोकितेश्वरको संस्कृत भाषाका उपदेशले प्रतिवर्ष वैशाख महीनाभर श्री पशुपतिनाथलाई जल चढाउने रीत पनि चलाए । यसरी जल चढाउने कार्य प्रतिवर्ष हुँदै जाँदा यस देशमा दुनियाँहरूको अनावृष्टिको भय पनि निवारण भयो । यी मत्स्येन्द्रनाथको प्रथम आकार बनाउनालाई चित्रकर्म गर्दा मृत्तिका झिकेका स्थानमा अद्यापि तृणवृक्षहरूको अंकुरसम्म पनि उम्रदैन । यस्ता रीतसंग चाहिंदो प्रबन्ध पुऱ्याई प्रतिवर्ष यात्रा चलाइसकेपछि पृथ्वीमण्डल सबै ठाउँमा उनको कीर्ति फैलिई लोकमा उनलाई धन्य धन्य भनी गान गर्न लागे ।

अघि बन्धुदत्तले मत्स्येन्द्रनाथलाई आकर्षण गर्दा राजालाई गोडाले हानी उठाएका हुनाले यसलाई तीन टुक्रा गर्न पाए हुँदो हो भनी राजाले मनमा चिताएका थिए । यस्तो चिताउने भनी बन्धुदत्तले पनि मनमा लिएका थिए । त्यसकारण दिग्दार भई बन्धुदत्तले ईश्वरको खूब भक्तिभावनासहित नामकीर्तन गर्दै देहत्याग गरी मत्स्येन्द्रनाथका दाहिना पाउमा वास गरे । राजाले पनि आफूले आचार्यलाई चिताएको पापकर्म संझी त्यसै रीतले देहत्याग गरी वाम पाउमा वास गरे । यसकारण मत्स्येन्द्रनाथका चरणकमलको दर्शन गर्दा दुइ भक्तले संयुक्त छन् भनी पाउ नछोएर टाढैबाट नमस्कार गरी दर्शन गर्दछन् ।

अघि ललितपुरमा लोकनाथ, मीननाथहरूको यात्रा प्रतिवर्ष गर्दथे । यी मत्स्येन्द्रनाथलाई ल्याएपछि खलि मीननाथ, लोकनाथको मात्र यात्रा थामी मत्स्येन्द्रनाथको यात्राकर्म महोत्सव गर्ने गरे । यी राजा नरेन्द्रदेवले लोकमा अरू धेरै किसिमको कीर्ति चलाई नेपालमा श्री मत्स्येन्द्रनाथलाई ल्याएर स्थिर गरी स्थापना गरे भन्ने नाम समुद्रसम्म सबै ठाउँमा फैलियो । उनका यात्राविधिको प्रबन्धसमेत

गरी धन्य कहलाए। आखिर परमेश्वरका चरणकमलको आश्रय गरी हरिनामकीर्तनपूर्वक देहको त्याग गरेर उनका चरणमा लीन भए। राजा शिवदेवदेखि सात पुस्तामा यी राजाको राज्यभोगान्त हुँदा त्यस बखत कलिगताब्द... भयो।

यिनका पुत्र वरदेवले वर्ष २३ भोग गरे। यिनका पालामा शंकराचार्य स्वामीले फेरि यस नेपालभूमिमा आई अघि आफूले चलाई गएको शिवमार्गको चल्ती कत्तिको भएछ भनी हिन्दूधर्मको उन्नति हेरेर फर्के। यी राजाले आफ्ना पिताले स्थिति गरी पूजा चलाएका श्रीमत्स्येन्द्रनाथ-को वर्षबन्धन गराई जो चाहिने पर्वपर्वको र विशेष कामको समेत विशेष सामग्रीले विशेष भक्तिभावनासहित पर्व र कार्य चलाई उनको परमसेवक भएर सेवा गरे। धर्म र नीतिपूर्वक प्रजाको पालना गरी ललितपत्तनको मणिगलभट्ट दरवारमा राज गरेर राज्य भोग गरिरहेका थिए। त्यसै बखतमा अघि हरिसिद्धि त्रिशक्ति भवानीको यथोक्तक्रमले महोत्सवपूर्वक प्रतिवर्ष नाच भइरहन्थ्यो, पछि कुनै राजाका पालादेखि नाच बन्द भएको थियो। यी राजाले जान्ने, बूढापाका, शिष्ट तथा भलादमीहरूसंग संमत गरी फेरि विधिपूर्वक प्रकाश गरेर बखतबखतमा नचाउने गरे। शंकर स्वामी यहाँ आएका बखतमा यिनका छोरा जन्मेका हुनाले उनको नाम पुरोहितले शंकरदेव राखे।

यी शंकरदेव राजाले वर्ष १२ भोग गरे। यिनले ललितपत्तन शहरमा बसी राज्य चलाएका थिए। दोस्रो रमणीय शहर बनाई त्यहाँ नयाँ प्रकारले प्रजाहरूको बस्ती बसाउने इच्छा गरे। यस ठाउँदेखि त्यस ठाउँसंम शहर बनाउने भनी निश्चय भएका ठाउँमा चाहिने पूजासामा र महत्तसमेत तयार गरी शिल्पशास्त्रोक्त विधिपूर्वक वास्तु-देवताको पूजा गरे। श्री शाके ५२७ फाल्गुन शुदि २ उत्तराभाद्र नक्षत्र सिद्धि योग वृष लग्न वर्गोत्तम द्वितीय द्रेष्काणमा पूर्णवती नामक शहर बनाउन आरम्भ गरे। शहर बनाउन लागेका ३ वर्षमा पाँच हजार घरहरू तयार भए। उस बखत हाल इन्द्रचोक भन्ने ठाउँमा वाग्मती नदी-को संगम (टेकुदोभान) थियो। केही वर्षपछि त्यो संगम ती दुइ नदीले छाडी एक बाणसंम पर सरी संगम भएको हुनाले अघि संगम भएको होंगल भन्ने ठाउँमा इन्द्रचोक भन्ने देश बसाए। त्यहाँ भएका पीठ र श्मशानसमेत हटाए। खूब मजबूत प्रशस्त घर भएको र प्रजाहरूले गुल्जार भएको शहर बनाएको थियो। त्यस पूर्णवती नामक शहरमा पनि बौद्धाचार्यको संमत लिई बौद्धमतले श्वेतरूप लोकेश्वरको विधिपूर्वक स्थापना गरे। स्वयम्भू, काली, पूर्णकालिका र सिद्धिदायक गणेशसमेतलाई तथा ललितपत्तनमा प्रतिष्ठा-पूर्वक स्थापना गरिएका श्री मत्स्येन्द्रनाथका यात्रागतिका अनुरूपले कत्ति फरक नपर्ने गरी प्रतिष्ठापूर्वक स्थापना गरे। ती देवताहरूको नित्यपूजाको समेत बन्दोबस्त मिलाई मान्यता गरे।

अघि चोभारका आनन्दनाथ आदि लोकेश्वरहरूको यात्रामा खूब रमणीय रथमा राखी देवपत्तन शहरमा घुमा-उँदै यात्रा गराई फर्काएर लान्थे। कुनै वर्ष त्यो रथ वाग्मती र बलखुका दोभानमा आइपुग्दा सबै रथ पानीमा डुब्यो र देवता मात्र बाँकी रहे। त्यस वर्षदेखि रथयात्रा बन्द भयो। त्यो यात्रा बन्द भएपछि पूर्णवती शहर बनाई यी राजाले श्वेतरूप लोकेश्वरको स्थापना गरी मान्न लागेपछि ती दुबै रथ (आनन्दनाथ र श्वेतलोकेश्वरको) एकै साथ बनाई चैत्र शुक्ल अष्टमीका दिन असनमा तीन दिनसंम राखेर यात्रा गर्ने गरे। फेरि यिनैले शंखाकारको शंखपुर (साँखु) भन्ने शहर बनाई श्री उग्रतारादेवीलाई चढाए।

यिनका पुत्र वर्धमानदेवले वर्ष १६ भोग गरे। यिनले पनि त्यस पूर्णवती शहरमा चार हजार घर थपी शहर बढाए :

यिनका पुत्र बलिदेवले वर्ष १२ भोग गरे। यिनले शहर बढाउने इच्छा गरी त्यस शहरका उत्तर र दक्षिणतिर घरहरू बनाई शहर बढाए। अघि विशालनगर बिग्रेपछि अन्यत्र ठाउँठाउँमा साना साना ग्राम बनाई बसेकालाई र उज्जयिनी देशबाट झिकाएका मानिसहरूलाई समेत खूब बुद्धिमान् पण्डितहरूसंग संमत गरी उनीहरूले बताएका शास्त्रोक्त मार्गले नगरको प्रतिष्ठा गरी बसाए। त्यहाँ बसेका प्रजाहरूलाई असल तरहले युक्तिपूर्वक यथोचित उपदेश गरी यी राजाले आनन्दपूर्वक राज्यभोग गरिरहेका थिए। केही कालपछि यी राजा बलिदेवलाई कुनै रुद्रदेव नामक क्षत्रिय राजा आई युद्धमा जितेर यस नेपालमण्डलको राजा भई राज्य गरे।

यी रुद्रदेवले वर्ष २७ राज्य गरे । यिनले कुरुक्षीतटपर्यन्त जिती निष्कण्टक राज्य गरे । आखिर यिनका कुनै सन्तान नहुँदा यिनी अधिका राजाका सन्तानमा कुनै जयदेव भन्नेलाई राज्य दिए ।

यी जयदेवले वर्ष ४२ भोग गरे । यिनले पनि ललितपत्तन र पूर्णवती शहरको समेत राज्यभोग गरी शहर खूब गुल्जार पार्दै प्रजाहरूलाई राम्रा तरहले प्रतिपालना गरे ।

यी जयदेवका कान्छा भाइ आनन्द मल्लले दाजुले दुइ शहरको भोग गरेका हुँदा नेपालका पूर्वभागमा गई त्यहाँ अन्नपूर्णादेवीलाई काशीदेखि आह्वान गरेर खूब भक्तिभावनासंग त्याई स्थापना गरे । त्यस जग्गामा अघि ग्राम मात्र हुनाले यिनले सुसाइत पारी भैरवनाथको मन्दिरलाई शहरको माझमा पर्ने किसिमले बाह्र हजार घर तयार गरी त्यस शहरको भक्तपुर नाम राखेर बस्ती बसाई राज्य गरे । यिनले दाजुको बराबर बस्ती पुऱ्याउँछु भनी त्यसका पूर्व भागका जंगलभित्र विराजमान भएकी चण्डेश्वरीदेवीको भक्तिभावनापूर्वक आराधना गरे । उनका प्रसादले ग्रामहरू बनाउनू भन्ने आज्ञा पाई बनेपुर (बनेपा), पनौती, नाला, धूलीखेल, खण्डपुर (खड्पु), चौकोट र सांगा नामक ७ गाउँ बनाएर बस्ती बसाई धर्म र नीतिअनुसार यिनले प्रजाहरूको पुत्रवत् पालना गरे । नेपालमा प्रयाग भनी शास्त्रमा प्रसिद्ध भएको तीर्थका समीपमा पनौती, नालाभगवतीका समीपमा नाला, कुनै नारायणका मन्दिरका समीपमा धूलीखेल, धनेश्वरका समीपमा खड्पु, चकोर ऋषिका समीपमा चौकोट, चण्डेश्वरीदेवीका समीपमा बनेपा र नासिका पीठका समीपमा सांगा नामक देशहरूको वृद्धि गरे । आफू भक्तपुरमा सर्वलक्षणले संयुक्त सुन्दर दरवार बनाई त्यसै दरवारमा विराजमान भए ।

जयदेवका पुत्र बालार्जुनदेवले वर्ष २१ भोग गरे । यिनले राम्रा तरहले प्रजाहरूको प्रतिपालना गरी शासन गर्दा आफ्ना भाइ, छोरा, छोरी र रानीसमेतका नामले श्रीमत्स्येन्द्रनाथ लोकेश्वर भट्टारकलाई महासामग्रीले विधिपूर्वक पूजा गरी नवरत्नहरू जडिएको आफ्नो शिरको मुकुटसमेत चढाई स्तुति र क्षमापन गरे ।

यिनका पुत्र जेठा मानदेव र कान्छा विक्रमदेव थिए । जेठा मानदेवले ललितपत्तनको राज्य गरे । कान्छा विक्रमदेवले पूर्णवती शहरको राज्य गरे । मानदेवको राज्यभोग वर्ष ३६ । विक्रमदेवको राज्यभोग वर्ष ८।९ । यी दुइ दाजुभाइले आफू परस्पर मिली देवदेवताहरूको भक्तिभावनापूर्वक आराधना गरी राज्य गरे ।

यी विक्रमदेवका पुत्र नरेन्द्रदेवले वर्ष १ राज्यभोग गरे । यी राजा भई चाँडै परलोक हुँदा यिनका भाइ गुणकामदेव राजा भए ।

यी गुणकामदेवले वर्ष ५१ राज्यभोग गरे । यिनका पालामा पंचनदेश्वरमा बाग्मती र विष्णुमतीको संगम भई मलसागर भएको थियो । यिनले श्रीमत्मानेश्वरीदेवीका प्रसादले पंचकुमारी मैतीदेवी भनी प्रख्यात गरे । मंगलदेशमा नयाँ टोल बनाई मूल स्थानमा पुष्पको काम गर्नालाई माली नाम गरी गठ जातलाई प्रख्यात गरे । परन्तु यिनीहरू अघिदेखिका गठजात होइनन् । यिनले फूलको काममा लगाएका हुनाले मात्र गठजात भएका हुन् ।

अघि यिनका पुर्खा मानदेवले भक्तिभावनापूर्वक सेवा गर्दा देवीले प्रसन्न भई वृन्दावनबाट तेजःपुंज दिई पठाउँदा नेपालमा ल्याएर मूलछे भनी मूल आगममा स्थापना गरे । शिवशक्ति संयुक्त गरी यस संसारमा प्रतिपालना गर्नालाई धर्मको प्रबन्ध पुऱ्याई मूलछे भन्ने नाम गरेको आगमलाई प्रख्यात गरेका थिए । यिनका पालामा पनि बौद्ध र शिवशक्ति दुवै मतका प्रमाणले रहस्यमूर्ति गरी प्रतिष्ठा गरे । यो उटुटोल आगम भनी आजतक प्रख्यात भइरहेको छ । फेरि यिनले अघि नभएको मूलछे आगमलाई रहस्यभावले स्थापना गर्न पाउँदा दशमीका दिन निमन्त्रणा कर्म गराएर आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापनापूर्वक जमरा राखी दशमीका दिन खड्गयात्रा गर्ने गरे । प्रतिवर्ष वर्षाकालमा अनावृष्टि भई दुर्भिक्ष नहोओस् भन्ने मनमा लिई यस संसारमा वृष्टिका कारणले मनकोबाहाल बनाए । त्यहाँ पाताल जाने मार्गसमेत बनाई लगनखेलमा वर्षेश्वर महादेवको स्थापना गरे । शंखमूलपर्यन्त चारै दिशामा ईंटढुंगाले असल बाटो बनाई नागदह नाउँ गरेको तीर्थसमेत बनाए । चैत्यको प्रतिमा राखी मनकोबाहाल भनी नाम राखे । अनावृष्टि भएका बखतमा साधकहरूले विधिपूर्वक

कार्यसाधन गर्नालाई त्यस ठाउँमा जान पाउँछन् भन्ने त्यहाँ रहेका गुणीजनहरूलाई आज्ञा गरिराखे । यो कार्य सिद्ध गर्नालाई मणिगणेश भनी स्थापना गरेर त्रिशक्ति गुप्त नाम गरेको आगम पनि स्थापना गरी प्रतिष्ठा गरे ।

एक वर्ष खेती गर्ने जग्गा वृषवर्गकर्म गरेर चोक बनाई राजस्थान बनाए । भण्डारका निमित्त ठूलो कोतगृह बनाए । निर्मल जल भएको पोखरी पनि बनाए । सुखपूर्वक महैश्वर्य ल्याउनालाई पाठपूजाहरूसमेत विधिपूर्वक पुर्‍याई देवताहरूले वास गर्नालाई त्यो चोक आशयजग्गा भयो भनी राखे ।

यिनले महालक्ष्मीको व्रत लिई सेवा गर्दा महालक्ष्मीले प्रसन्न भई वरदान दिइन्–"राजन्, ने मुनिले तपस्या गरेको वाग्मती र विष्णुमतीको संगम कान्तेश्वर विराजमान भएको पवित्र स्थानमा इन्द्रादि देवताहरूले गुप्तरूपधारणद्वारा आई नित्य लोकेश्वरको दर्शन र अनेक पुराणसमेत सुनी जान्थे । यसकारण त्यो स्थल अतिपवित्र छ । त्यस ठाउँमा देवीका खड्गको आकार भएको कान्तिपुर नामक शहर बनाऊ । त्यस शहरमा नित्य लाखौं रुपियांको कारोबार र चल्ती हुनेछ । त्यस्तो चल्ती भएसंम म पनि त्यसै शहरमा नित्य वास गर्नेछु ।" यस्तो सपनामा आज्ञा पाए । यस आज्ञाबाट खुशी भई राजाले देवीको आज्ञानुसार जग्गा ठहराई अठार हजार घर भएको शहर तयार गरे । शहरको रक्षा गर्नालाई करवीर श्मशान आदि गरेका पीठहरू यथाक्रमले बनाई बसाए । पूर्वतिरबाट बनेपाकी चण्डेश्वरीलाई ल्याई शहरका मध्यभागमा स्थापना गरे । नीलपीठकी भद्रकाली ल्याई लुमडी नाम गरी स्थापना गरे । शहरको पश्चिमभाग विष्णुमतीका तीरमा रक्तकाली र कंकेश्वरीलाई जगाई स्थापना गरे । नवदुर्गा, गणेश, क्षेत्रपाल, र पंचलिंग भैरवहरूलाई पनि मन्त्रका बलले जगाई स्थापना गरे । शहरका उत्तरपट्टि इन्द्राणीपुरमा, लुटीपीठ, आगमचोकपीठ र मनमयजुपीठलाई बेग्लाबेग्लै स्थापना गरे । मखनटोलकी ब्राह्मणपुत्री उड्दै गएर आकाशवाणीबाट आज्ञा गरी तारायोगिनीमा मिल्न गएकी विश्वेश्वरी (विजयेश्वरी) लाई जगाई स्थापना गरे । लोकेश्वरको रथयात्रा बनाई प्रतिवर्ष यात्रा गर्ने गरे । शहरको बाहिरपट्टि उत्तरभागमा ठबहील भन्ने ग्राम बसाए । यस्ता रीतले कान्तिपुर नामक शहरका ठाउँठाउँमा सातसय देवताहरू बसी शहरवासी प्रजाहरूको रक्षा गरिरहेका छन् ।

यसरी प्रजाहरूले सुखपूर्वक वास गरिरहेको त्यस कान्तिपुर शहरमा व्यापार गर्न भनी पाँचसय व्यापारी बनिया आएका थिए । कुनै राक्षसीका फेला पर्दा त्यस राक्षसीले चारसय उनान्सय बनियालाई खाइदिई । बाँकी रहेका एक बनियां मात्र नेपाल उत्रे । उनी पछि कंशचन्द्र नामक गरुड भए । यी राजाउपर ईश्वरीको अनुग्रह भएको हुनाले यिनले चारै दिशामा लड्दै राजाहरूलाई जिती धेरै धन दौलत ल्याएर श्री पशुपतिनाथलाई सुवर्णको युग्म जलधारा बनाई सुवर्ण मिश्रित जलले एक पक्षसंम अभिषेक गर्दै अखण्डपूजाकर्म चलाए । श्री पशुपतिनाथ र वासुकिको अघिको छाना बिग्रेको हुनाले तामाको पातामा सुवर्णले मिश्रित भएको छाना बनाई चढाए । यति कार्य गर्दा पनि देशविदेशबाट ल्याएको धन धेरै बांकी रहँदा इन्द्राचलपर्वतभित्र कोठा बनाई त्यहाँ बाउन्न करोड धन राखेर वासुकिलाई भण्डारी गरी जिम्मा दिए । फेरि यिनैले अशोकवृक्षका मनि अशोकविनायक स्थापना गरे । त्यसैका समीपमा मरुहिटी धारा बनाई प्रतिष्ठा गरे ।

एक दिन "राजन्, तिमीले यस नेपालमा कंकेश्वरीदेवीका समीपमा प्रजाहरू जंमा गरेर दुइतर्फी भई पन्ध्र दिनसंम रोजरोज परस्पर ढुंगाले हान्ने खेल खेलाउनाले तिम्रा प्रजाहरूमा परचक्रको भय रहन्न । यसबाट म पनि खुशी हुनेछु ।" यस्तो स्कन्दबाट स्वप्नामा आज्ञा भएको हुनाले त्यो आज्ञा स्वीकार गरी सिठी (कुमारषष्ठी का दिनदेखि पन्ध्र दिनसंम यी राजाले बालकहरू जम्मा गरी कंकेश्वरीका स्थानमा प्रतिवर्ष प्रहारकर्मको खेल खेलाए । यिनले लाखेनाच पनि नचाए । हिलेयात्रा, कृष्णयात्रा, इन्द्रयात्रा, कुमारीयात्रा आदि यात्राहरु पनि पाटनका लोकेश्वरको यात्रा जस्तै गरी प्रतिवर्ष गर्ने गरे ।

यिनले आदिनाथ मत्स्येन्द्रनाथका गुरु हुन् भनी चित्रकारकर्म गरेर कलिगताब्द ३८३४मा आदिनाथको रथयात्रा चलाए । कलिगताब्द ३८३७ मा यिनले कोटिहोम यज्ञ गरे ।

गुणकामदेवका शेषपछि कान्तिपुर शहरमा यिनका

छोरा भोजदेवले वर्ष ... राज्य गरे। यिनले राज्य गर्दा आफ्ना पिताले स्थापना गरी मानेका शहरका रक्षाकारी देवी, भैरव आदि देवताहरू मानी बखतबखतमा ती देवताहरूको वर्षबन्धन र यात्राहरूसमेत गरे। यिनले राम्रा तरहले प्रजाहरूको पालना गरी राज्य गरे।

यसपछि यिनका पुत्र लक्ष्मीकामदेवले वर्ष २० भोग गरे। यिनले राज्यशासन गर्दा आफ्ना बाजेले माने जस्तै विशेषरूपले कुमारीको भावना गरी पूजामान्यता गर्दथे। त्यसकै प्रभावले चारैतिरका सीमावर्ती राजाहरूसंग लडाईंमा जिती धेरै द्रव्य ल्याएर अनेक धर्मकीर्तिमा खर्च गरी आनन्दपूर्वक निष्कण्टक राज्य गरे। यी राजाले ललितपट्टनको आधा राज्य त्यहाँका राजासंग जवरदस्ती लिएर त्यसमा आफ्ना छोरा विजयकामदेवलाई राजा गराई राखे। अनि पाटन शहरमा पनि कुमारी स्थापना गर्नुपर्छ भनी पाटनका दरवारमा गएर त्यस दरवारैनिर अघि लक्ष्मीवर्माले संस्कार गरी पं विहारमा बस्ने वनजुका पुत्रीलाई कौमारीदेवीको भावना गरेर कौमारी स्थापना गरी प्रतिदिन पूजा गर्ने रीत चलाए।

यिनका शेषपछि यिनका छोरा जयकामदेवले कान्तिपुरको समेत राज्य गरे। यिनले वर्ष २२ दुबै शहरको भोग गरे। यिनले देवपत्तन शहरको पनि राज्य गरे। यिनले बाजेका पालाको धर्मकीर्तिको रक्षाका निमित्त र अनेक नाग चोर आदि दुष्टहरूको भय निवारणका निमित्तसमेत वासुकि नागलाई शास्त्रोक्त रीतले उपासना गरी शास्त्रको मर्यादाअनुसार बाजाको शब्दबाट "तत्वमसि" भन्ने बोली बोलाउन लगाएर ती बाजाहरू पनि देवताहरूलाई अर्पण गरे। त्यसपछि यी पुरीहरूमा चोर आदिको भय निवृत्ति भयो। त्यस किसिमको पूजा चल्नाले त्यहाँका प्रजाहरूले निःशंकसंग बसी आफ्ना कर्मअनुसारको वृत्ति चलाउन लागे। त्यसकारण यिनका पालामा प्रतिदिन बिहान र बेलुका देवदेवताको पूजा गर्ने अवस्थामा बजाएका बाजाहरूबाट "त्वमेव प्रत्यक्षीसि" भन्ने आवाज प्रतिदिन हुन लाग्यो। दुनियांका दिलको प्रवृत्ति पनि हरबखत देवदेवताहरूमा लाग्नाले प्रतिदिन भक्तिभावना बढ्दै गयो। राजाले यसरी धर्ममार्गमा प्रवृत्त भई दुनियाँहरूको प्रतिपालना गर्दथे। तैपनि प्रारब्धका वशले आखिर अवस्थासंम पनि पुत्रजन्म नभएको हुनाले नवकोट पर्वतनिवासी भास्कर नाम गरेका वैश्यठकुरीलाई धर्मपुत्र गरी नेपालको राजा बनाएर आफू परमधाम भए।

भास्करदेवले वर्ष ३ भोग गरे। अघि पिगंलविहारमा ठूलो उपद्रव हुँदा त्यहाँ रहेका बाँडाहरू यताउता लागिरहेका थिए। सो पिगंलविहार भत्की पाताल हुँदा त्यहाँ स्थापित देवताहरू पनि ईंटमाटाले पुरिई अदृश्य भइरहेका थिए। यिनका पालामा खेतमा जाने किसानहरूले ती देवताहरू देख्दा घरमा आई आफूमा कुरा गरे। देवपत्तन चाबहीलनिवासी भिक्षुक बाँडाहरूले त्यो खबर सुनी त्यस पिगंलविहारवाला भिक्षुहरूका सन्तान डाखाचोकमा बस्ने मामा पर्ने हुनाले उनीहरूकहाँ गई त्योकुरा बताए। ती बाँडाहरूले त्यस ठाउँमा गई हेर्दा माटाले पुरिइरहेका देवताहरूलाई देखे। अनि ती देवताहरूलाई विधिपूर्वक पूजा गरी आफू बसेको ठाउँ ललितपत्तनमा लिई आउँदा मंगलभट्टदेखि एक धनुप्रमाण टाढासंम ल्याइसकेपछि लगनखेल भन्ने ठाउँमा महालक्ष्मीदेवीले चीलको रूप धारण गरी उड्दाउड्दै एकदम पूजाहारीका हातमा रहेको बाजु च्याती लगिन्। ती पूजाहारीले पनि उत्तिखेरि मन्त्रप्रयोग गरी त्यस चीललाई भूईंमा खसाले। ती महालक्ष्मीदेवी पनि त्यहीं बाटामा सिद्ध भई बसिन्। पूजाहारीले देवीलाई आफू बसेका डाखाचोक भन्ने जग्गामा विराजमान गराई पूजामान्यता गरी राखे।

त्यसपछि ती देवीले मलाई यस ठाउँमा बस्ने मन छैन भनी आज्ञा गरिन्। यो खबर राजाले सुनी उनलाई बस्नाका निमित्त न्हु विहार नामक नयाँ विहार बनाइदिंदा पनि त्यहाँ बस्न मन गरिनन् र आफैं राजाले कस्ता जग्गामा बस्नुहुन्छ भनी सोधे। 'मलाई तिमीहरूले स्थिरतासंग राख्ने मन छ भने मूसाले बिरालालाई लखारेको जुन ठाउँमा देखौला उसै जग्गामा मलाई स्थापना गर।' देवीले यस्ती आज्ञा गरिन्।

एक दिन सुवर्णका मूसाले बिरालालाई लखारेको राजाले देखे र त्यही जग्गामा हेमवर्ण नामक एक विहार बनाए। त्यहाँ अघि पिगंलविहारमा जुन जुन देवता स्थापित थिए ती सबै देवताहरू ल्याई आगमसमेत बनाएर प्रतिष्ठा गरी स्थापना गरे। त्यहाँ प्रतिदिन पूजा गर्ने अनेक गूठीसमेत राखे। त्यस मार्गको छ्वाखाटोल र हटखाटोलमा बस्ने बाँडाहरूलाई ती देवताकै समीपमा बसाए।

यिनका पुत्र बलदेवले वर्ष १२ राज्य गरे। यिनले राज्य गर्दा यिनका मुलुकमा बखतबखतमा सुवृष्टि भई सुभिक्ष भयो। कहिल्यै पनि दुर्भिक्ष भई दुनियांहरूले दु:ख पाएनन्। यिनैले हरिहरपुर बनाई बस्ती बसाले।

यिनका पुत्र प्रद्युम्नदेवले वर्ष ५ राज्य गरे।

यिनका पुत्र नागार्जुनदेवले वर्ष ३ राज्य गरे।

यिनका पुत्र शंकरदेवले वर्ष ११ राज्य गरे। यिनको राज्यकालमा अघि गौडदेशबाट काफिला नामक नगरमा बसेर त्यहाँबाट नेपाल आएका ब्राह्मण आचार्यहरूले उत्तैबाट ल्याएका अग्निकुण्डमा यज्ञकर्म गरी झुल भन्ने ठाउँमा बसोबास गरेका थिए। त्यस यज्ञकुण्डमा यज्ञ गर्ने आचार्य प्रथम विवाहिता स्त्री र पुरुष शिवशक्तिस्वरूप भएका चाहन्थे। शिवशक्ति संयुक्त नभएका आचार्यले त्यस यज्ञकुण्डमा हुवनक्रिया गर्न हुँदैनथ्यो। यस्तो मर्यादा छँदाछँदै पनि यिनैका सन्तानमा कुनै ब्राह्मणले आफ्नी विवाहिता ब्राह्मणी नहुँदा यशोधरा नामकी विधवा ब्राह्मणीलाई पत्नी तुल्याई उनैका सम्बन्धले सपत्नीक भएर त्यस यज्ञकुण्डमा यज्ञकर्म चलाए। त्यसबाट उब्जेका अनाचारका प्रभावले त्यस यज्ञकुण्डबाट अग्नि बढी त्यो झुल गाउँ सबै जलाइदियो। यज्ञकर्म गर्ने ती आचार्य पनि त्यहीं अग्निकाण्डमा परी जले। अनि यी राजा शंकरदेवले त्यस गाउँमा शंकरेश्वर स्थापना गरी देवालय पनि बनाए। त्यहीं भगवतीको मन्दिर बनाई उनको प्रतिष्ठा गरे। कलिगताब्द ३९०१ मा कान्तिपुर र ललितपुर दुबै शहरका आचार्यहरूका संमतिले ती यज्ञकुण्डका आचार्यहरू डाकी विधिपूर्वक अघिको दस्तुरसंग काम चलाउने गरी पाटनमा यज्ञकुण्ड र कान्तिपुरमा कुलदेवीलगायत नानादेवताहरूको स्थापना गरे। त्यसै बखतमा अबउप्रान्त राजा प्रजा कसैले पनि देवीहरूका मन्दिरको गजूरभन्दा उच्चा गरी घर नबनाउनू भन्ने नियम बांधे।

त्यसपछि झुलगाउँमा अग्निप्रवेश हुँदा लोकहरू यताउता लागेपछि त्यस हतपतका समयमा ती यशोधरा नामकी विधवा ब्राह्मणीले बौद्धचैत्य १, विक्रम संवत् १४५ मा लेखेको प्रज्ञापारमिताको सुवर्णाक्षरी पुस्तक १, आगमदेवता यशोधर नामको आफ्नो काखको बालक १ समेत काखी च्यापी पाटन गाबाहाल टोलमा आइपुगिन्। त्यहाँ अघि विद्याधर वर्माले आफू वन्द्य (मान्य) हुनालाई बनाई प्रतिष्ठा गरिराखेको हाल जीर्ण भएको विहारलाई सजी जीर्णोद्धार गरिन्। त्यसभित्र झुलगाउँबाट ल्याएको सानो चैत्य राखी चैत्यविम्बको संस्कार गरेर त्यहीं आफ्नो पुत्र यशोधरलाई चूडाकर्म गरी वन्द्य गराइन्। त्यो काम गर्दा अग्निहोत्रमा बस्ने आफ्ना देवरहरूले हेर्न आए भने लाज होला भन्ने भयले चूडाकर्मको यज्ञादि सबै कर्म आगमदेवताका ठाउँमा गरिन्। अघि त्यस विहारको नाउँ विद्याधरवर्मसंस्कारित महाविहार भन्ने थियो, यसपछि त्यसको नाउँ यशोधर महाविहार भनी प्रख्यात भयो।

अघि विशालनगर छँदै त्यसका मध्यभागमा श्री शंकराचार्य स्वामीले बौद्धमतको खण्डनद्वारा शिवमार्ग प्रचार गरी दिग्विजय गरेथे। त्यस वेला मारिएका बांडाका सन्तानहरू सहस्र मिली सातसय ब्राह्मणहरूलाई मारे। सातसय ब्राह्मणी आ–आफ्ना पतिका साथ सती गए। उनीहरूले सती जाँदा बांडाहरूलाई आफ्ना सतीत्वका सरापद्वारा उनिखेरै भस्म गराए। यति हुँदा पनि शान्ति नहुँदा सतीहरू लागी त्यस बाटाबाट कसैलाई पनि हिंडडुल गर्न दिएनन्। यी राजाले त्यो उपद्रव शान्त होओस् भन्नाका निमित्त ठूल्ठूला पण्डितहरूबाट निर्णय गराई शास्त्रोक्त रीतले नन्दी नामक ब्राह्मणका हातबाट कलिगताब्द ३९०२ मा आह्वान गरी शिवलिंग स्थापना गराए। ती शिवलिंगलाई ब्रह्मपिशाचशान्तिका निम्ति स्थापना गरेका हुनाले शान्तेश्वर र नन्दीले आह्वान गरी स्थापना गरेका हुनाले नन्दिकेश्वर पनि भन्दछन्। ती नन्दी ब्राह्मण पनि विशालनगरमा सिद्ध भई मोपत्तादेव नाउँले प्रसिद्ध भए। यिनलाई कोही भाटभटेनी पनि भन्दछन्।

यी राजाले नवसागर (नंसाल) भगवतीको प्रेतचतुर्दशीका दिन विधिपूर्वक कर्म गरी रथयात्रा गराए। यिनै भगवतीको अघिको मूर्ति अतिउग्र हुनाले भूतगणहरूका डरले त्यो बाटो कसैले पनि हिंडडुल गर्न नहुने हुँदा जमीन खनी खाडल बनाएर त्यस खाडलमा देवीलाई राखी माथिबाट ढुंगाले छोपिदिए। यो मूर्ति विश्वकर्माले बनाएको हो। पछि फेरि अर्को मूर्ति बनाई पूजा गर्ने गरे। यसपछि त्यस ठाउँमा हिंडडुल गर्न हुने भयो। यसरी सातसय ब्राह्मण मरेपछि बांकी रहेका सबै ब्राह्मणहरू देवपत्तन शहरमा गई

फुंकेश्वरका सन्निधानमा नौ चोक भएको ठूलो घर बनाई एकै ठाउँमा बसे ।

यसपछि अंशुवर्माका सन्तान वामदेव नामक शुद्ध क्षत्री-ले त्यस ठाउँका भारदारहरू हात लिई यी शंकरदेवलाई धपाई आफूले राज्य गरे । यी वामदेवले वर्ष ३ भोग गरे ।

यिनका शेषपछि यिनका छोरा हर्षदेवले वर्ष १५।२ भोग गरे ।

यी हर्षदेवलाई शंकरदेवका पुत्र सदाशिवदेवले जिती वर्ष २७ राज्यभोग गरे। यी राजा कामरूप भैरवका अवतार हुन् । यिनले कान्तिपुर र ललितपुर दुबै शहरका समीप प्रान्तीय पर्वतभाग नैर्ऋत्य दिशामा कलिगताब्द ३९४२ मा एक देश बनाए । अघि यस ठाउँमा रहेकी गाईले श्रीपशु-पतिनाथलाई नित्य आफ्नो दूध चढाउँदा त्यसैका अनुमानले त्यस जग्गामा के रहेछ भनी खन्दा श्रीपशुपतिनाथ ज्योति-र्लिंग प्रकट भएकाले यस जग्गाको कीर्ति ठूलो छ भनी जान्ने पण्डितहरूका संमतले कीर्तिपुर भन्ने नाउँ राखे ।

कुनै दिन त्यस ठाउँमा भेडाबाख्रा चराउने गोठालाहरू-ले खेलबहाड गर्दा एक व्याघ्रको मृत्तिकामूर्ति बनाए । जिभ्रो बनाउनालाई त्यहाँ उपयोगी वस्तु पाएनन् । अनि सबै गोठालाका सल्लाहले ती व्याघ्रमूर्तिलाई तिमी हाम्रा भेडा-बाख्रा हेरिदेऊ, हामी सबै वनमा गई तिम्रो जिभ्रो बनाउना-लाई रूखका पात खोजी ल्याउँछौं भनी पात लिन गोठालाहरू वनतिर गए । यसै बीच त्यस मूर्तिमा भैरवले प्रवेश गर्दा बाघभैरव प्रादुर्भाव भए र ती भेडाबाख्राका बथान सबै पक्री खाइदिए । पछि गोठाला केटाकेटीहरूले रूखका पात लिई आउँदा आफ्ना भेडाबाख्रा देखेनन् र त्यसै व्याघ्रसित सोधीखोजी गरे । हांसी हांसी व्याघ्रमूर्तिले मुख बाई देखा-उँदा भेडाबाख्राका रगतले मुख सबै रंगिइसकेको देखे । अनि बालकहरू खूब रिसाई हाम्रा भेडाबाख्रा तिमीले खायौ भने अब तिम्रो मुख सदा बाइइरहोस्, जिभ्रो राख्दैनौं भनी सराप दिई आ–आफ्ना घरतिर फर्के । त्यस दिनदेखि तिनको बाघभैरव भन्ने नाम रह्यो । ती बालकहरू पनि सिद्ध भए । अद्यापि ती बाघभैरव मुख बाएका र जिभ्रो नभएका छँदैछन् ।

आफ्ना बाबुका पालामा शत्रुले हात पारी राज गरेको राज्यसमेत यिनले शत्रुलाई जितेर आफ्नो गरी बनाएको कीर्तिपुर शहरमा प्रजाहरूको राम्रो बस्ती बसाए । यिनले पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाका राजाहरू जिती उनीहरूले नजराना दिएको र आफैंले ग्रहण गरी ल्याएको समेत धेरै धन खर्च गरेर श्रीपशुपतिनाथको जीर्ण देवालय सबै नयाँ सामग्रीले कलिगताब्द ३९५१ मा सुनको छाना र तीन तला गरी देवालय तयार गरे। यिनले लोहताम्रले मिश्रित धातुको सिंह छाप भएको सुकी बनाई नगदीको चलन चलाए । त्यसकारण यी राजालाई सिंहदेव पनि भन्दछन् । यिनले आफ्ना राज्यभित्रका ठाउँठाउँमा कूप-धाराहरू बनाई ती ठाउँमा असल पत्थरहरूले हिटी चत्वर-हरूसमेत बनाए । जग्गाजग्गामा राम्रा बाटाहरू बनाई ती बाटामा असल जातका पुष्पलता र वृक्षहरूसमेत रोपी खूब शोभायमान गराए । आफ्ना राजधानीका समीपमा रहेका नदीहरूका दुबै तीरमा असल पत्थरहरूले खूब दृढ गरी सिंढी बनाए । यताउता चल्ने नदीको मार्गरोधनसाथ बन्धन गरी तीरप्रदेशमा स्नानादि क्रिया गर्ने घाटहरूसमेत बहुत राम्रो गरी बनाए ।

यिनका आफ्ना पट्टरानीमा आफ्नो राज्यप्राप्ति नहुँदै बाबुका राज्यकालमा हर्ष संवत् १९९ विक्रम संवत् ८६२ वैशाख पूर्णिमा बृहस्पति वार ध्रुव योग विशाखा नक्षत्र मध्याह्न बेलामा राजकुमार महेन्द्रदेवको जन्म भएको थियो । यिनका शेषपछि महेन्द्रदेवले वर्ष १२ राज्य गरे । यिनले बाबुले जिती बांकी रहेका मुलुकहरू जिती त्यहाँबाट ल्याएका धनले गरीब र ब्राह्मणहरूलाई दान गर्नाका साथै ठूल्ठूला दानहरू पनि गरे । यिनले शिवका माउँकी चिह्न भएको सुवर्णको मोहर बनाई व्यवहार गरे । सुनको खम्बा र सिंहको आकार भएको ढोका बनाई शिखरदेवका मन्दिर-को वरिपरि राम्रा तरहले सजाएर सिरानीहरूसमेत बनाई जीर्णोद्धार गरे । शिखरदेवका पूर्वपट्टि धर्मार्थ ठूलो पोखरी खनी असल पत्थरहरूले सिंढी बनाएर त्यसको महेन्द्रसरोवर भन्ने नाम राखे । हर्ष संवत् २४९ विक्रम संवत्९१२ वैशाख पूर्णिमामा आफ्नै जन्मोत्सवका दिन राम्रा तरहले प्रतिष्ठा-समेतगरे । ब्राह्मणहरूलाई महादानहरू दिई भोजन गराए । आफ्ना ढोकामा आएका याचकहरूलाई प्रतिदिन मनोरथ पुऱ्याई पठाउँथे । धर्मको चर्चा गर्दै र पण्डित समाजमा

बुद्धिको चर्चा गर्दैमा यिनको काल व्यतीत हुन्थ्यो ।

यिनका शेषपछि यिनका पुत्र मानदेवले वर्ष ४ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र नृसिंहदेवले वर्ष ६।२ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र आनन्ददेवले विक्रम संवत् ९३० माघ कृष्ण प्रतिपदा सोम वारका दिन भक्तपुर शहरको समेत राज्य पाई वर्ष २० संम राज्य गरे । यिनले राज्य गर्दा भक्तपुर शहरमा तामाका छाना बनाई देवालय तयार गरेर त्यहाँ दुइ देवताको स्थापना गरी प्रतिष्ठासमेत गरे । राजधानीवरिपरि ताम्रमय शृङ्खलाको खूब बलियो बार बनाई कोही पनि भित्र जान नसक्ने किसिमसंग मार्गरोधन गरेर बढिया तरहले ढाकी त्यस राजधानीको पनि प्रतिष्ठा गरे । राजमन्दिरका समीपमा अतिसुन्दर सुवर्णप्रणाली (सुनको धारा) पनि बनाई प्रतिष्ठा गरे । नेपालमण्डलनिवासी महापात्र, भलामानिसलगायत गरीब, अनाथ, छोटा, बडा समस्त प्रजाहरूका पुत्रपौत्रादि व्यवहारको सरलताका निमित्त आफ्ना हकका घर, बारी, खेत, गहना आदि चलअचल वस्तुको खरीदबिक्री गर्ने रीत चलाइदिए । चलअचल धन नभई पुत्रपौत्रादिको विवाह आदि कार्य नचल्ने हुनाले अब आफ्नो घरखेत बेचबन्धक गरी संपूर्ण कार्य चलाउन पाउने भए । आफ्ना प्रजाको मनको सन्तापाग्निलाई यस कार्यबाट समन गराई आनन्द दिएर राम्रा तरहले प्रजाहरूको पालना गरे । गाउँगाउँमा लूटपीट आदि उपद्रव गरी दुनियांलाई दु:ख दिने शत्रुवर्गलाई पक्रे र विनाश गरी अब फेरि दुनियांलाई यस्तो दु:ख नहोस् भन्नाका निमित्त ठूला महात्मा ब्राह्मणहरूबाट शास्त्रोक्तरीतले शान्तिकर्म गराई यस नेपालमण्डललाई कुनै उपद्रवले पनि पिर्न नसक्ने गरी निर्मल गराए ।

उता ललितपत्तन शहरतर्फ मानदेवका पुत्र राघवदेव राजा भई राज्य गरे । यिनले पनि आफ्ना राज्यमा नीति र शास्त्रानुसार प्रजाहरूको पालना गर्दथे । यिनैका पालामा भक्तपुरमा आनन्ददेवले राज्य गरेका बखत भक्तपुरनिवासी कुनै ज्योतिषीले शास्त्रको विचार गरे । त्यसबाट बालुवाको सुवर्ण हुने मुहूर्त र सुवर्ण हुने बालुवा भएको जग्गासमेत यही हो भन्ने निर्णय गरे । अनि राजाका हजुरमा गई, "महाराज, आजका दिनमा कान्तिपुर लघुतीर्थको बालुवा सुवर्ण हुने योग परेको छ" भनी सबै विस्तार विन्ति गरे । राजाले पनि ज्योतिषीको संमत लिई त्यो बालुवा ल्याउनालाई आफ्ना मानिस बोलाएर "तिमीहरूले अहिले गई विष्णुमती र भद्रमतीको संगम लघुतीर्थको बालुवा उठाई बोकेर सरासर यहाँ ल्याऊ" भनी अह्राए । तर यस साइतमा उठाई ल्याउनू भन्ने कुरा केही खोलेनन् । राजाका मानिसहरू पनि सोबमोजिम लघुतीर्थबाट बालुवा उठाई खर्पनमा हालेर बोकी भक्तपुरतिर लागे ।

कान्तिपुर शहरमा शंख नामक साख्वा भन्ने एक ज्यापू थिए । उनले ती भरियाबाट बालुवा लिन आएको कुरा सुनेपछि यसमा अवश्य केही कारण छ, नत्र यहाँदेखि भक्तपुरसंम बालुवा बोकी लानुपर्दैनथ्यो । कुनै उपायले आफ्ना घरमा पुऱ्याउनुपऱ्यो भन्ने विचार गरी उनले बालुवा बोक्ने मानिसहरूसंग नम्रतापूर्वक कुरा गर्दै आफ्ना घरमा पुऱ्याए । मीठा कुरा गर्दै संमानपूर्वक उनीहरूलाई खानेकुरा खुवाइसकेपछि "मलाई पनि बालुवा चाहिएको थियो, बोकी ल्याउने मानिस पाइएको छैन, तिमीहरूले दया राखी त्यो बालुवा मेरा घरमा खन्याई लघुतीर्थबाट फेरि बालुवा उठाएर लगे ठूलो गुन मान्ने थिएँ । साथै ज्याला पनि चाहिए जति दिने थिएँ ।" भनी प्रशस्त ज्याला दिंदा भरियाहरूले त्यो ज्याला लिएर खुशी हुँदै अरू कुरा केही विचार नगरी त्यो बालुवा शंख नामक ज्यापूका घरमा खन्याइदिए । तर यो कुरा अरू कसैले थाहा पाएनन् । भरियाहरूले दोस्रो पटक उठाई लगेको बालुवा भक्तपुरमा पुऱ्याउँदा सुवर्णसिद्धिको योग टरिसकेको हुनाले सुन भएन, बालुवानै रह्यो । यता शंखका घरमा खन्याएको बालुवा सुवर्णसिद्धि हुने साइतमा उठाएको हुनाले असल सुन भयो । भक्तपुर पुगेको बालुवा राजाले हेर्दा बालुवाको बालुवै देखे । अनि दिग्दार भई ज्योतिषीका घरमा गएर तिम्रो ज्योतिष पनि झुट्टा रहेछ भनी ज्योतिषीसंग रिसाउँदै दरबार फर्के । शास्त्रमा कहेको कुरा त सांचो हुनुपर्छ, यसमा के कारण पऱ्यो भनी फेरि बालुवा थुप्र्याएको ठाउँमा गई राजाले हेर्दा बालुवा ल्याएका खर्पनका कुनाकुनामा टांसिएको बालुवा जति सबै सुन भई टल्किरहेको देखे । राजा हतपत गर्दै

ज्योतिषीका घरतिर लागे । उता यस शास्त्रले मलाई धोका दियो भनी सुवर्णसिद्धि आदि विषयका सबै पुस्तकहरू जम्मा गरी ज्योतिषी जलाउँदै थिए । राजाले के जलायौ भनी सोध्दा ज्योतिषीले मलाई झुट्टा गराउने शास्त्र जति जलाएँ भनी विन्ति गरे । अनि राजाले राम, राम भनी आगामा जल्न लागेका सबै पुस्तकहरू आफैंले झिकी गाईका दूधमा राख्दै ज्योतिषीलाई संझाए । ज्योतिषीजी,शास्त्र झूटो होइन, हामीले काम गर्दा बुद्धि नपुऱ्याउनाले यस्तो भएको हो भनी ज्योतिषीको हात पक्रेर बालुवा थुप्र्याएको ठाउँमा लगी खर्पनभित्र सुन टल्केको देखाए ।

त्यसपछि खर्पन घोप्टो पारी टकटक्याउँदा झरेका सुनका बालुवा बटुलेर हातमा राखी हेर्दा असल सुन ठहरियो । अनि भरियाहरूलाई बोलाई सबै भारदारका अगाडि राजाले भने 'भारवाहक, तिमीहरूले खर्पनमा राखी पहिले ल्याएको बालुवा कहाँ हाल्यौं, जस्ताको तस्तो भन, झुट्टा कुरा गऱ्यौ भने तिमीहरूको जीउधन हरण हुनेछ ।" यसरी कडासंग सोध्दा ती भरियाहरूले जस्ताको तस्तो विन्ति गरे "महाराज, सरकारबाट हुकुम भएबमोजिम लघुतीर्थबाट साइतमा बालुवा बोकी ल्याउँदा बाटामा कान्तिपुरनिवासी शंख नामक शूद्रले देखे । उनले हामीलाई प्रशस्त ज्यालाखाजा दिई बालुवा मेरा घरमा खन्याएर अर्को बालुवा लैजाऊ भन्दा सोबमोजिम शंखका छिंडीमा सबै बालुवा खन्याई फेरि अर्को बालुवा उठाएर ल्याएका हौं ।"तिनीहरूको कुरा सुन्दा ठूलो आश्चर्यमा परी त्यहाँ बसेका पण्डित, ज्योतिषी र भारदारहरूले विन्ति गरे "महाराज, यस संसारमा भाग्य जस्तो ठूलो केही छैन । कर्ता र कर्म भनेको पनि भाग्य नै हो ।

**भाग्यं फलति सर्वत्र न विद्या न च पौरुषम् ।**
**समुद्रमथने जाते हरिर्लक्ष्मीं हरो विषम् ।**

अघि देवता र दानवहरू मिली समुद्रमथन गर्दा समुद्रबाट धेरै पदार्थ निस्के । तिनमा सबैले आफापनो भाग आफाफूले स्वीकार गरे । अनि लक्ष्मी प्रकट भइन्, उनलाई विष्णुले सकारे । त्यसपछि कालकूट विष प्रकट भई त्रिभुवनलाई नै बाधा गऱ्यो र महादेवले खाइदिंदा उनलाई पनि कष्ट दियो । छाडिदिंदा संसार भस्म हुने हुनाले महादेवले घांटीमा अड्याए । तैपनि बाधा पर्दा वज्रयोगिनीका आग्नेयकोणवर्ती महादेवपोखरी भन्ने जंगलमा केही दिन बिताए । त्यस्तो ठण्डा जलमा रहँदा पनि विषले पोल्न छाडेन र त्यहाँबाट उत्तरतिर गई त्रिशूलले पातालको जल झिकेर गोसाईंस्थानमा बसेथे ।

महाराज, कर्म भनेको यस्तै छ– असल असल पदार्थ आउँदा विष्णु आदि देवताहरूले लिए, तर कालकूट विष आउँदा महादेवले सकार गर्नुपऱ्यो । यस्तै यहाँ पनि ज्योतिषीले शास्त्रअनुसार ठहराएको सुवर्ण हुने साइत पारी हजुरले कार्य गर्नुभयो । भाग्यमा नहुँदा हजुरलाई वृथा परिश्रम मात्र भयो । उता भाग्यमा भएकोले शंख शूद्रले विनामिहिनेतले घर बसी बसी सुवर्ण पाए । यसमा हजुरले सन्तोष लिनुपर्छ । यसरी भारदारहरूले संझाए । राजाले पनि भाग्य जस्तो ठूलो वस्तु केही रहेनछ भनी सन्तोष गरे ।

उता कान्तिपुरमा शंखले त्यस घटनाका चार दिनपछि बालुवा थुप्र्याएको ठाउँमा गई हेर्दा बालुवा सबै अग्नि जस्तो धपधप गरी बल्ने अतिसुन्दर सुवर्ण भएको देखी मनमा बहुतै खुशी भए । केही दिनपछि शंख बहुतै ज्ञानी धर्मात्मा हुनाले मनमा विचार गरे– भक्तपुरनिवासीहरूले शास्त्रानुसार ठहराएका सुवर्णसिद्धिको साइतमा लिन पठाएको धन मेरा भाग्यले गर्दा भरियाहरूलाई ललाई फकाई युक्तिपूर्वक घरमा हुलेर आफ्नो गराएँ । अब त्यो धन त्यसै राखिछाड्नु मनासिब पर्दैन । जुनसुकै साधारण मानिसले गर्न नसक्ने धर्मकार्यमा लगाउँछु । जुन कार्यमा त्यो धन खर्च गर्नाले यस लोकमा ठूलो यश र परलोकमा ठूलो पुण्य प्राप्त होओस् । यस्तो मनमा विचार गरी त्यस ठाउँमा भएका पण्डित ज्योतिषीहरूका संमतले नेपालनिवासी सबै दुनियाँहरूको ऋण तिरी अऋणी गराएर संवत् फिराउनाको निश्चय गरी राजाबाट पनि स्वीकृति लिए । अनि नेपालनिवासी सबै छोटाबडा प्रजाहरूको ऋण सबै तिरेर कत्ति बांकी नराखी कलिगताब्द ३९८१ र शालिवाहनीय शाके ८०२ लाई नेपाली संवत् १ कायम गरे । यसरी संवत् फिराई राजाद्वारा त्यही संवत्को व्यवहारमा चलन चलाएर ठूलो यश प्रख्यात गरे । ती शंखले श्री पशुपतिनाथका दक्षिणढोकाका सन्मुखमा आफ्नो शिलामूर्ति बनाई स्थापना गरे । श्री पशुपतिनाथको रोज भक्तिभावना बढाई सेवा

गरेका हुनाले आखिर अवस्थामा पनि श्री पशुपतिनाथका समीप वाग्मती नदीका किनारामा देहत्याग गरे ।

कान्तिपुरका राजा आनन्ददेवले देवपत्तन शहरका सुमन्द नामक बुद्धाचार्यलाई अह्राई भुवनेश्वरीदेवीको मन्दिरमा अघि नभएको वाह्य र आभ्यन्तर आगमनिगम तीनपत्र कोठा गरी बनाए । त्यहाँ अधिकार भएकाले मात्र जानू, अधिकार नभएकाले नजानू भन्ने नियम गरे । यसरी उनले वर्ष २० संम राज्य गरी परमधाम भए ।

शंख वा साखवाले संवत् फिराउँदा प्रजाहरूको ऋण तिरी फट्टा गरेका कागजको तौल गर्दा तौलमा चढेको ढुंगो भक्तपुर जाने बाटो वाग्मती नदीपारि हुलाकी बस्ने सत्तलदेखि ३०×३२ हातजति पूर्वतिरको जमीनमा रहेको अद्यापि छँदैछ ।

यिनका शेषपछि यिनका छोरा रुद्रदेवले कान्तिपुरमा वर्ष ८।१ राज्य गरे । यिनले राज्य गर्दा आफू ठूला ज्ञानी हुनाले प्रजाहरूलाई सुविस्ता दिई प्रतिपालना गरेका थिए । यिनले राजधानीमा पंचपुर भन्ने ठूलो राजमन्दिर बनाई दक्षिणतर्फको खण्ड सबै अङ्गपूर्वक तयार गरेर त्यहाँ रमणीय चोकसमेत बनाई त्यसका समीपमा एक राम्रो सुवर्णप्रणाली (सुनको धारा) पनि बनाए । अनि यी सबैको एकै पटक प्रतिष्ठाकर्म गराई ब्राह्मणभोजन गराए । उत्तरतर्फको खण्ड तयार नहुँदै यिनलाई तत्वज्ञान जान्ने इच्छा हुँदा आफ्ना छोरा मित्रदेवलाई राज्याभिषेक दिए । आफूले दीक्षा ग्रहण गरी आचार्यहरूबाट तत्वज्ञानको उपदेश पाउँदा सिद्ध भए ।

यिनका छोरा मित्रदेवले बाबुको राज्य सह्याली वर्ष २२ राज्य गरे । यिनले बाबुका पालामा तयार हुन बाँकी रहेको पंचपुर राजमन्दिरको उत्तरखण्ड र चोकहरूसमेत पूरा गरेर प्रतिष्ठा गरी पंचपुर राजमन्दिर परिपूर्ण गराए ।

यिनका छोरा अरिदेवले वर्ष २५।१० राज्य गरे । यिनले शासन गर्दा मल्लविद्या जान्ने मानिसहरू जम्मा गरी मल्लविद्याको रमिता हेर्दथे र आफू पनि मल्लविद्या सिक्दथे । यिनलाई मल्लविद्यामा ठूलो सोख थियो । यिनले मल्लविद्या सिकिरहेका बखतमा छोराको जन्म भएको हुनाले उनको नाउँ अभय मल्ल भन्ने राखे । त्यसपछि उनले मल्ल भन्ने पदवी चलाई सन्ततिहरूमा पनि प्रचार गराए ।

यी अभय मल्लले वर्ष ४२।६ राज्य गरे ।

यिनका शेषपछि यिनका छोरा जय मल्लले वर्ष ४२ राज्य गरे ।

यिनका भाइ अनन्त मल्लले यिनका शेषपछि ३५।११ राज्य गरे । यिनका पालामा दक्षिण कर्णाटक देशमा जन्म भई सिमांगढमा राजा भएका नान्यदेवले धेरै फौज लिई आफ्ना इष्टदेवता ढिमाजुका साथमा नेपालमा प्रवेश गरे । भक्तपुरका राजालाई लडाईमा जिती तेह्रौतमा धपाए । अनि आफू राजा भई बसे । यी राजाका साथमा दक्षिण नायर देशका बासिन्दा नेवारजात, त्यसै ठाउँका ब्राह्मणबाट क्षत्रिणीमा जन्मेका ब्रह्मपुत्रक्षत्री जात (आचार), श्रेष्ठ, ज्यापू आदि गरेका धेरै जातका मानिस आएका हुनाले तिनीहरूलाई पनि यहीं वास गराए । मल्ल राजाहरू मिथिलादेशमा गई बसे । यी राजा नान्यदेवले राजधानी भक्तपुरमा बसी तीनै शहरको गरी वर्ष ५० राज्य गरे । उनले आफ्ना राज्यमा दक्षिण कर्णाटकतर्फ चलेको शालिवाहन शाके संवत्को व्यवहार नेपालदेशमा पनि प्रचार गराए ।

यिनका शेषपछि यिनका पुत्र गांगदेवले वर्ष ४१ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र नृसिंहदेवले वर्ष ३१ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र शक्तिदेवले वर्ष ३९ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र रामसिंहले वर्ष ४८ राज्य गरे ।

यिनले राज्य गर्दा यिनका जेठा छोरा हरिदेवले कान्तिपुरमा बसी त्यहाँको शासन गरेका थिए । यिनका समयमा

भास्कर मल्ल ठकुरीका छोरा केशचन्द्रले बाबु परलोक भएपछि केही दिन ठमेलमा दिदीका घरमा बसे। त्यहाँ जूवाको लतले जम्मै हारेपछि दिदीले भात पस्की खान दिएको थाल पनि थापी हारे। अनि दिदीले भूईंमा भात पस्की हेला गर्दा त्यसै विरहले गोसाइंस्थानमा गई नीलकण्ठको तपस्या गरे। नीलकण्ठले "यहाँबाट जाऊ र श्री पशुपतिनाथको दर्शन गरी श्री कीतिमुखभैरवको दर्शन गर, तिम्रो दुःख छुट्नेछ।" यस्तो वर दिदा फर्के। अनि श्री पशुपतिनाथको र कीतिमुखभैरवको दर्शन गरे। त्यहाँ चढाइराखेको ढुंडो परेको नैवेद्य लिई घर फर्के। अघि दिदीले दिदा नखाई राखेको भात पनि ढुंडी परी मर्चा भइरहेको रहेछ र सबै जम्मा गरेर अरू मर्चा पनि सापट गरी मर्चा बेच्न हिंडे। बाटामा ठूलो पानी परी मर्चा भिज्दा ढुङ्गामा सुकाई त्यसै ढुङ्गाका वडारमा सुते।

त्यसै वेला कीतिमुखभैरवका अनुग्रहले परेवाहरूले मर्चा खाएर सुन हगी जांदा केशचन्द्रले उठी सुन देख्दा खुशी भएर बटुल्न लागे। अकस्मात् त्यस ठाउँमा गुरुमापा नामक राक्षस आई केशचन्द्रलाई खान खोज्यो। अनि केशचन्द्रले आउनुहोस् मूलमामा भनी राक्षसलाई साहिनु लगाए। कहांको मूलमामा, कहाँको भानिज। तँलाई नखाई छोड्दिन भनी राक्षसले भन्यो। तपाई मेरी आमाको सहोदर भाइ हुनुहुन्छ, त्यसैले मूलमामा भनेको हुँ भनी राक्षसलाई बुझाए। राक्षसले बल्ल भानिज भनी सकार्‍यो। अनि दुबैले सुन बोकी केशचन्द्रका घरमा राखे। अब यस शहरमा मरे जति तिम्रो आहारा भयो भनी गुरुमापालाई आहारा ठेकी आफ्नै घरमा राखे।

त्यसपछि केशचन्द्रले राजा हरिदेवकी कन्या मागी विवाह गरे। तर गुरुमापाले दुनियाँका बालकहरू खाइदिदा दुनियाँहरूले साह्रै पुकारा गरे। केशचन्द्रले गुरुमापालाई बुझाई ३६० रोपनी खेत किनी बझ्याएर त्यसै ठाउँमा मात्र तिमीले बस्नू। एक भारी चामल र एक भिगुट मासु प्रतिवर्ष तिमीलाई बलि दिउँला भनी गुरुमापालाई आफ्ना घरबाट लगी त्यस खेतमा राखे। त्यस जग्गाको नाउँ टुंडिखेल भयो। त्यसै ठाउँमा पारावत महाविहार बनाएर बौद्धको मूर्ति स्थापना गरी त्यस राक्षसलाई बलि दिने गूठी पनि राखे। फागुन वदि १४ को रातमा टुंडिखेलमा एक भारी भात र एक भिगुट मासुको बलि दिई बुद्धको पूजासमेत गरी गूठी चलाउने व्यवस्था भयो।

केही दिनपछि राजा हरिदेवलाई पाटनका लश्करहरूले मात्र छोड्दा मन्त्रीका सल्लाहले उनले पाटनका लश्करसित लडाई गरे। पाटनका लश्करहरूले पनि लड्दै आई कान्तिपुरका लश्करलाई लघार्दै ल्याउँदा कान्तिपुरका मन्त्री सिपाहीहरू लड्न नसकी भाग्दै ठबहीलसम्म पुगे।

तिनै ताका यी राजाले एक मगरलाई खर्च दिइराखेका थिए। पछि मन्त्रीहरूले खेल गरी राजालाई चुक्ली लगाउँदा ती मगरले थाहा पाई रिसाएर आफ्ना घर पाल्पामा गए। उनले उहाँका राजा मुकुन्द सेनसंग नेपालमा सुनका छाना र सुनका धारा छन् भनी विन्ति गरे। राजा मुकुन्द सेन पनि नेपाल हेर्न जान्छु भनी सवालाख फौजका साथ मुलुकहरू जित्दै नेपाल उत्रे। उनले राजा हरिदेवलाई जितेर तिरहुततर्फ धपाई आफूले नेपालको राज्य गरे।

राजा मुकुन्द सेनले नेपालमा वर्ष ११ राज्य गरे। यिनसंग आएको खसमगर जातको फौज अतिनिर्दयी हुनाले दुनियाँलाई बेनीतिसंग दुःख दिन्थे। डरले गर्दा दुनियाँहरूले मूला उखेली खाल्डामा हाले, सिन्की बन्यो। धान नकुटी थुप्याए, हकुवा बन्यो। उनीहरूले ठाउँठाउँका देवताहरूलाई तोडे। मत्स्येन्द्रनाथको यात्रामा निकाल्ने भैरवको मूर्ति पनि उखेली आफ्नो देशमा पठाए। त्यो मूर्ति अद्यापि पाल्पामा छँदैछ। मुकुन्द सेनले नेपालको राजपाठको केही बन्दोबस्त गरेनन्। यिनका साथमा दया धर्म केही नभएका खसमगर जात मात्र हुनाले उनीहरूले दुनियाँलाई बेहकमा दुःख मात्र दिन्थे। यसरी देवस्थलको नाशसमेत गर्दा श्री पशुपतिनाथले रिसाई दक्षिण अघोरमूर्तिदेखि विकट दन्त निकाले। अनि उनका फौजमा महामारी रोग प्रवेश गराई खसमगरको फौज नाश गरे। त्यसपछि राजा मुकुन्द सेन सन्यासीको रूपमा पूर्वदिशातर्फ तीर्थयात्रा गर्दै उडीसादेशमा पुगी जगन्नाथको दर्शन गरेर अरू तीर्थ गर्दै गण्डकी नदीका तीरमा देवघाट भन्ने ठाउँमा सिद्ध भए।

यिनले नेपालमा प्रवेश गर्दा मत्स्येन्द्रनाथले लगनखेलमा स्नान गर्ने दिन थियो। यो खबर सुनी यात्रा हेर्न सबै भागी

आफ्ना घरमा गई लुके । त्यहाँ कोही पनि रहेनन् । खालि मत्स्येन्द्रनाथका सुनका चंदुवामा झुंड्याइराखेका पाँच नागका मुखबाट पानीको धारा निस्की मत्स्येन्द्रनाथका शिरमा परेको देखिन्थ्यो । राजा मुकुन्द सेनले फौजलाई शहरमा घेरा दिन पठाई आफू दर्शन गर्न गए । मत्स्येन्द्र-नाथका शिरमा नागका मुखबाट निस्केका जलको अविच्छिन्न धारा परेको देखे । आश्चर्यपूर्वक यी प्रत्यक्ष देवता हुन् भन्ने ठानी आफ्ना घोडाका गलाको सिक्री टाढैबाट चढाए । मत्स्येन्द्रनाथले पनि शिर झुकाई स्वीकार गरे । त्यो सिक्री अद्यापि छँदैछ ।

यी राजा तीर्थ गएपछि नेपालमा राजा नहुँदा खसमगर मात्र छन्, राजा छैनन् भन्ने थाहा पाई नवकोटका वैश्य-ठकुरीहरूले नेपालका प्रजाहरू हात लिई तीनै शहरको राज्य गरे । कान्तिपुरमा बाह्र ठकुरीले टोलटोलमा एकएक राजा भई राज्य गरे । पाटन शहरका टोलटोलमा पनि यिनै वैश्यठकुरीहरू राजा भए । भक्तपुरमा पनि यिनै राजा भए ।

यिनै ताका दोलखाका कुनै ठकुरीकी छोरीले सानै अवस्थादेखि भीमेश्वरको सेवा गरेकी थिइन् । उनलाई कान्तिपुर क्वाठबाहालका वैश्यठकुरी राजकुमारसंग बाबुले विवाह गरिदिन आंटेको थाहा पाई भीमसेनको पुकारा गरिन् । "अब म नेपाल जान्छु, त्यहाँ हजुरको दर्शन कसरी पाउँला ?" भीमसेन प्रसन्न भई उनलाई नेपालैमा आई दर्शन दिने आज्ञा भएको थियो । तदनुसार कन्याको नेपाल-मा विवाह भएपछि भीमसेन पनि नेपालैमा आई तिनको विवाह भएको वैश्यठकुरीका घरमा सेवकका रूपले बसे । उनको कामकाज गरी प्रतिदिन ठकुर्नीलाई दर्शन दिन्थे । केही कालपछि यी भीमसेन हुन् भन्ने थाहा पाई तुयूखा भन्ने ठकुरीले विक्रम संवत् १३८० मा एक देवालय बनाएर भीमसेनको रम्य चित्रमूर्ति तयार गरी त्यसमा भीमसेनलाई प्रवेश गराएर नित्यपूजा गर्ने गरे ।

यिनै ताका वि. संवत् १३८० मा कान्तिपुर शहरकी एक रंजितकार्नीसंग १५ कोस पुंडो मजिपात भन्ने जग्गामा बस्ने एक राक्षसले मनुष्यको रूप धारण गरी राती आएर रतिक्रीडा गरी सबेरै आफू बस्ने ठाउँमा फर्कन्थ्यो । धेरै कालसंम त्यस रंजितकार्नीलाई राक्षसले स्वास्नी तुल्याइराखेको कसैलाई थाहा थिएन । पछि त्यस शहरका राजा वैश्यठकुरीहरूले त्यो खबर सुने । कुनै युक्तिले त्यस राक्षससंग बातचित गरी बुझाएर त्यस राक्षसको प्रतिवर्ष यात्रा गर्ने गरे । त्यसलाई लाखे पनि भन्दछन् । यात्रा गर्दा मुकुण्डो बनाई राक्षसलाई आह्वान गर्ने रीत चल्यो । त्यस राक्षसको घर बनाएको टोलको नाम मजिपातटोल राखे । त्यसकारण त्यस राक्षसलाई मजिपातलाखे पनि भन्दछन् । त्यसको यात्रा वर्षपीछे इन्द्रयात्रा हुँदा निकालिन्छ । त्यस वेलादेखि त्यस राक्षसले गुप्तरूप भई प्रतिवर्ष प्रजाहरूले गरेका यात्रामा प्रवेश गरिरहेको छ । अद्यापि इन्द्रयात्रामा मजिपात राक्षसको यात्रा भन्ने प्रसिद्ध छँदैछ ।

यी ठकुरी राजाहरूले तीनै शहरमा धेरै बौद्धमन्दिरहरू बनाई धेरै गूठी राखे । यिनै ठकुरीहरूमा पाटन शहर क्वाठबाहालका ठकुरीका वंशमा मार्ग पूर्णिमाका दिन दश-पारमिता भन्ने बौद्धदेवताको आह्वानद्वारा आफ्ना घरमा सत्कार गरी पायसको भोजन गराएर बिदा दिने गूठी राखी प्रतिवर्ष त्यो कार्य गर्दथे । दशपारमिता बौद्धदेवताहरू पनि आह्वान हुनासाथ आकाशबाट आई पूजा सत्कार स्वीकार गरेर पायस भोजन गरी बिदा हुन्थे । एक साल त्यसै ठकुरीको ससुरा भक्तपुरे ठकुरीले गूठी हेर्छु भनी आएर विष हालेको खाने पदार्थ ल्याई खान दिए । बौद्धहरूले पनि थाहा पाई विषप्रमोचनी विद्याले मन्त्री भोजन गरे । यसबाट ती बौद्धहरूलाई केही भएन । त्यो विषको प्रयोग ती पाप गर्ने ठकुरीमाथि लागी मरणान्त बेरामी भए । केही गरे पनि रोग नछुट्दा तिनै बौद्धहरूको चरण प्रक्षालन गरेको जल खांदा आराम भयो । त्यसपछि अब हामी प्रत्यक्ष आउँदैनौ, तिमीहरूमध्ये स्थविरचाहिंमा हाम्रो भावना गरी कार्य गर्नू भनी दशपारमिता देवताहरू अन्तर्धान भए । अनि ज्येष्ठक्रमले स्थविरलाई दशपारमिता भावना गरी पायसको भोजन गराउन लागे । अहिलेसंम पनि त्यु बाहाल ठकुरीका सन्तानले त्यो गूठी चलाउँदै आएका छन् । यसै गूठीमा कुनै थकाली कंगाल हुँदा ढुकुटीमा प्रतिदिन गोबरको गुइंठा राखी ताल्चा मार्ने गरेको थियो । एक दिन उसकी स्वास्नीले ताल्चा खोली हेर्दा देवताका प्रभावले सब गुइंठा सुन भएको देखी । अब यस धनले धर्म गर्नुपर्छ भनी बुद्ध

भगवान् प्रीति गरूँ भन्ने लोग्ने लोकनीय र नारायण प्रीति गरूँ भन्ने स्वास्नी मैं कुरा नमिल्दा भीमसेनपाती र तुलसीको बीउ रोप्दा जुन अघि उम्रन्छ उसलाई प्रेम गर्ने निधो गरे। दैवसंयोग भीमसेनपातीको बीउ अघि उम्रदा शाक्यमुनि भगवान् बुद्धको प्रीति गरी भास्करदेवसंस्कारित महाविहारको जीर्णोद्धार गरी धेरै गूठी पनि राखे। जग्गाजग्गामा पाटी, धारा, मण्डप, देवल आदि धेरै बनाई धेरै बौद्धमन्दिर पनि स्थापना गरे।

यिनै राजाका पालामा कान्तिपुरमा घोडायात्रा र अरू टोलटोलमा स्थापित देवताहरूको निंति गूठी राखी प्रतिवर्ष यात्रा गर्ने रीति चलाए। यस्ता हिसाबले नेपालमा खास राजा कुनै नभएको अवसरमा विक्रम संवत् ''मा नवकोटनिवासी ठकुरीहरूले नेपालमा प्रवेश गरी टोलटोलमा राजा कहलाई तीनै शहरको राज्य गरेका हुन्। यी राजाहरूमध्ये एकै कालमा धेरै जनाले राज्य गरेका हुनाले यिनीहरूको नाउँ लेखिएन। यिनीहरूले नेपालमा राज्य गरेको २२५ वर्ष बितेपछि राजा रत्न मल्लले मन्त्रीसंग मिली १२ ठकुरी राजाहरूलाई मारेर आफूले राज्य गरे। त्यसपछि यी ठकुरीहरूको राज्यको उछित्तो भयो। यो कुरा पछि रत्न मल्लका राज्यसमयमा लेखिनेछ।

यसरी नेपालमा राज्य गर्ने ठकुरीहरूमध्ये भक्तपुरमा राज्य गर्ने जयभीम भन्ने राजाका समयमा सिमाँगढका राजा हरिसिंहदेवले तुलजा भवानीलाई भक्तपुरमा प्रवेश गराई त्यस शहरको राज्य गरे। अब यी हरिसिंहदेवको वृत्तान्त कहनालाई पहिले तुलजाभवानीलाई सिमांगढमा ल्याएर स्थापना गरी राज्य गर्ने यिनका पुर्खा राजा नान्यदेवको वृत्तान्त कहिन्छ।

परापूर्वकालमा रामचन्द्रका सन्तान सूर्यवंशी राजाहरूसंग मुसलमानले लडी राजधानी अयोध्या शहर सर गरे। हारेका सूर्यवंशी राजाहरूले आफ्ना कुल, कुटुम्ब,परिवारहरू साथमा लिई दक्षिण चन्द्रभागा नदीका किनार नेयार देश अन्तर्गत नेवारजातले वास गरेको कोंकण देशमा बसे। कोही त्यसैका नजीकै पर्ने कर्णाटक देशमा बसी गुजरान गरेका थिए। यी सूर्यवंशीहरू र यस्तै आपद् परी आएका चन्द्रवंशी चुहान भन्ने वैश्यठकुरीजातले पनि त्यसै देशमा रोजगार गरी बिताएका थिए। त्यही सूर्यवंशमा नान्यदेव नामक रजपूत जन्मे। नान्यदेवले २० वर्षको उमेरमा आफ्ना बाबु, आमा, सुवासिनी, परिवारसमेत साथमा लिई डिल्लीमा आएर बादशाहको चाकरी गरी बसे। दैववश त्यसै स्थलमा बाबु, आमा, स्वास्नीलगायत सबै परलोक भए। यही दुःखले विरक्त भई त्यहाँबाट फिरन्ताको रूपमा अयोध्या पुगे। सरयू नदीका किनारमा फकीरी चालले परमेश्वरको भजन गरी बसे।

एक दिन राती सुतेका बखतमा कुनै अतिसुन्दरी स्त्री आई "म तिम्रा पुर्खाकी इष्टदेवी हुँ। यस बखत सरयूका जलभित्र छु। मलाई झिकी पूजा गर। जुन ठाउँमा भ्रमरहरू एकट्ठा भई जललाई छोपिरहेका देखौला त्यसै ठाउँका मनि जलमा तामाका पेटाराभित्र म बसेकी छु।" यसरी तुलजा भवानीबाट आज्ञा भएको करुणावाणी पाउँदा नान्यदेव तुरुन्त सरयूका किनारमा पुगे। भ्रमरहरूले ऐक्य भई जल ढाकिएको ठाउँ पहिल्याई जलमा डुबुल्की मारे। त्यहाँ सुनको डब्बाभित्र तुलजा भवानीको यन्त्र र बाहिर पूजापद्धतिको पुस्तकसमेत तामाका पेटाराभित्र हालिराखेको पाए। त्यस डब्बाका माथिल्लापट्टि यस्तो लेखिएको थियो:—

**रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरूरवाः।**
**अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति॥**

अघि देवराज इन्द्रले महादेवको तपस्या गरी खुशी गराउँदा महादेवले तुलजाको यन्त्र र पूजापद्धतिसमेत इन्द्रलाई दिएका थिए। इन्द्रले सोबमोजिम तुलजादेवीको सेवा गरेका थिए। पछि रावणका पुत्र मेघनादले इन्द्रलाई जितेर सबै हरिलिए। लंकामा लगी नरबलिसमेत दिएर श्रद्धापूर्वक तुलजाको पूजा गरी माने। पछि रामचन्द्रले रावणलाई जित्दा तुलजा भवानीलाई अयोध्यामा ल्याई यथोक्त विधानले मानिराखेका थिए। रामचन्द्रले आफू स्वर्गारोहण हुने बखतमा यत्नपूर्वक सरयूनदीका जलभित्र राखी गएका थिए। अनि केही काल तुलजाभवानी जलभित्रै रहिन्। पछि राजा नलका समयमा उनले जलबाट झिकी यथोक्त विधानले पूजाआजा गरे। आफ्ना आखिरी अवस्थामा नलले पनि रामचन्द्रले झैं जलैमा राखी परलोक भए। त्यसपछि पुरूरबाका राज्यकालमा उनले पनि यस्तै चालले

जलबाट झिकी पूजामान्यता गरेर आखिर उसै ठाउँमा जलमा राखी परलोक भए । अनि अलर्क राजाका समयमा पनि उनले जलबाट झिकी आफू ब्रह्मज्ञानी हुनाले तुलजा भवानीको निष्कामनाले भक्तिभावनापूर्वक पूजा गरेका थिए । तर बलिदानरहित पूजाका प्रभावले तुलजाभवानी उस्तो खुशी भइनन् । अलर्कले त्यस्तो आसय बुझी अघिका राजाले राखेबमोजिम माथि लेखिएको श्लोकसमेत लेखी तुलजाभवानीलाई मन्त्र, यन्त्र र पूजापद्धतिसमेत पेटारामा हाली उसै ठाउँमा सरयूका जलमा राखेका थिए ।

कालान्तरमा यी नान्यदेवले स्वप्न पाउँदा जलबाट झिकी पुस्तकको पूजापद्धतिअनुसार भक्तिभावनापूर्वक तुलजाको पूजा गरेका थिए । केही दिनपछि "नान्यदेव, जनकपुरका निकटको ठूलो जंगलमा मलाई लगी उहीं मेरो पूजामान्यता गर । त्यहाँ अकस्मात् मेरो मन्दिर बन्नेछ र त्यसै जग्गाबाट तिम्रो भाग्योदय पनि हुनेछ ।" तुलजा भवानीबाट पाएको यस्तो आकाशवाणी शिरोपर गरी तुलजाभवानीलाई साथमा लिएर उसै बखत प्रस्थान गरी जनकपुरमा आए । त्यहाँ भयंकर जंगल थियो । जंगलमा मानिस जान हुँदैनथ्यो । कदाचित् गइहाले त्यस मानिसलाई कालसर्पले डसी मार्दथ्यो । यस्तो भयंकर जंगल भए पनि देवीलाई साथमा लिएका हुनाले उनैको भरोसा गरी आकाशवाणीका भरमा मानिस जान नहुने थाहा पाएर पनि उनी निर्धक्कसंग त्यस जंगलभित्र पसे । हिंड्दाहिंड्दैमा बीचबाटैमा रात पर्‍यो । त्यहाँ एक चट्टाई जस्तो चाक्लो ढुंगामा पुगी बास बसे । अनि ईश्वरीको स्मरणपूर्वक मधुर स्तुति गरी सुते । आधोरातका बखतमा ती राजाले सपना देखे— अघि अयोध्यामा स्वप्न हुँदा देखिएकी स्त्री देखापरी भन्न लागिन् । "यस पत्थरमनि एक खड्ग छ । त्यो खड्ग लिई जागा भई रहू । केही कालपछि मणिधर सर्प यहाँ आएर मणि जमीनमा राखी चर्न जानेछ । मणिका समीपमा गोबर होला । त्यस गोबरले मणिलाई छोपिदिनू । जब तिमीलाई डस्न त्यो सर्प आउला, त्यही खड्गले सर्पको शिर काटिदिनू । फेरि यस ढुंगाका तलतिर वरिपरि ६ र माझमा १ जम्मा ७ ईनार द्रव्यले परिपूर्ण पारी अघि कुनै महापुरुषले राखेका छन् । त्यो सब द्रव्य तिमीले झिकी भोग गर्न पाउनेछौ । त्यहाँ मेरो मन्दिर बनाई मलाई त्यहाँ राखेर पूजा गर । दक्षिण बाह्र मल्लार चन्द्रभागा नदीका किनारका देशबाट आफ्ना जातवर्गहरू र स्वदेशी नेवार आदि प्रजाहरू झिकाई शहर बनाएर तिनीहरूलाई बसाऊ । अनि धर्म र नीतिशास्त्रअनुसारले राज्य गर ।" यस्तो स्वप्न पाउँदा नान्यदेवले देवीका आज्ञानुसार खड्ग खोजी हातमा लिएर बसे । जब आधोरात भएथ्यो धनको रक्षक सर्प आयो र त्यसलाई मारी हेर्दा अघि अयोध्यामा सरयू नदीबाट झिकेका पेटारामा लेखिएको उही श्लोक सर्पका शिरमा सुनौला अक्षरले लेखिएको रहेछः—

**रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरूरवाः ।**
**अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति ।**

यसबाट खूब खुशी भई नान्यदेवले त्यस ढुंगामनि खनी हेर्दा सातै इनार द्रव्यले परिपूर्ण भएका पाए । त्यो सबै धन लिई खुशीपूर्वक दक्षिण मल्लार देशबाट आफ्ना स्वजाति रजपूत र नेवार, ज्यापू आदि प्रजाहरूलाई झिकाई बसोबास गराए । अनि धेरै धन खर्च गरी शहर बनाउन शिलान्यास गरे ।

यी राजा नान्यदेवकी एउटी नोकर्नी अतिसुन्दरी थिई । त्यो सुतेका ठाउँमा रातका बीचमा एउटा मायावी नामक राक्षस आई त्यस नोकर्नीसंग यथेच्छ बाह्य र आभ्यन्तर क्रीडा गर्दो रहेछ । यो कुरा कसैलाई नभनेस्, नत्र मर्नेछस् भनी हप्काएर बिहान एक प्रहर बाँकी भएपछि उठी जाँदो रहेछ । यसरी राक्षसको र त्यस नोकर्नीको यो क्रियाकलाप धेरै दिनसम्म चल्यो । यस्तो क्रियाकलाप उसै त गुप्त हुन्थ्यो, त्यसमाथि राजदरबारको हुनाले दरबारका राजारानीलगायत कसैलाई पनि थाहा भएको थिएन ।

एक दिन त्यस नोकर्नीको राजदरबारको खोपी आदि ठाउँ बढार्ने पालो परेछ । बढार्नालाई असल कूचो नहुनाले एउटा असल कूचो उसले राक्षससंग मागिछ । राक्षसले पनि सुनको ल्याइदिएछ । त्यो कूचो सुनको भन्ने नोकर्नीले थाहा पाइनछ र आफ्ना पालामा त्यही कूचाले खोपी, चोटाकोठा सबै बढारिछ । बिहान राजा जागा भई हेर्दा ठाउँठाउँमा कूचाको सुनको तार खसेको देख्दा ताज्जुब भए । कहिल्यै नभएको यस्तो सुनको तार कसरी खस्यो भनी दरबारका तमाम मानिससंग सोध्दा पनि पत्ता लागेन । आखिर आज बिहान बढार्ने को थियो भनी त्यस केटीको

पत्ता लगाए । त्यस नोकर्नीसँग कारण सोध्दा "बिहान बढार्दा मैले देखिन, त्यो सुनको तार कहाँबाट आयो मलाई थाहा छैन" भनी नोकर्नीले बताई । आखिर तैंले बढारेको कूचो कहाँ छ ?" भनी राजाले सोध्दा नोकर्नीले सुनको कूचो ल्याई राजालाई नजर गराई ।" यो कूचो तैंले कहाँबाट पाइस् ? कसले दियो ? जस्ताको तस्तो भन् भनी राजाले सोधे । लौ अब बित्यास पर्‍यो, मलाई अब के गर्दछन् भनी नोकर्नी बराबर काम्न लागी । उसका मुखबाट एक वाक्य पनि निस्केन । अहिले यसलाई मेरो डर लाग्यो भन्ने राजाले ठानी एकान्तमा लगेर "तैंले डराउनु पर्दैन, तेरो कसूर भए पनि केही गर्नेछैन, यसको कारण मात्र बताइदे" भनी राजाले नम्र वचनले सोधे । नोकर्नीले अधोमुख गरी बरबर आँसु खसाल्दै अब नभनी सुख पाइन, मेरो जीवन यत्तिकै रहेछ भन्ने विचार गरी हात जोरेर गद्‌गद् वचनले विन्ति गरी 'महाराज, राती एउटा राक्षस आउँछ र मसँग भोग गरी बिहानिपख जाने गर्दछ । यो कूचो उसैले दिएको हो" भनी यथार्थ कुरा बताई । "त्यसलाई मेरा अगाडि लिएर आएस्" भनी राजाले नोकर्नीलाई बिदा दिए ।

त्यही रात स्त्रीले मुख मलिन गरेको देखी राक्षसले किन मुख मलिन गर्‍यौ भनी सोध्यो । स्त्रीले पनि सबै हाल विस्तार गरी । राक्षसले पनि एक छिन् विचार गरी राजालाई भेट्न भनी स्त्रीका साथमा गयो । खोपीमा पुगेर १०८ दाना भएको हीराको माला नजराना टक्याएर हात जोरी खडा रह्यो । राजाले जन्म, बस्ती, कुल, वृत्ति सबै सोधे । राक्षसले पनि सबै कुरा यथार्थ बतायो । त्यसपछि राजाले ती दुबै स्त्रीपुरुषलाई बिदा दिए । त्यसबाट राजाको सन्देह ता गयो, तर त्यस स्त्रीमा राजाको प्रेम बढ्दै गयो ।

एक दिन सुखभोगका अन्त्यमा त्यस स्त्रीले "हाम्रा राजाले अनेक सरजाम तयार गरी शहर बनाउन प्रारम्भ गरेको धेरै काल भयो, अझ तयार भएको छैन, कहिलेसम्ममा तयार होला भनी सोधी । "हामीले बनाउन पाए एक रातमा तयार गर्थ्यौं" भनी राक्षसले भन्यो । "उसो भए मानिसलाई धेरै दिन किन दुःख दिनु, तपाईं नै तयार गरिदिनुहोस्"भनी स्त्रीले ढिपी गरी । राक्षसले पनि "हुन्छ, भोलि राति म बनाउनेछु, तर त्यस रातमा सबैले सबेरै सुत्नू, कसैले पनि थाहा नपाऊन्, यस्तो बन्दोबस्त राजासँग मिलाऊ" भनी राक्षसले बतायो । त्यस स्त्रीले सबै कुरा राजासँग विन्ति गरी । राजाले पनि त्यही अनुसार "आज सबैले दिउसै खानपीन गरी सबेरै सुत्नू । मलमूत्र त्याग गर्नालाई पनि बाहिर नजानू, भित्रै गर्नू । आज राती यस ठाउँमा राक्षसका फौज आउँछन् । नसुत्नेलाई तिनीहरूले मारी खानेछन्" भन्ने उर्दी दिए । दुनियाँहरू पनि उर्दीबमोजिम सबेरै सुते । रात परेपछि लंकाबाट राक्षसको फौज आई शहरको वरिपरि कोही पनि आउन नसक्ने खूब बलियो परखाल र जसतसले पस्न नसक्ने बलियो ढोका बनाए । दुष्टजनले हेर्न नसक्ने र बहुतै सल मिलेको वज्रसमानको किल्ला भएको शहर तयार भइसक्ने बखतमा बिहान हुन लाग्दा फटपट सिद्ध्याई राक्षसहरू आफापना स्थानमा गए । भोलिपल्ट उठी हेर्दा सबैले अपूर्व शहर तयार भएको देखी बहुत आश्चर्य माने । नान्यदेवले त्यस शहरको नाउँ सीमांगढ राखे । आफ्ना प्रजाहरूलाई त्यसै शहरमा बसाई तुलजा भवानीको नित्य सेवा र धर्म र नीतिपूर्वक प्रजाहरूको शासन गरेका थिए ।

यस्ता नान्यदेवका सन्तान भई जन्मेका हरिसिंहदेवले सीमांगढको राज्य गरिरहेका बखतमा डिल्लीका बादशाहले चढाई गर्न खोजे । त्यसै बेला सपनामा "अब यहाँ म्लेच्छ यवनहरूले आक्रमण गर्दछन् । मलाई चाँडो नेपाल लैजाऊ । त्यहाँ गम गरी राख । म यहाँ बस्दिन" भनी तुलजाभवानीबाट आज्ञा हुँदा जाऊँ कि नजाऊँ भनी सन्देह गरी भोलिपल्ट पूजा गर्दा "चाँडो आजै प्रस्थान गर" भनी मन्त्रबाट शब्द प्रकाश भयो । त्यस्तो आज्ञा स्वीकार गरी शाके.....मा सीमांगढबाट प्रस्थान गरी हरिसिंहदेव नेपाल आए । उनीका ब्राह्मण, आचार, नेवार, वैद्य, खड्‌गी, तेली, रंगकार यी सात जात र सुवार ज्यापूहरू साथमा थिए । हतपत परेको हुनाले देवी मात्र साथमा लिई बाटाका निति धनदौलत केही नलिएर मानिस मात्र आएका थिए । आउँदा बाटामा मधुवन भन्ने जंगलका पुछारमा पहिलो वास पर्‍यो । साथमा आएका मानिसहरूले खानपीन गर्ने र बलि दिने वस्तुसमेत नभई तकलीफ हुँदा अब के गरूँ भनी चिन्ता गर्दै राजा सुते । सपनामा तुलजा भवानीबाट भोलि सबेरै जुन वस्तु देख्दछौ त्यसलाई ल्याई बलि गर भन्ने आज्ञा भयो । बिहान सबेरै उठी हेर्दा खूब मोटो ठूलो अर्ना देखियो । त्यसलाई

फौजको घेराभित्र पारी सबैको कोलाहलद्वारा पाशामा पारेर पक्रे । अनि सबै मिलेर डोरीले बांकी घिसार्दै ल्याएर देवी, अब के गरौं भनी विन्ति गरे । "आज सबेरै सूर्य उदय हुने दिशातिर पीठ फर्काई जसले मलत्याग गर्छ उसैका हातबाट घात गराई मलाई रक्त चढाऊ र अर्पण भएको प्रसाद तिमीहरूले खाऊ" भनी देवीबाट आज्ञा भएको हुनाले त्यसअनुसारको मानिस खोज्दा जंगलमा कुनै मानिस भेटियो । त्यसलाई समातेर ल्याई त्यसैका हातबाट महिषको घात गराए । भवानीलाई रुधिर चढाई त्यही प्रसाद पकाएर खाने व्यवस्था गरे । तर पकाउने अरू मानिस त्यस वेला कोही नहुनाले सुवार ज्यापूलाई पकाउन लगाई देवीलाई भोग लगाई आफूहरूले पनि भोजन गरे । त्यस दिनदेखि देवदेवताको पूजाआजामा सुवारका हातको पाक चलाए । घरायसी भोजनमा भने चलाएनन् । यस्ता रीतले त्यो मांस फौजहरूलाई भोजन गराए । त्यस दिनदेखि तुलजा भवानी-लाई महिषबलि दिने र त्यसको मांस प्रसाद नेवार जातहरूले भोजन गर्ने गरे । त्यो बलि घात गर्ने मानिसलाई खड्गी जात भन्ने पनि गरे ।

यस्ता रीतले तुलजा भवानीलाई साथमा लिई हरि-सिंहदेवले नेपाल भक्तपुरमा प्रवेश गरे । त्यहाँका राजा जयभीम भन्ने ठकुरीले उनको आदरभाउ गरे । हरिसिंह-देवलाई जहाँ बस्नुहुन्छ बस्नुहोस्, देवीको मन्दिर पनि जहाँ बनाउनुहुन्छ बनाउनुहोस् संम भने । अनि हरिसिंहदेवले दक्षिणी अग्निहोत्री ब्राह्मण बसेको जग्गा पवित्र ठानी मन्दिर त्यही ठाउँमा बनाउने देवीको आज्ञा छ भनी बताए । राजा जयभीमले ती ब्राह्मणलाई डाकी "तिमी बसेको जग्गा देऊ, देवीको मन्दिर बनाउनुपर्‍यो । त्यसको सट्टा अर्को ठाउँमा लेऊ, द्रव्य पनि धेरै दिन्छु" भनी मागे । हरिसिंह-देवले पनि प्रशस्त धन दिउँला भनी प्रार्थना गरे । ब्राह्मणले त्यो जग्गा छाड्न नमानी राजाको आज्ञा लंघन गरे । रिसले जयभीमले त्यसै मिची ब्राह्मणका घरमा ईश्वरीलाई भित्र्याई हरिसिंहदेवलाई बसाए । ब्राह्मणले धिक्कार मानी त्यसै राती आफैले गलो सेरी आत्महत्या गरे ।

उता हरिसिंहदेवले एकातिर ब्रह्महत्या लाग्यो, अर्कोतिर ब्राह्मणको रक्त परेका ठाउँमा कसरी देवीको मन्दिर बनाउनु भनी अपशोच गर्दै सात दिनसंम देवीको एकचित्त भई आराधना गरे । देवीले खुशी भई "ती ब्राह्मण गणेश हुन् । तिनको शिर अघि नै काटिएको छ । त्यसमा तिमीलाई हत्याको दोष लाग्दैन । मेरो मन्दिर त्यसै ठाउँमा बनाऊ । मेरा ढोकामा ती ब्राह्मणको लास गाडी त्यसमाथि गणेशको मूर्ति स्थापना गर । पहिले गणेशको पूजा गरेर मात्र मेरो पूजा गर्नू ।" भनी आज्ञा भयो । राजाले पनि त्यसैमाफिक दरवारभित्र पारी देवीको मन्दिर बनाए । त्यहाँ पहिले गणेशको पूजा गरी मात्र देवीको पूजा गर्ने चलन चलाए । भक्तपुर दरवारमा तुलजा देवीका मन्दिरका ढोकामा स्थापित यिनै गणेश हुन् ।

यी तुलजाको दर्शन गर्ने इच्छाले भोटे आदि धेरै मानिस जम्मा भई थुम नाउँको थुंको बनाएर हेर्ने मनसुवा गरे । तैपनि भवानीको रूप अतिगुप्त हुनाले दर्शन गर्न नसक्दा फर्की आफ्ना घरतिर लागे । त्यो थुंको अद्यापि छँदैछ । त्यसपछि राजा जयभीमले दुनियाँको संमत लिई हरिसिंहदेवलाई आफ्नो राज्य सौंपी राज्याभिषेकसमेत दिए । हरिसिंहदेवले पनि तुलजादेवीको सेवा गर्दै नीति र धर्मअनु-सार प्रजाहरूको प्रतिपालना गरी वर्ष २८ संम राज्य गरे ।

यिनले ईश्वरीसंग प्रार्थना गरी मेरा सन्ततिमा कति पुस्तासंम राज्य रहला भनी विन्ति गरे । "तिम्रा सन्ततिमा २८ पुस्तासंम राज्य रहनेछ । त्यसपछि पश्चिमबाट कुनै क्षत्रिय राजा आई तिम्रा सन्ततिको राज्य जिती राज्य गर्नेछन् ।" ईश्वरीबाट यस्तो आज्ञा भयो । त्यस्तो आज्ञा वचन भक्तपुर दरवारमा लेखिएको अद्यापि छँदैछ । यी हरिसिंहदेवदेखि गन्ती गर्दा रणजित् मल्लसंम २८ पुस्ताको राज्यभोग भयो । २९ पुस्ताका राजकुमार तेजनृसिंह मल्ल-को जन्म भएपछि गोरखाधीशको प्रवेश भई यिनका सन्त-तिको राज्य उच्छिन्न भयो । यिनका पुर्खा नान्यदेवले द्विमाजुदेवीलाई इष्टदेवता मानेका हुनाले यिनले पनि ती देवीलाई मान्ने गरे । यिनका शेषपछि भएका राजाहरूले पनि यी देवीको नित्यपूजा गरी प्रतिवर्ष देवाली पनि गर्ने गरे । यसकारण तुलजा भवानीको बलि गर्दा महिषबलि गरेका हुनाले त्यसपछि नेपालनिवासी नेवारहरूले पनि देवीहरूलाई महिषबलि दिई सबैलाई प्रख्यात गरेर महिष-मांस भोजन गर्ने गरेका हुन् ।

कुनै दिन मिथिलाबाट शिवदत्त मैथिल ब्राह्मण आई

महिषमांस खानेले जनै धारण गरेको यस्तो भ्रष्टाचार देखेर सहन नसकी यी राजालाई संज्ञाई विन्ति गरे र उनको कुरा मनासिब ठानी जनैधारी नेवारहरूलाई डाकेर "कि जनै नलगाऊ कि महिषमांस नखाऊ" भनी आज्ञा गरे। नेवारहरूले जनै त्याग गरे, तर महिषमांस त्याग गरेनन्। यसकारण नेपालका नेवारहरू सबैजसो जातको जनै छैन। उनीहरू महिषमांस भोजन गर्दैछन्। दक्षिण नेयारदेशनिवासी नेवार जातहरू उहाँ आजतक जनै धारण गरी स्वधर्ममा बसेका छँदैछन्। यी हरिसिंहदेवले २८ वर्ष राज्य गरी परलोक भए।

यिनका पुत्र मोतीसिंहदेवले वर्ष १५ भक्तपुरको राज्य गरे।

यिनका पुत्र शक्तिसिंहदेवले वर्ष २७ राज्य गरे।

यिनका पुत्र श्यामसिंहदेवले वर्ष १५ राज्य गरे। यिनका समयमा ने.सं. ५२८ मा धेरै दिनसंम भूमिकम्प भई उत्पात भयो। भक्तपुरमा धर्मपुर र खड्गपुर, कान्तिपुरमा पंचपुर, ललितपत्तनमा मतिकोभैरव, लगनखेल, इगल र त्यागल भन्ने ठाउँ नष्ट भए। बुगमतीमा मत्स्येन्द्रनाथको देवालय भत्की ढोकासमेत बन्द भयो। अरू ठाउँका देवताहरूका देवालयहरू र प्रजाहरूका घरहरूसमेत भत्की सब मैदान भए। फेरि भूमि फाटी धरै गाई, भैंसी, बाख्रा आदि पशु र पंछीहरूसमेत नाश भए। यी श्यामसिंहका छोरा नभई नरेन्द्रलक्ष्मी, नृपेन्द्रलक्ष्मी र मुनीन्द्रलक्ष्मी नाउँकी तीन छोरी मात्र थिए। जेठी नरेन्द्रलक्ष्मीलाई यिनका पुर्खा नान्यदेवले नेपाल स्वाधीन गर्दा तिरहुत भगाएका नेपाली मल्ल राजाका सन्तान जयभद्र नामक मल्ल क्षत्रियसंग विवाह गरिदिएका थिए। आखिरसंम पनि छोरा नहुँदा तिनै जयभद्रलाई राज्याभिषेक दिई आफू वाग्मती आर्यातीर्थमा प्राण त्याग गरेर परलोक भए।

यी जयभद्र मल्लले वर्ष १५ राज्य गरे। यिनका राज्य समयमा अघिका यस शहरका राजाका सन्तति फेरि राजा हुन आए भनी नवदुर्गागणहरू बहुत प्रसन्न भए। उनका राज्यकालदेखि त्यस देशका आग्नेयतर्फका खेतमा धान झांट्दा अन्नको ठूलो रास भई मानिसले धेरै ओसार्दा पनि नसकिएर पूर्ण भइरहेको रास थुँको बनी अन्न झांट्दा अद्यापि थर्कदैछ।

यिनका पुत्र नाग मल्लले वर्ष १५ राज्य गरे।

यिनका पुत्र जगज्जय मल्लले वर्ष ११ राज्य गरे।

यिनका पुत्र नागेन्द्र मल्लले वर्ष १० राज्य गरे।

यिनका पुत्र उग्र मल्लले वर्ष ११ राज्य गरे।

यिनका पुत्र अशोक मल्लले वर्ष १९ राज्य गरे। यिनका पालामा पाटन शहरका वैश्यठकुरी राजालाई जिती पाटन शहर आफ्नो अधीन गरी राज्य गरे। यिनले जितेपछि पाटन शहरमा नवकोटका वैश्यठकुरीहरूको राज्य हरायो। त्यहाँ अघि वैश्यठकुरी राजाहरूको राज्य छँदा धेरै बाहाल बनाएका थिए। यी वैश्यका रानी इन्द्रमती र भद्रमतीले देवपाटनमा दुइ दुइ बाहाल च्यासलटोलमा एक बाहाल बनाई देवीप्रीति गरी गुठीसमेत राखे। ती वैश्य राजाका कान्छी रानी कोटबाहाल बनाएर गुठी राखी आर्यातीर्थमा मुक्त भइन। पाटन शहर आफ्नो गरेपछि राजा अशोक मल्लले त्यस ठाउँका क्वाथछेटोलका बालकुमारीको अघिदेखि सेवा र नित्य वाग्मतीको स्नान गरेका हुनाले त्यसैका प्रभावले यी राजाका असल बुद्धिमान् जयस्थिति मल्ल भन्ने पुत्र जन्मे। यिनले वाग्मतीमा स्नान गर्दा कौमारीका समीपमा भएको वाग्मती र मणिमतीका संगमको वेणी पनि वाग्मतीले जग्गा छाडी उत्तरतर्फ बहँदा फरक भयो। यिनले स्वयंभूनाथका वनमा शिकार खेल्न जांदा चैत्र मास हुनाले प्यास लागी पानी खोज्दा पश्चिम विष्णुमती, दक्षिण वाग्मती र पूर्व रुद्रमतीहरूका संगमस्थलमा श्वेतकाली र रक्तकाली रहेको जग्गा अतिरमणीय ठानी त्यस जग्गालाई उत्तरकाशी भन्नू भनी काशीपुर नाम गराए। यिनले धर्मकर्मका साथ भक्तपुर र ललितपत्तन दुइ शहरको भोग गरी आनन्दसंग रहे।

राजा जयस्थिति मल्लले वर्ष ४३ राज्य गरे। यिनले राज्य गर्दा जय नाउँ गरेका मन्त्री र कीर्तिनाथ उपाध्याय, मैथिल रघुनाथ झा, रामनाथ झा, दक्षिणी श्रीनाथ भट्ट, महीनाथ भट्ट यी पाँच ब्राह्मणहरू सर्वशास्त्रज्ञ ठूला बुद्धिमान्

हुनाले उनीहरूका निर्णयअनुसार अघि लोप भएका आचार-विषयको र जातका कामकाजविषयको समेत शास्त्रोक्त रीतले धेरै स्थितिको बन्दोबस्त बांधे । प्रजाहरूलाई पनि त्यहीअनुसार रहन लगाई राज्यशासन गरे ।

## जयस्थिति मल्लको स्थिति ।

१ प्रजाहरूले आपना घर खेत बिर्ताहरू धितो राखी ऋण ग्रहण गर्न र बिक्री गर्नसमेत हुने नियम ।

२ चार वर्ण छत्तीस जातको निर्णय गरी पृथक् पृथक् जातिको भेद छुट्याएर जातअनुसार कर्मकाण्डको नियम ।

३ अघिका राजाका पालामा अपराध गर्नेलाई हस्त-प्रहार र धिक्कारवचन यी दुइ सजाय मात्र थियो । कालका प्रभावले यस्ता सामान्य दण्डले प्रजाहरूको रक्षा नहुने ठानी ती दण्डहरूको निवृत्ति गरी रुपियाँ लिने दण्डको प्रवृत्ति गरेर व्यवहारमा चलाए ।

४ राजा र राजसन्तति परलोक हुँदा सबै जातका आपना प्रजाहरूलाई जम्मा गरी जातिका क्रमले मानिसहरूको दुइ दुइ चार चार जोडीको पंक्ति गरी नयाँ पलङ बनाएर स्मशानमा लैजाने । त्यस पलङमा मृतशरीर राखी स्वजातिले बोकेर दीपक राग गाउँदै बाजा बजाई स्मशानमा लाने । घाटमा लगी मृतकलाई अग्निसस्कार गर्ने नियम । प्रजाहरूका मृतकका विषयमा छत्तीस जातमा कसैकसैलाई काहार बाजा बजाई स्मशानमा लगेर जलाउने नियम ।

५ आपना जातले गरिआएको कार्य छोड्ने र अर्का जातले गरेको कार्य स्वीकार गर्नेलाई अपराधी-सरह दण्ड गर्ने नियम ।

६ जात चिन्हाका निति सानासाना जातलाई पहिरन, गहना, घर आदि यस्तो यस्तो बनाई व्यवहार गर्नू, यस्तो यस्तो व्यवहार नगर्नू भनी जातैपीछे बेग्लाबेग्लै नियम गरी चलनको स्थिति गरे । जस्तो पहिरनका विषयमा कसाई जातले बाहुं काटेको लुगा लगाउनू । पोडे जातले टोपी,लबेदा, जुत्ता र सुनका गहना नलगाउनू । कसाई, पोडे र चर्मकारहरूले झिगटीको छाना भएको घर नबनाउनू, यस्ता घरमा पनि नबस्नू । आफूभन्दा ठूला जातलाई साना जातले नरम भई मान्नू भन्ने पनि नियमको स्थिति गरे । यस्ता प्रकारले जातजातको पृथक्पृथक् स्थिति बाँधी व्यवहारको सबै शास्त्रोक्त नियम चलनमा चलाएर देश र विदेशमा समेत यश कीर्ति चलाए ।

यी जयस्थिति मल्ललाई राजगद्दी मिलेको कारण:— यी बालक छँदैमा अशोक मल्ल परलोक भए । यिनले बालकैमा राजगद्दी पाए पनि यिनका पिताका भित्रिनीपट्टि-का छोरा ३ जनाले दुःख दिई राज्य भोग गर्न नदिंदा भागी पनौती शहरमा गएर लुकिरहेका थिए । त्यस बखत ६ वर्षसंम यी मठ्याहा ३ भाइले राजकाज चलाइरहेका थिए। तिनै ताका तीन भाइले ३ कामको जिम्मा लिए । जेठाले ठूलो पोखरी बनाउने । माहिलाले शहर बीचमा पारेर वरिपरि उच्चो पर्खाल बनाउने । कान्छाले दरबार चोकहरू बढाउने । यी ३ थोक बनाउने निश्चय गरी प्रजाहरूलाई एकै कालमा तीनै जनाले झारा आउनू भनी उर्दी गरे । त्यस शहरका भलामानिसहरूले पनि जम्मा भई संमत गरे:— अहिले हामीले पट्टरानीपट्टिका राजा जय मल्लको आज्ञा शिरोपर गर्न पाएनौं । यी भित्रिनीपट्टिका साना बुद्धि भएका मानिसका हुकुममा चल्नुपर्‍यो । अब प्रजाहरूलाई दुःख पनि दिन थाले । एकै कालमा तीनतिरको काम हुँदा प्रजाहरूलाई पनि तीन विभाग गर्नुपर्ने भयो भनी असलपट्टिका जय मल्ल-लाई राजगद्दीमा राख्ने संमत गरे । सबै प्रजाहरू जम्मा भई घुरा उठेर सबैले हातमा एकएक लठ्ठी लिई पनौती शहरमा पुगे । अनि राजा जय मल्ललाई पीठमा बोकेर ल्याई फेरि राज्याभिषेक दिएर राजगद्दीमा राखी राजा बनाए । भित्रिनीपट्टिका राजा बनेका तीन भाइलाई लठ्ठीले हानेर शिर फोरी मारे ।

त्यसै बखतमा सबै प्रजाहरू जम्मा भई राजासंग विन्ति गरे—"महाराज, हामीहरूको घरखेत सुना गरी हाम्रो खुश

गर्न दिइबक्सियोस् ।" यसबाट जय मल्ल खुशी भई "चलनका हकमा कांटा, ढक, पाथी र कुरुवाले नापजोख गरी किन्ने र बेच्ने व्यवहार गर्नू । आफ्ना जातको रकम नछोड्नू । जात नछिपाउनू । प्रजाहरूका घरखेतका हकमा तिमीहरूको सुनाघर, सुनाखेत र सुनाबारी भन्ने नाउँ गरी घर, खेत र पाखाहरू तिमीहरूलाई बक्स्यौं । बेच्नु, दान गर्नु, देवतालाई चढाउनु र बन्धक गर्नुसमेत आफ्नो खुश गर ।" भनी घरखेत प्रजाहरूलाई बक्स दिए । प्रजाहरूले पनि घरखेत सुनाबिर्ता पाई बहुत खुशी भए ।

फेरि यिनले शिल्पविद्यामा प्रवीण भएका कालिगडबोलाई वाग्मती आर्यातीर्थका पारि रामचन्द्र, लवहरि र कुशहरि भन्ने तीन मूर्ति बनाई स्थापना गरेर प्रतिवर्ष पूजा गरी इष्टदेवता माने । मृगस्थलीमा गोरखनाथको पादुका र मूर्ति तुल्याई सिद्ध भनी जगाए । गोकर्णेश्वरमा नित्य पूजाका सामग्रीको बन्दोबस्त गरी नित्य पूजा गराएर जीर्णोद्धार पनि गरे । ललितपत्तनमा कुम्भेश्वरको दुइ तला छाना गरेर बनाई गजूर चढाए । त्यस देवालयका सन्निधानमा तलाउ सोहोरी सफा गर्दा शिलाको नारायणमूर्ति १, गणेशमूर्ति १, शीतलामूर्ति १, वासुकिमूर्ति १, गौरीको मूर्ति १, बसाह १, कीर्तिमुखभैरवको मूर्ति १, र आगममूर्ति १ समेत जम्मा ८ पोखरीभित्र पाइए । तिनीहरूलाई स्थानस्थानमा जीर्णोद्धारपूर्वक स्थापना गरे । शीतलाशान्तिका निमित्त उन्मत्तभैरवको स्थापना गरेर मन्त्रका प्रभावले जगाए । तिनका माथि आगममूर्ति स्थापना गरी नेपाली संवत् ५१२ मा समाप्त गरे । यो विस्तार भैरवशिलामा लेखिएको छँदैछ ।

यिनले नेपाली संवत् ५१५ माघ शुक्ल दशमी तिथि रोहिणी नक्षत्रका दिन बिहान १३ घडी दिन चढ्दा गणेशपूजा, कलशस्थापनापूर्वक कोट्याहुति यज्ञको प्रारम्भ गरे । समाप्तिमा ब्राह्मणहरूलाई दानदक्षिणा र भोजन गराए । त्यसै बखतमा ब्राह्मण आदि सबै प्रजाहरूलाई वृत्ति चलाउनाका निंति जातविशेषको बेग्लाबेग्लै वृत्तिको व्यवस्था बाँधी बन्दोबस्तसाथ प्रजाहरूलाई वृत्तिमा प्रवृत्ति गराए । साहु र ऋणीका विषयमा डिक, भोग र किल भन्ने नाउँले व्यवहारको चलन चलाए ।

यी राजाले लेखिएका मन्त्री र पण्डितहरूका संमतले जातमाला, जातनिर्णय, क्षेत्रनिर्णय, गृहनिर्णय, नरकार्यावलि र दण्डमाला भन्ने लेख (ऐन वा नियम जस्तो) गरी यस लेखले विशेष स्थिति बांध्नालाई नेपाली संवत् ५३९सालमा डिल्लीपति बादशाहसंग सौगात पठाई बक्साए । बादशाहले पनि त्यस्तो स्थिति बांध्नालाई र सुनशृङ्गी रुपियां बनाउनालाई हुकुम दिई अरु देशविदेशका चीजहरूको खिल्लतका साथै जय मल्ल नेपालेश्वर जय स्थिति राज मल्ल देव भन्ने नाउँको पदवी दिई पठाए । त्यसअनुसार श्री श्री श्री श्री श्री जय मल्ल नेपालेश्वर जय स्थिति राज मल्ल देव भन्ने प्रशस्ति प्रख्यात गरी आफ्ना नाउँको सुनशृङ्गी रुपियां बनाएर चलाए । लेखिएअनुसार आफूले बाँधेका स्थितिमा प्रजाहरूलाई प्रवृत्ति पनि गराए । त्यस्तो स्थिति अब यहाँ लेखिन्छ ।

१, घरका विषयमा:– बूढी अगुलका चौबीस अगुलका प्रमाणको हात १ आफ्ना हातको प्रमाण गरी बनाएको स्थिति । गल्लीका घरको प्रमाण– घरको चौतर्फ नापी हात ९५ को खा १, गल्लीभित्रका घरको प्रमाण– घरको चौतर्फ नापी हात १०१को खा १, शहरपट्टिका घरको प्रमाण– हात ८५ को खा १ । यस्ता हिसाबले घरका विषयमा तीन प्रकारका नापीको नियम बाँधे ।

२, ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यति जातलाई घर बनाउने कार्यका विषयमा– वास्तुप्रकरणोक्त क्रम र अष्टवर्गका विचारले यथोक्तविधिपूर्वक शिलान्यास गरी बनाउने नियम बाँधे ।

३, जातक कार्य विषयमा– ब्राह्मण र क्षत्रियले ब्राह्मणबाट तथा वैश्य र शूद्रहरूले दैवज्ञबाट जातकशास्त्रहरूको विचार गरी दिनको यथेष्ट कालादि र फलनिर्णयसमेतको जातकपत्री लेखाउनू ।

४, खेतका विषयमा– अवल, दोयम सिम र चाहार चार प्रकारको व्यवस्था बाँधी संख्याको स्थिति गरे । जस्तो अवल खेतमा– चारैतर्फ नापी प्रमाण हात ९५ को कर्ष १, दोयम खेतमा– चारैतर्फ नापी प्रमाण हात १०५ को कर्ष १, सिम खेतमा– चारैतर्फ नापी प्रमाण हात ११२ को कर्ष १, चाहार खेतमा– चारैतर्फ नापी प्रमाण हात १२५ को कर्ष १ गराए । बूढीऔंलाका

२४ अंगुलको एक हातका प्रमाणको साढे सात हात प्रमाण भएको टांगो नाउँको खेत नाप्ने मानदण्ड बनाए। अघि नापीकार्यका विषयमा साढे दश हात प्रमाणको मानदण्ड थियो। यिनका पालामा त्यो मेटी आफ्ना हातको प्रमाण गरी साढे सात हातको मानदण्ड कायम गरे। नापी गर्नालाई दंगुल नाउँको क्षेत्रकारको जात प्रसिद्ध गरी व्यवहार गरे। घर नापी गर्ने कार्य-का विषयमा– तक्षकार बांडाहरूमध्ये पिछु भन्ने नाउँको गृहकार जात प्रसिद्ध गरे।

नेवारलाई ३६ जातको भेद गरी श्रेष्ठ भन्ने नेवार जात प्रख्यात गरे। यस्तै अरूहरूका जातको पनि पृथक् पृथक् भेद गरे। जस्तो– जंसीको जात ८, अचारको जात ८, वैद्यको जात ४ इत्यादि।

श्रेष्ठका ३६ जातमध्ये तागाधारी जात १३, चण्डेरी, सुबेडी, भंडारी, आचार, दैवज्ञ इत्यादि।

ब्राह्मणको जात– पंचगौड र पंचद्राविड यति १० मूलजात हुन्। यिनैबाट ब्राह्मणका जातको नाउँ धेरै हुन गयो। जैसी ब्राह्मणलाई अपूज्य गरे।

ज्यापूको जात ३२, कुमालेको जात ८, खसको जात ६४, कसाईले नङ काट्ने जात ७२, बांडाको जात ४, कुसलेको ४, चर्मकार, कुल सब जात जम्मा गरी ७२५ सात सय पच्चीस जात ठहरे।

यस्तो जातको व्यवस्था बांधी साना जातका हातबाट अधिकार नभएका उत्तम कार्यहरू गराउनाले कुलको नाश र आयु नाश हुन्छ, नगराउनू भन्ने सबै जातमा नियम बाँधे।

ठूला जातका स्त्रीले आफूभन्दा साना जातका पुरुष-जातसंग र साना जातका पुरुषले आफूभन्दा ठूला जातका स्त्रीसंग रतिक्रीडा नगर्नू, गरे जातिविशेषको व्यवस्थाले जातिभ्रष्ट र भारी दण्ड तथा प्रायश्चित्तको भागी हुन्छ भन्ने पनि सबै जातमा नियम बाँधे।

जातिकार्यको व्यवस्था– आफ्ना जातमा परापूर्वदेखि गरिआएको काममा ब्राह्मणले आफ्नो पूजापाठ र यजमानी काम गर्नू, काम गर्न बिराए ब्राह्मणलाई तुरु १००० दण्ड गर्नू। त्यस्तै काम बिराए आचारलाई ५००, गुभाललाई ५००, ज्यापूलाई २५, सुढिनीलाई २५, पिछिनीलाई १२, नाऊलाई १२, भाटलाई १२, कहारलाई १२, कुमाललाई १२, चित्रकारलाई १२, कसाईलाई १२, पोडेलाई १२ दण्ड गर्नू। यजमानले बिराए यजमानलाई तुरु १००० दण्ड गर्नू। राजाले पनि सबै जातको कुलाचारकार्यहरूको परा-पूर्वमा चलेबमोजिम हुने गरी स्थिति बाँधी प्रवृत्त गराउनू भन्ने स्थिति बाँधे।

जातजातका वृत्तिको विषयमा– ब्राह्मणले यजमानी, क्षत्रियले राजकाजको स्थिति, वैश्यले बेपार, शूद्रले सबैको सेवा गर्नू। यी काम अरू जातिले गर्न हुँदैन। त्यस्तै चित्रकारले चित्रकार काम गर्नू। साल्मीले तेल पेल्नू। छिपाले कपडा रंगाउनू। भाटजातले नम्बूर गाउनू। गठ र माली जातले फूल बेच्नू। खुसलले डोली बोक्नू। योगी वेषधारीले मागी खानू। लोहकर्मीले ढुंगाको काम गर्नू। नकर्मीले फलामको काम गर्नू। सिकर्मीले काठको काम गर्नू। ज्योतिषीले ज्योतिषविषयको काम गर्नू। कुमालले माटाका भाँडा बनाउनू। टटी जातले कात्रो बुन्नू। कसाईले रांगो मार्नू र मासु बेच्नू। नाऊले कपाल खौरनू, नङ काट्नू। भडेलले पाक गर्नू। कसटले कांसाको काम गर्नू। तमोटले तामाको काम गर्नू। बांडाहरूले सुनचाँदीको काम गर्नू। बौद्धाचार्य गुभालले चित्रकारी, साल्मी, छिपा, भाट, गठ, लोहकर्मी, कुमाल, नाऊ र बांडा यी नौ किसिमका जातको यजमानी गर्नू।

पञ्चप्रजाहरूलाई बाँधेको स्थिति– सिपाहीलाई ढाल-तरवार, खाली प्रजाहरूलाई डोकोबोको, सबैले आफ्आफ्ना कर्ममा रहनू। ब्राह्मणलाई सिपाहीले पाउलागी गर्नू। ब्राह्मणले स्वस्ति कल्याण, दीर्घायु यस्तो आशीर्वाद दिनू। सिपाही र नेवारले परस्पर रामराम गर्नू।

चार वर्ण छत्तीसै जातका निति बाँधेको स्थिति– मानिस जन्मदा सुँढिनीलाई दिने दस्तुर– चिउरा कुरुवा १०, चामल कुरुवा १० र जन्मेदेखि नुवारनसम बालकलाई दिएको वस्तु त्यस सुँढिनीले पाउँदछे। डाक्दा नआउने

सुंढिनीलाई तुरु १२ दण्ड गर्नू । साबिक सुढिनीलाई नडाकी अरू सुंढिनीलाई डाक्ने र आउने सुंढिनीलाई पनि तुरु २४।२४ दण्ड गर्नू । जन्म भएको दिन अजिमाहरूलाई र नातादार इष्टमित्रहरूलाई पनि सिन्दूरसुपारी दिनू । देवताहरूलाई सिन्दूरको पोका र दक्षिणा चढाउनू । गुरुपुरोहितलाई पनि दिनू । सिचुपालु पनि चढाउनू । दिन विचार गरी बढिया दिनमा पिछिनीलाई डाकी नाल कटाउनू । त्यसलाई दस्तूर चिउरा कुरुवा ५ चामल कुरुवा ५ दिनू । डाक्न जांदा नआउने पिछिनीलाई तुरु १२ दण्ड गर्नू ।

बालक जन्मेका चौथा दिनमा— अजिमालाई सिचुपालु चढाउनू । सिचुपालु भनेको सुत्केरी हुँदा नून, अदुवा टुक्रा, ज्वानु र चाकु एकै ठाउँमा मिसाएको सुत्केरी हेर्न आएका सबै इष्टमित्रहरूलाई बाँड्ने बालग्रह शान्त गर्ने पदार्थ हो । फेरि सिचुपालु बाँड्नू । क्वाथ र इसीमूग चढाउनू,खुवाउनू । सेतो भोटो,पहेंलो रुमाल,मिमिरा अंगूठी र एक कुरुवा चामल तथा बुकुवातेल ल्याई दिनू । प्रोहितले सोह्रो काम गर्नू । यजमानले दक्षिणाभेटी २४ दाम दिनू । यसमा साबिक पुरोहितलाई नडाकी अर्को प्रोहितलाई डाक्ने यजमानलाई र आई काम गर्ने पुरोहितलाई तुरु ५।५ दण्ड गर्नू । जो सकेको हर्षबढाई र सिचुपालुसमेत गाउनेबजाउनेलाई दिई पठाउनू । फुपूले त्यहाँ आउने नातादारहरू र पुत्रपरिवारहरू सबैलाई खुवाउनू । काम सिद्धिएपछि फुपूलाई चोलाहरू दिई पठाउनू । पुरोहितलाई सिधादक्षिणा दिई पठाउनू । दसौं दिनमा नाऊ डाकी नङकेश बनाउनू । काममा लागेका नाऊनीनीलाई पेटभरि खुवाउनू । नाऊले आफूले पाउने वर्षदिनको ठेकबाली अड्के बाली लिई मात्र काम गर्नू । त्यसकारण यजमानले पनि नाऊनङिनीलाई दिनुपर्ने ठेकबाली नअड्काई अगाडि नै दिनू । डाक्दा आएन भने त्यस नाऊलाई तुरु १२ दण्ड गर्नू । यजमानले साबिक नाऊ छाडी अर्को नाऊ डाकेर काममा लगाए भने काम लाउने गर्ने दुवैलाई तुरु १२।१२ दण्ड गर्नू । हरबखत वर्षदिनसंम काम गर्ने नाऊलाई दिउसो खान खाजा चिउरा दिनू ।

देवपाटनमा बसेका लुगा धुने संघत भन्ने जातलाई लुगा धुन बिदा एक पाथी चिउरा र चौध दाम दस्तूर दिनू । डाक्न जांदा नआउने संघतलाई तुरु ३ दण्ड गर्नू । साबिक संघतलाई छोडी अरूलाई डाकी काम लगाए सो गर्ने गराउनेलाई तुरु ३।३ दण्ड गर्नू ।

सूतकभित्रमा ज्योतिषीलाई डाकी बढिया दिन हेरी चिनाचिटा गर्नू । ज्योतिषीलाई १२ दाम दस्तूर दिनू । ब्राह्मण र रजपूतको १२ दिनमा नामकर्म गर्नू । अरू जातको १० दिनमा गर्नू । पुरोहितले कलशपूजा गरी नाम ठहराएर पंचसुगन्ध पदार्थले जन्मपत्रीमा नाउँ लेखी बाँचेर बालकलाई सुनाउनू । त्यसो गर्दा सुंढिनीले बालकलाई स्नान गराउनू । घृतप्राशन गराउनू । मिमिरा अंगूठी, भोटो, बुकुवा र तेल लगाइदिई रुमाल दिनू । कलशपूजाहरूमा र अजिमाको काम गर्दा सिचुपालु चढाउनू । ती काममा लाग्ने मानिसलाई पनि सिचुपालु बाँड्नू । माइतबाट ल्याएको टीकाको सरजाम सौंपनू । माइतबाट आउने मानिसलाई पेटभरि खुवाएर दाम दिई बिदा गर्नू । अजिमालाई दिने पदार्थहरू बाटामा लगी फाल्नू । त्यस दिनदेखि बालकलाई महमा घोटी औषधी खुवाउनू ।

तेस्रा महीना लागेपछि बढिया दिनमा कलशपूजा गरी शुभ लग्न र मुहूर्तमा कुलका मान्ने स्त्री वा पुरुषले नरिवल, कपूर, गुलियो फल र ऊखुको रसहरू खुवाउनू । अनि सुंढिनीले बलि फाल्नू । यजमानले ब्राह्मणलाई सिधा र दक्षिणा दिई बिदा गर्नू । माइतबाट आउनेलाई खुवाई २।२ दाम दस्तूर दिएर बिदा गर्नू । त्यस बखतदेखि बालकलाई फलसातु चल्यो ।

छ महीना लागेपछि बढिया दिन र मुहूर्तमा ब्राह्मणले कलशपूजा गरी चौरासी जातका परिकार भएको व्यंजनहरू र शालिधानका एक कुरुवा चामलको भातसमेत खाने पदार्थहरू ठूलो थालमा त्रिकुटीसमेत राखेर पस्की पहिले त्यही हिसाबको व्यंजन, भात, दहि आदि खाने पदार्थहरू अजिमालाई पर सारी असल बेलामा कुलका मान्ने पुरुष वा स्त्रीले पंचग्रास खुवाई ठूलो गांस गरी तीन गांस खुवाउनू । देवदेवतालाई ९ भाग भेटी र ब्राह्मणलाई सिधादक्षिणालाई दिई बिदा गर्नू । त्यस दिनदेखि बालकलाई अन्न चल्यो ।

चूडाकर्मः— अघिल्ला दिन कुलका मान्ने पुरुषले मङकपाल बनाएर खलीपिनाले नुहाई शुद्ध हुनू । भोलिपल्ट

उनले गणेशपूजा, नान्दीश्राद्ध, पीठपूजाहरू, पूर्वाङ्ग र गुरुनाथको पूजासमेत आचार्यका हातबाट गराउनू । त्यसपछि बटुकका शिरदेखि पाउसंम सूत्रले नापी १०८ आवृत्ति गरी कुमारीका हातले बेह्री बनाएको अधिवासनसूत्र, सुगन्धद्रव्य, स्वस्तिकचिह्नित पदार्थहरू र अग्निसंस्कृत लोहको क्षुर, शकुनफलहरूसमेत जम्मा गरेर अभिषेक दिई नवरत्नमुद्रिकाले बटुकका केशमा बाँध्नू । देवतालाई भेटी चढाउनू । कुमारीको पूजा गरी ब्राह्मण, जोसी र आचार्यहरूलाई पूजा गरी सिधादक्षिणा दिनू । अनि त्रिकुटीसहितको ठूलो थालमा शालिधानको एक कुरुवा चामलको भात जम्मै पस्की चौरासीव्यंजनसमेत त्यस बटुकलाई पंचग्रासपूर्वक भोजन गराउनू । अनि उच्छिष्ट कलुप फाल्नू ।

भोलिपल्टे प्रातःकालमा सामग्री तयार गरी यज्ञमण्डपमा पूर्वाङ्गकर्म सिध्याई ब्रह्मार्चन गरेर होम गर्नू । सुलग्नमुहूर्तका बखतमा मातुल, क्षुर, सुवर्णसूचीहरू चन्द्रमण्डल थलियामा राखेर पूजा गरी सर्वौषधीयुक्त जलले बालकको केश भिजाउनू । केशमा पंचपल्लव बाँधी मावलीका हातले पहिले पूर्वतिरको केश, अनि क्रमैले दक्षिण, पश्चिम, उत्तरतिरको केश छेदन गर्नू । फुपूले चन्द्रमण्डल थलियामा थाप्नू । मामाले सुवर्णसूचीले सुगन्धी चन्दनद्वारा चिह्न लगाइदिनू । अनि संपूर्ण केश नाऊबाट खौराउनू । कान छेड्नू । ठाडो टीका लगाउनू । स्नान गराई कपालमा श्रीखण्डले सेतो तिलक लगाइदिनू । निधारमा स्वस्तिक लेखी शकुन आशीर्वादहरू पढी वस्त्र पहिराउनू । ठाडो चन्दन लगाउनू । देवताहरूलाई भेटी र ब्राह्मणलाई सिधादक्षिणा दिनू । यज्ञविसर्जन र अभिषेक गरी सूर्य, गणेश आदि देवताहरूको दर्शन गराउनू । मामाका घरबाट ल्याएको टीका लगाइदिनू । ल्याउनेलाई खुवाई २।२ दाम दस्तूर दिनू । फुपूलाई चोलो १ र चन्द्रमण्डलको थाल दिनू । नाऊलाई चार दिन क्षौरकर्ममा लगाएको वस्त्र र खानेकुराको भाग तथा १२ दाम दस्तूरसमेत दिई बिदा गर्नू । यी काममा लाग्ने साबिक मानिस छोडी अरूलाई डाकेर काममा लगाउने यजमान र गर्नेलाई पनि तुरु २४।२४ दण्ड गर्नू । डाक्दा नआउने यिनीहरूलाई पुरोहितलाई तुरु १२, जैसीलाई तुरु ६, फुपूलाई तुरु ८, चित्रकारीलाई तुरु २, कुमाललाई तुरु १०, नाऊलाई तुरु ३६ दरले दण्ड गर्नू । यो ब्राह्मणक्षत्रियको चूडाकर्मको व्यवस्था हो । अरू जातका इकमा कलशपूजा मात्र गरी क्षौर गर्नू । दण्डका हकमा माथि लेखिएबमोजिम गर्नू ।

व्रतबन्ध– व्रतबन्धका पूर्वदिनमा अधिवासन, गणेशपूजा, कलशस्थापन, नान्दीश्राद्ध आदि चूडाकर्ममा गरेबमोजिम कर्म गरी गुरुले होम गर्नू । शुभ मुहूर्तवेलामा यथाक्रमले गुरुमण्डल इन्द्रादि देवताहरूको पूजा गरी दण्डादि ग्रहण र भूषणधारणपूर्वक मौजीबन्धन गरी अन्त्यमा गोदानहरू गर्नू ।

आरम्भकाल– ब्राह्मणको माघादि, आषाढादि र भाद्र शुक्लमा आरम्भ गर्नु बढिया हुन्छ । क्षत्रियको असल साइतमा आरम्भ गर्नु बढिया हुन्छ । मौंजीबन्धनका अष्टम दिनमा समावर्तनकार्य गर्नू । त्यसपछि कुलदेवताको पूजा गरी अभिषेक भोजनहरू गर्नू । यो ब्राह्मण र क्षत्रियको व्यवस्था हो । अरू जातले कलशपुजा मात्र गरी व्रतबन्धन गर्नू । अरू कर्म गर्नुपर्दैन । यति कर्म भइसकेपछि स्वजातको धर्ममर्यादामा रहनू ।

खुसलदेखि उपल्ला जातले त्यसमनि कुलूसंमका जातका हातको पानी नखानू । कदाचित् भूलमा पनी खाए चान्द्रायण गरी पंचगव्य खाएर ब्राह्मणलाई गोदान गरी रात्रीमा ताराको दर्शन गरेर भोजन गर्नू, शुद्ध हुन्छ ।

अकला पर्दा जानीजानी खायो भने प्रजापत्य चान्द्रायण र गोदान गरी ब्राह्मणलाई सिधादक्षिणा दिएर सरकारमा तुरु १२० दण्ड तिरी पंचगव्य गंगाजल खाएर आफ्नो जातलाई तुरु १२।१२ दिई उनीहरूलाइ भोजन गराएर रात्रीको ताराको दर्शन गरी स्वजातिसंग भात मिलाउनू ।

बाबु ब्राह्मण र आमा विधवा रजपूतनीबाट जन्मेका जैसीलाई जनै दिई शिखा गायत्री दिनू । ती जैसीब्राह्मणले संकल्प पढ्नू । श्रेष्ठजातसंग विवाहकर्म गर्नू । ज्योतिषशास्त्र पढ्नू । पात्रो बनाउनू । ग्रहणयोग र स्नानादियोगहरू कहनू । चिह्ना लेख्नू । यति कार्य गर्न हुन्छ । यीबाहेक अरू ब्राह्मणले गर्ने कार्य गर्न हुँदैन । कदाचित् यस कार्यको मर्यादा नाघी जैसीजातले अरू ब्रह्मकर्ममा प्रवृत्त भए त्यस जैसीलाई तुरु १२ दण्ड गर्नू ।

बाबु ब्राह्मण र आमा स्ववर्ण क्षत्रिणीबाट जन्म हुने कर्माचार्य भन्ने जातले शिखा गायत्री पाई तुलजादेवीको टहल गर्नू । कदाचित् कुनै कारणले देवीको काम अड्क्यो भने मनि पूजा नअड्काउनू । अरूले छुन नहुने देवदेवतालाई कोको राज हुने ठाउँमा ल्याउनू । कर्माचार्यले आफ्ना पुर्खामा नचलेकोमा बल मिची जनै लाए जनै छिनालिदिई त्यस कर्माचार्यलाई आगामा लाल गरी पोलेका फलामका छापकी जनै लगाइदिनू । अरू कुरामा माथिकै सदर ठान्नू ।

जैसी जातले आफूले गर्नु हुने कर्महरूबाहेक बलमिचाइ गरी उपल्ला जातले गर्ने कर्म गरे त्यस जैसीको जनै छिनाई कोठजातमा मिलाएर तुरु २४ दण्ड गर्नू ।

ब्राह्मणले खुसल्नीलाई स्वास्नी तुल्याए भने तुरु १२० दण्ड गर्नू । प्रजापत्य चान्द्रायण गरी आफना जातवर्गीलाई तुरुक २४ दस्तूर दिएर भोजन गराउनू । पंचगव्य, गंगाजल, शालिग्रामको जल र तुलसीजल खाई रात्रीमा ताराको दर्शन गरेर भोजन गर्नू, शुद्ध हुन्छ ।

तपिनी, मुसल्नी, सालिमनी, चित्रकार्नी, भटिनी र धुलपुलिनी जातका स्त्रीलाई ब्राह्मणले स्वास्नी तुल्याए खुसल्नीसंग बिग्रँदा हुनेबमोजिम कार्य गरी शुद्ध हुन्छ ।

नाऊनी र संघतनीसंग ब्राह्मण बिग्रे तुरु १४० दण्ड गर्नू । अरू माथि लेखिएबमोजिम गरी शुद्ध हुन्छ ।

लोहकार्नी, कौनी, माहुतिनी, छिपिनी, मालिनी, बलिनी, कसाइनी, गठिनी, संखनी, छत्रकार्नी, सबल्नी, सुडिनी, कुस्लिनी, बलामिनी र माझिनी जातका स्त्रीलाई ब्राह्मणले स्वास्नी तुल्याए तुरु ४८० दण्ड गर्नू । चान्द्रायणका हकमा माथि लेखिएको दोबर गरी अरू कर्म लेखिएबमोजिम गर्नू, शुद्ध हुन्छ ।

पोडिनी, च्यामिनी र कुलुनीजातका स्त्रीलाई यीभन्दा उपल्ला जातका पुरुषले स्वास्नी तुल्याए उही जात हुन्छ, प्रायश्चित्त छैन । नजानी भूल परी बिग्रे तुरु २४० दण्ड गर्नू । तीन प्रजापत्य चान्द्रायण गरी अरू कर्म माथि लेखिएबमोजिम गर्नू, शुद्ध हुन्छ ।

यी सबै जातमा लोग्ने भएका स्वास्नीसंग बिग्रे सुनशृङ्गी रुपियाँ ६० दण्ड गर्नू । अरू माथि लेखिएकै सदर गर्नू ।

लाग्ना जानेका सुवासिनीसंग बिग्रे लेखिएका दण्डको दोबर दण्ड गर्नू । यी माथि लेखिएका कसूरहरू क्षत्रिय जातले गरे त्यसको आधा दण्ड गर्नू । प्रायश्चित्त पनि आधा गर्नू । अरू कुरामा ब्राह्मणलाई हुनेबमोजिम गर्नू । वैश्यजाति बिग्रे भने दण्डका हकमा क्षत्रियलाई हुनेबमोजिम गर्नू । प्रायश्चित्त आधा गर्नू । अरू लेखिएकै सदर । शूद्रजाति बिग्रे भने दण्डका हकमा क्षत्रियलाई हुने दण्डको आधा दण्ड गर्नू । चान्द्रायण माथिकै सदर ।

प्रायश्चित गर्नु नपर्ने लोग्ने हुने स्वजातका स्वास्नीसंग बिग्रे सुनशृङ्गी रु. ६० दण्ड गर्नू ।

असल जातका स्वास्नीसंग उभन्दा कम जातको पुरुष बिग्रे भने जातको पंक्ति बढाई स्वास्नीको गर्भ रहेको छैन भने भूल परी बिग्रेको भए चौयाइ दण्ड गर्नू । चान्द्रायण प्राजापत्यका हकमा माथिकै सदर गर्नू । जानी जानी बिग्रेको भए दण्ड चान्द्रायणका हकमा दोबर बढाई गर्नू । अरू माथि लेखिएकै सदर गर्नू ।

लोग्ने हुने ब्राह्मणीसंग ब्राह्मण बिग्रे सुनशृङ्गी रुपियाँ ३०दण्ड गर्नू । ती ब्राह्मणी आफ्ना जातबाट भ्रष्ट हुन्छिन् । लोग्ने भएका ब्राह्मणीसंग क्षत्रिय बिग्रे लिंग काटी सुनशृङ्गी रु. ३० दण्ड गरेर खोलापारि लगेर त्यस क्षत्रियलाई एकै चोटमा मर्ने गरी चाण्डालका हातबाट हानी मार्नू । विधवा ब्राह्मणीसंग क्षत्रिय बिग्रे लिंग मात्र काटी सुनशृङ्गी रु. ३० दण्ड गर्नू । त्यस क्षत्रियले आफ्ना जातभातमा जानुपरे प्राजापत्य चान्द्रायण गर्नू, अपराध शुद्ध हुन्छ । लोग्ने भएका ब्राह्मणीसंग वैश्यजात बिग्रे भने लिंग काटी सुनशृङ्गी रु. १२० दण्ड गर्नू । दुवै लोग्नेस्वास्नीलाई चान्द्रायण छैन, अपराधी ठहर्छन् । विधवा ब्राह्मणीसंग वैश्य बिग्रे लिंग काटी सुनशृङ्गी रु. ६० दण्ड गर्नू । ब्राह्मणीलाई चान्द्रायण छैन, अपराधी हुन्छे । त्यस्ता वैश्यले आफ्ना जातभातमा चल्नुपरे १० प्राजापत्य चान्द्रायण गर्नू, शुद्ध हुन्छ । लोग्ने हुने ब्राह्मणीसंग शूद्र बिग्रे लिंग काटी ज्यान

चाण्डालका हातले त्यसलाई कटाउनू । ब्राह्मणीलाई चन्द्रायण छैन, लोग्नेको जातमा मिल्छे ।

**जातविशेषको कार्यव्यवस्था ।**

सानो ठूलो छुट्टिने गरी तल्ला जातदेखि क्रमैले देखिन्छ ।

कुलू जातले गर्ने कामको व्यवस्था– आफ्ना जातका हातबाट कपाल खौरनू, नङ काट्नू । वृद्धिसूतक र मृतसूतकको कर्म पनि आफाफूले गर्नू । आशौच १० दिन बार्नू । पैंतालीसदिने पिण्डकर्म र सपिण्डीकर्महरू पनि आफ्ना जातका नाइकेका वचनले आफ्ना जातका जान्ने मानिसका मुखबाट वाक्य पढी गराउनू । छालाका कूवा, गाग्रो, थैली, थैलो आदि मालहरू बनाउनू । बाजा पेटाराका गोलामा छाला लगाउनू । आफ्नो जातले गर्ने छालाको काम छोडी अरू जातले गर्ने इलम गरे त्यस कुलूलाई तुरु १२० दण्ड गर्नू । यस जातले आफ्ना जातमा विवाह गर्न पाएन भने आफ्नो जात नदबाई स्वास्नीलाई राजी गराई श्रेष्ठदेखि कुसलेसंमका जातका स्वास्नी ल्याउनू, बात लाग्दैन ।

पोडेजातको व्यवस्था– आफ्ना जातका हातबाट कपाल खौरनू, नङ काट्नू । आफाफूले वचन पढी सूतकपिण्डहरू गर्नू । जोडी मिलाई जोर पोशाक नलाउनू । सुनको गहना नलगाउनू । सूर्यनारायण अस्त भएपछि विनाकामले शहरभित्र नपस्नू । पीठदेवताका समीपमा बसी देवताका गहनाको संभार गरेर नैवेद्य मागी खानू । माछा मारी र भंगेरा समाती बेचेर खानू । आफूभन्दा ठूला जातलाई नछुनू । गाई नखानू, सुंगुर खानू । मुर्दाका लुगाहरू बटुलेर लिनू । श्मशानको दस्तूर १ दाम लिनू । पोडिनीले सती जाने स्वास्नीमानिससंग प्रेमपूर्वक मागी जोरपोशाक लिनू । सती जाने स्वास्नीमानिसले लोग्नेसंग नमरी चित्ताबाट झरेर जान्छु भनी भने त्यस स्त्रीले पोडिनीसंग मिली त्यही जात भई बस्नू ।

डुमजातको व्यवस्था– कुसलेजातसँगसँगै मिली ढौलक बजाउनू । स्वास्नी नचाएर कमाई गरी खानू । मृतसूतककर्म र त्रैपक्षिककर्महरू आफैंले गर्नू ।

कुसलेजातको व्यवस्था– सबै प्रजाका मंगलकार्यमा बाजा बजाउनू । सामान्य कार्य गर्दा दस्तूर १२ दाम लिनू । विवाहकार्यमा भए रु. ।। दस्तूर लिनू । पास्नी, चूडाकर्म र व्रतबन्धमा जनही दस्तूर दाम ६।६ का दरले लिनू । मंगलकार्य गर्नेले यिनीहरूलाई पेटभरि खुवाउनू । यस जातले डाक्दा नआई काम अड्काए तुरु १२ दण्ड गर्नू । टोलटोलमा दुनियाँहरूको चोक बढारी खानू । कापालिक भेष भई डमरु बजाएर मागी खानू । सूतक दिन ६ र मृतक दिन ७ बार्नू । मृतक गाड्नू । पुरोहित आफ्नै जातको हुनू । मरेमा त्रैपक्षिक कार्य गर्नू । खेतबारी कमाउनू ।

कसाईजातको व्यवस्था– आफ्ना जातका हातबाट नङ, केश बनाउनू । दुनियाँको शवलाई श्मशानघाटमा लैजांदा सतीको बाजा बजाएकोमा एक एक टका र अरूमा तीन तीन दाम दस्तूर लिनू । दुनियाँका काममा रांगो काट्दा एक दाम वा एक पैसा दस्तूर लिई काट्नू । भित्र टीकावाल रांगो नकाटी बाहिर रांगा नकाट्नू । भलामानिसलाई त्यो मासु नबेच्नू । चौरमा प्रजाहरूको रांगो काट्नुपरे राजदस्तूर एक पैसा लिएर मात्र काट्नू । मासुको व्यापार गर्नेले दोबर राजदस्तूर दिनू । दुनियाँले बंदेल काट्नुपर्‍यो भने सरकारमा टाउको चढाई आफ्नो दस्तूर आठ पैसा लिई मासु छुट्याइदिनू । आफूभन्दा ठूला जातलाई दहीदूध नबेच्नू । घीउ पनि नदिनू । सूतक दिन ६ र जूठो दिन ७ बार्नू । त्रैपक्षिककर्महरू माथि लेखिएकै सदर । खेती गर्नू । पुरोहित गुभाल गर्नू ।

नरीजातको व्यवस्था– भित्तामा चित्रकार लेख्नू । फर्मायसी चित्र पनि लेख्नू । कसाईबाट नङकेश कटाउनू । चिउरा कुट्ने मुशल नसमात्नू । सूतक दिन ६ र मृतक दिन १० बार्नू । त्रैपक्षिक कर्म गर्नू ।

मालीजातको व्यवस्था– फूल बेची साटी खानू । सूतक, जूठो, त्रैपक्षिक र पुरोहितहरू नरीजातका बमोजिम गर्नू ।

छिपाजातको व्यवस्था– नीर आदि रंगहरूले धागो कपडाहरू रंगाउनू । कसाईबाट कपालनङ कटाउनू । सूतक, जूठो, त्रैपक्षिक र पुरोहितहरू नरीजातको बमोजिम गर्नू ।

(क्रमशः)

# ऐतिहासिक पत्र—स्तम्भ

सं.१९११ साल चैत्र वदि९ रोज २ श्री प्राइम्मिनिष्टर-बाट नायक रामसुन्दरके फागुन शुदि १० रोज २ का दिन लेष्याको अर्जि चैत्र वदि ८ रोज १ का दिन आइपुग्यो अर्थ मालुम भयो उप्रान्त फागुन वदि ५ रोज ३ का दिन टिंगरि पुगी तालोयर धापोङसंग भेट गरी मलाई ता चाडो जानु भन्या मर्जि भयाको छ भन्या कुरा वढिया गन्याछौ तालोयर धापोङले अम्वासंग नसाधी हुंदैहुंदैन भनी राष्या फागुन शुदि ७ रोज ६ का दिन तालोयर धापोङले फागुन वदि १३ रोज ४ का दिन ल्हासावाट स्याठाकाजी आउछन् जो हुन्या कुरा उनी आइपुग्यापछि होला भन्या कुरा गन्या भनि लेष्याका कुरालाई श्री ५ वादशाहका हजूरमा चह्राइ पठाउन्या अर्जि र अम्वालाई जान्या चिठि ली ल्हासाका अम्वासंग पुन्याउनु भनी तिमिलाई पठायाको हो श्री ५ वादसाहका हजूरमा चह्राइपठायाको अर्जि र अम्वालाई लेष्याको चिठी टिगरीमा अट्काउन्या होइन अट्काया छन् मुलुक जान्या आउन्या लाषौं प्राणीको कत्तल हुन्या येस्ता वेहोराका अर्जि र चिठी थुन्याछन् वढिया भयो भोटसंगका लडाइँनिमित्त थोरै फौज फागुन महीनाका दिन २३ जादा रवाना भयो फौज ल्हासा पुग्यापछि श्री ५ वादसाहवाट जस वेलामा षोजी होला उस वषतमा अरज विन्ति गर्नालाई वडियै छ वैसाषका दिन १५ जादासंम हाम्रो यो रवाना भयाको फौज केरुङ कुगादेषि वढन्याछैन कुटिवाट भैरवलंगुर नाघन्या छैन यो फौजको रैयत पर्जा कसैलाई लुटपीट गर्न्याछैनन् उसै हातहतियार पनि कसैमाथि चलाउन्याछैनन् भोटवाट हात छोड्या भन्या हाम्रा फौजले पनि हात छोड्न्याछन् येस विचमा हाम्रो चित्त वुझाई भोटवाट घा सलुक गन्या भन्या हाम्रो फौज ताहींवाट फिरि आउन्या छ वैसाषका १५ दिन जांदा सम्ममा घा सलुक भयेन भन्या याहाँ नेपालदेषि ल्हासासंम छाविन्या गरी काला मेघ जस्ता फौज ली चढाइँ गर्न म आउछु म याहाँवाट फौज ली उठ्यापछि भोटवाट घा सलुक गरौं भन्या पनि मानिन्या छैन तिम्रा अर्थलाई जाउ भन्छन् भन्या ल्हासा जानु अर्जि चिठी फिर्ता गरि लैजाऊ भन्या ल्हासा नेपाल जाहाँ पठाइदी वढिया हुन्छ तिमी आफैं पठाइदेऊ भनी अर्जि चिठी ताहीं छोडी आउन्या काम गर... ... ... ... ... ...

| श्रीकुमारी | श्री ५ सरकार |
|---|---|
| १ | २ |

स्वस्ति श्री मन्निजदोर्दण्डकमलकलितकरालकरवालनिराकृतारिकदम्ब श्रीमद्राजकुमार कुमारात्मज श्री श्री श्री प्राइम्मिनिष्टर कम्याण्डर इन चिफ जनरल दाज्यैज्यू वंवहादुर कुंवर राणाजि वर्म चरणकमलयुगलेषु इतः श्रीमद्राजकुमारात्मज श्री मेजर जनरल कृष्णध्वज कुवर राणाजिको कोटि कोटि साष्टांग दण्डवत् सेवा शतम् पूर्वक पत्रमिदम् यहाँ निक ताहाँ हजूरका गात सदा कुसल मंगलोदय हुनुभया मेरो प्रतिपाल उद्धार होला आगे यहाँको समाचार भलो छ उप्रान्त उत्तरतरफ लडाइँ लाग्दा १९११ सालका वालिमा यस दरवंदिले रसद वोकी जंगिगोदाममा पुन्याई रसिद लिनु भन्या दस्षत भै भरमुलुकमा गयाका हुन् दस्षतमा लेषियाका दरले आफु आफुलाई लागन्या रसद दुनियाले पुन्याया नपुन्यायाको रसिद जाँची दरवंदिवमोजिमको रसद पुन्यायाकारह्यानछन् भन्या वांकी रह्याका रसदको डेढा वढीका दरले र १२ सालका वालिमा ११ सालका दरवंदिवमोजिमको रसद जंगीगोदाममा नपुन्याई वांकी राष्याको जो छ षसोषास जांची ठहराई ठहन्यावमोजिमका लगत रसदको अंन मुरि १ को मोहर रुपैयां २।। का दरले रुपैयां तहसिल गर्नु भन्या वेहोरासहित जागिर षेत ७ षुवा वा रुपैयां ८० संम षान्या र तलवदारमा मोहरु ४०० षान्या विर्ता वेष

बुन्याद फिक ढार मरवट ज्यूनी छाप मानाचावल भया ई मोहरिया घरवारि माफि नानकार सुनाविर्ता सेवाविर्ता रजवाधा किपट गुठि मठ सदावर्त मढि पेटियाषर्च गैह्रको १२ सालका उठतिवमोजिम १३ सालका वालिलाई तिन षंडको १ षंड विर्तावार गैह्र जमीनवाला समाई तिम्रा तैनाथका पल्टन कंपनिका पगरि हुद्दा सिपाहि पठाई तहसिल गरिली डिट्ठा वेनिमाधव पाध्यामार्फत...१... चोक वुझाइ फारष लिनु भंन्या वेहोराको मेरा नाउमा सवाल पठाइ वक्सनुभयाको रहेछ वहुत वढिया भयो गरिप्रवर जंगीरसदको वेहोरामा अघि भेरिपश्चिम महाकालिपूर्वको रसद जम्मा गर्नु भन्या वेहोराको सनंद आउँदा सोहि रीतसंग रसद जम्मा गर्न्या काम भयाको हो पछि यस दरसंग रसद उठाउनु भन्या वेहोराको दर षोलियाको दस्षत आउँदा सोवमोजिम मुलुकमा हाम्रो दस्षत पठाई रसद असुल गर्न लगायाको हो पछि सल्ल्यानामा ११ हजारको रसद षरिद गर्नु भन्या मर्जि आउँदा...२... को वन्या सप्रन्या कुरामा तिम्रा तजविजले काम गर्नु भन्या मर्जि आउँदा अछाममा र वढां घुलिमा रसद गोदाम वांधियाको थियो दरवंदिवमोजिमको रसदमा कुप गरी सल्ल्यानाका रसद वोकनालाई अड्डा अड्डा वांधी हाम्रो दस्षत गरि पठाइ सल्ल्यानाका रसद वोक्न लगायाको पनि छ अछाममा जम्मा वाधियाको रसद वोकनालाई वाजुरा भरअम्वललाई र डोटिवाट गयाको वढां धुलि जगेरामा जम्मा भयाको रसद वोकनालाई वढां भरअम्वललाई पनि दरवंदिवमोजिमको रसदमा कुप गरि वढां धुलि जगेराको रसद वोकनालाई हाम्रो दस्षत गरि-पठाई रसद वोकायाको पनि छ यसतरफ मुलुकमा भयाको वेहोरा विन्ति चह्राइ पठायाको छु असुलतहसिल गर्नु भन्या मेरा नाउमा सवाल भै आयाका अर्थलाई र गरिपरवर जंगिकाजलाई यकाउन्न हजार सात सय रुपैयां हुंडि भै आयाका हुन् तेसमध्ये असुल भै हामिसंग दाषिल भयाका रुपैयांको अनाज गैह्र आंदानि षर्च मिलाउन र पल्टन कंपनि ताकलाषार जांदा निज पल्टन कंपनिका मुलुकमा वांकि रह्याका वालि असुल तहसिल गरि...१... मा वुझाउनुपर्न्या...२...मा वुझाउन र जागिरदारलाई वुझाउनुपर्न्या जागिरदारलाई वुझाउन्या काम पनि संपुर्न भै सकियाको छैन फेरि यो रकम लिकन संपुर्न गरिसकुंला भन्या जस्तो नलाग्दा हजुरमा विन्ति चह्राइपठायाको छु म वालषपर करुना राषिवक्सि मेरा नाउमा भै आयाको सवालको रकममा ताहिंवाट मानिस षडा गरि पठाइववस्या-जावस् अघि म धनकुटा जांदा कंपूकोट तहसिललाई सुवेदार अजप थापा र लेषन्या मानिस दफदरवाट गयाथ्या तहसिललाई हुद्दासिपाही हजुरका मर्जिवमोजिम मवाट दिई असुल तहसिल भयाको हो गरिपरवर अैले पनि सोहि रीतको वेहोरा वाधिवक्स्या ४ सय पल्टनले भेटायासंम तरतहसिललाई मवाट मद्दत दिन्या काम गर्दा हुँ ज्यादा हजुरका गातको छेमकुसलसहित सिक्ष्यांति मेहेर भया मर्जिवमोजिम कामकाज गर्दा हुँ इति सम्वत् १९१३ साल मिति भाद्र सुदि १५ रोज १ मुकाम डोटि सिलगढी... ... ... ...

### श्री रैफल देवीदत्त गनेसदल वरष

१

अर्जि ... ... .... ... ... .... ... ...

उप्रान्त हजुरका आसिरवादले आनन्दपूर्वकसंग आज गरा आइपुग्यां कुगा केरुंमा आजकाल नुनले साह्रो कठिन पर्याको छ कदाचित् पाइयो भन्या पनि मोहोरको येक माना आधा मात्र पाइन्छ भन्या षवर लेषी आउँछ कम्यांडर कर्णेलले केरुंमा साह्रै गैह्रो छ आडपयाड वनाउन पनि हुदैन रसद पनि राषनु हुँदैन आड पनि पांसिटारमा वनाउनुपर्छ पांसिटारको छुंदिगाउमा रसद पनि राषनुपर्छ अव आयाको रसद पांसिटारको छुंदिगाउमा पर्नुपर्छ भनी प्रोहित चतुर्भुजदत्त अर्ज्यालिलाई र गोदांमा रहन्याहरूलाई लेषि-पठायाका रह्याछन् मलाई पनि मैले यो अठोट गर्‍याको छु हजुरवाट पनि प्रोहित गैह्र गोदांमा रहन्याहरूलाई येही वेहोरा हजुरवाट पनि लेषीवक्स्या वढिया हुँदो हो भनी निज कम्याण्डर कर्णेलले लेषिपठायाको थियो अघि यो वेहोरा हजुरवाट मर्जि भै पांसिको विकटलाई आड थामी अरू छाउनी आड भत्काई केरुं सहर भित्र पारी आड पनि बनाउनु पल्टनका षलंगा नपुग्याका पनि वनाउनु भन्या वेहोरा लेषी गयाको थियो आज कम्यांडर कर्णेलले यो वेहोरा लेषी पठाउदा मेरा तजवीजमा पनि लागेन र केरुंगमा रसद भर्नुपर्छ केरुं सहर भित्र पारी आड पनि हुँदैन छुंदिगाउमा रसद भर्न पनि हुँदैन भनी लेषी पठायां झुगालाई दाउराका तर्ताकिहिलाई र नौ सये केरुं उठाई ढेवाषां स्वांदि पनि कुकुरघाटतर्फ गयेछ कुकुरघाटमा आड

बताउनालाई...१... इ ४ पल्टन लाग्याका रह्याछन् इ आउन्या घाइत्याहरूमध्ये कसैका षर्च पनि सकियाको रहेछ र घा हेरी बाटाषर्च येक रुपैया दुइ रुपैया दिन्या काम गर्‍यां हजुरमा के बेस पर्‍याको छ मा राषिवक्स्याजाला विज्ञ चर्णेषु किमधिकम्... ... .... ...

इत श्री जनरल जगतसेर जंग वर राणाजीको कोटि कोटि साष्टांग डंडवत् सेवा सहस्रम्...

इति सम्वत् १९१२ साल मिति मार्ग सुदि ६ रोज ७ मोकाम गरान सुभम्... ... ... ...

सम्वत् १९१२ साल मिति वैसाष वदि ३० रोज २ का दिन घाइत्या भयाका जम्मा जवान — १३

श्री जंगनाथ पल्टनको — ६

१ पट्टी — ४

सिपाही रत्नसि टीषरामा गोली छिचल्या — १

ऐ कुविर्छिरि लामा कोषामा गोली ननीस्क्याको — १

अमलदार भारथ देवऱ्या पाषुरामा गोली लाग्याको — १

सिपाही स्यालपां बतास्या वाम गोडाको पाइतालो छिचल्याको — १

---

२ पट्टीका सिपाही जीतमान लामा पानसय षोला डाडापानी काषीमा गोली लागन्या — १

३ पट्टीका सिपाही कृतसि लामा रामपुर हलक्याला छिचल्याको — १

---

श्री भैरवनाथ पल्टन २ पट्टीको सिपाही अकलमान लिंबु घुडा छिचल्याको — १

श्री महीन्द्र पल्टनको — ४

१ पट्टी — २

अमलदार चन्द्रसि षडका चागु दाहिन्या गोडो छिचली वाउ गोडामा लागी नछिचल्या — १

सिपाही कासीनाथ पाध्या पुर्कोट पाइतलामाथी लागी छिचल्याको — १

---

२ पट्टीको सिपाही ललितवम षत्री पनौती कुममा लागी छातीवाट छिचल्याका घाउ १ पाईतलामाथिवाट लागी गोली नछिचल्याको गोली अडियाको समेत दुइ गोली लागन्या — १

२ तोपका वहीदार वेदनाथ पाध्या काठमाडौं दाहिन्या पाता गोली नछिचल्याको — १

---

श्री पुरानगोरष पल्टनको — २

१ पट्टी रंगवीर थापा गोर्षा दाहिन्या गोडामा लागी गोली नछिचल्याको — १

४ पट्टी कुलवीर थापा गुल्मी दाहिन्या सांफरामा लागी छिचल्याको — १

श्री पुरानागोरष भैरवनाथ १     श्री देवीदत्त २

अर्जि ... ... ... ... ... ... ... ...

उप्रान्त कार्तिक सुदि ३ रोज २ मा लेषिवक्स्याको कृपापात्र ऐ सुदि ४ रोज ३ का पांच घडी रात वांकीमा आइपुग्यो विस्तार हरफ हरफ पढि सिर चढायां कम्याण्डर कर्णेललाई र अगाडी लंवरमा गयाका...१... पासिटारमा रह्याका ...२.... ई पल्टनका पगरिलाई चिठी लेषी षामी आयाको रहेछ त्यो चिठी त्यहां आइपुग्ने मात्र तिमीले षोलि हेरि फेरि कुलुप वन्द गरी त्यो चिठी केरमा कम्याण्डर कर्णेल सनकसि षत्रीछेउ पुगन्या गरी चाडो चाडो राततांज गरी पठाइदिन्या काम गर ढिलो हुन नजावस् भनी लेषी वक्स्याका अर्थ मर्जिवमोजिम चिठी षोलि हेरि फेरि कुलुप मारी वन्द गरी रमाना फेरि राततांज गरी चाडो चाडो हिडाउनु भन्या हुलाकीहरूलाई उर्दी दी हिडाइदिन्या काम गऱ्यां अैल्हे रामागाउमा आयाका दुस्मनका फौजको जोर पुग्याको भया...२... पल्टनलाई राषन्या थियेन अब

अघिल्ला लेवरका कम्यांडर कर्णेलसंग गयाका २ पल्टन पनि पुगेछन् ....२... पल्टनले समेत गरी जम्मा ३ पल्टन भै रामागाउमा आयाको फौजको ध्वस्त गर्याछन् वेस असल गरी लेषी आयाको रहेछ यहांवाट चाडो चाडो गरी पठाइदिन्यां काम गर्यां येसतरफ पनि षजाना, पाल, फौज, पिरा, षलासी जो पछि रह्याको थियो विच विचमा लाम राषी वरोवर,हिडाउदैछु आज ता चतुर आलेका पौवादेषि निषृन्या छन् हरफमा कं वेस पर्याको क्ष्यमा राषिवक्स्याजावस् विज्ञचरणकमलेषु किमधिकम्... ... ... ...

इतश्री महाराजकुमार कुमारात्मज श्री जनरल जगत्संसेर जंग कुवर राणाजीको कोटि कोटि साष्टांग दण्डवत् सेवा सहश्रम्... ... ... ....

इति सम्वत् १९१२ साल मिति कार्तिक सुदि ४ रोज ३ मोकाम चतुर आलेको पौवा शुभम्... ... ... ... ...

हिसाप गरी भाउ ठेकिदिन्या काम गर्नु वृह्मदेउमंडी साविक वमोजिम इजरा कवुल गर्न्या मानिस छ भन्या इजारामा दिनु इजारामा लिन्या कोही ठहरेनन् भन्या अमानत तहसिल गर्नु भनी सर्दार कनर्कसि महतलाई लेषनु भनी लेषिवक्स्याको रहेछ वहुत वढिया भयो हजुरवाट पठाइवक्स्याको दस्षत आइपुग्यो मर्जि आयावमोजिम वैसाष जेठ वढोसंममा रसद षर्षजाना, पाषीको वषु, दोचा गैह्रको ताकिती पनि गरौला पल्टनलाई रसद दिदामा पनि मर्जि आयावमोजिमकै तर्जुमा गरी दिन्या काम गरौला मंडीका वेहोरालाई पनि मर्जि आयावमोजिम सर्दार कनर्कसि महतलाई लेषिपठाउन्या काम गर्यां सायेतको कागज र हजुरको मर्जि आयापछि वढन्या काम गरौला ज्यादा हजुरका गातको कुसल छेम सहित सिक्ष्यार्ति हरवषत मेहेर भया मर्जिवमोजिम काम गर्दाहुँ विज्ञप्ति चरणेषु किमधिकं इति सम्वत् १९११ साल मिति माघ सुदि १३ रोज ३ सुभम्.... ... ... ... ...

दाषिल ११ साल फागुन वदि १० रोज श्री प्राइम्मिनिष्टर यानका हजुरमा जुमला गल्फा दरावाट श्री कम्याण्डर कर्णेल कृष्णध्वज कुवर राणाजीवाट चह्राई पठायाको.. माघ वदि १० रोज ७ मा लेषिवक्स्याको सिक्ष्यार्तिपत्र ऐ सुदि ११ रोज १ मा आइपुग्यो विस्तार हरफ हरफ पढी सिर्चह्रायां आगे यहांको समाचार हजुरका आसिर्वादले भलो छ उप्रान्त दस्षत २ पठाइदियाको छ चैत्र महिनासंममा डेढ वर्षलाई खान पुग्न्या गरी रसद जंमा गर्नु पाषि, नंवुका वषु, दोचा तयार गर्नु वैसाष जेठमा सायेतको काम गरी वढ्नु भन्या हाम्रो चिठी नआउदा आफूलाई चाहिन्या रसद षर्षजाना ताकिती गर्नु रसद मुलुकलाई फारा लगाई वोकाउन्या काम गर्नु भाउका कुरालाई तिमीले अघि षरिद गर्दा क्या भाउले षरीद गर्याथ्यौ पछि क्या भाउ षरीद गर्याछौ दुवै पटकको षरीदीको मेज मिलाउदा क्या भाउ ठहर्छ उसै भाउमा दिनु ताहांवाट लस्कर उठदा फारालीले ज्याला मजुरी गरी लैजान पर्यो भन्या ज्याला मजुरिको

दाषिल ११ साल फागुन सुदि ११ रोज ४ श्री प्राइम्मिनिष्टरके श्री मेजर जनरल कृष्णधोज कुवर राणाजीवाट जुमला गल्फा दरावाट चह्राइपठायाको माघ सुदि ११ रोज १ मा लेषिपठाइवक्सनुभयाको सिक्ष्यार्तिपत्र फागुन वदि ८ रोज ७ मा आइपुग्यो विस्तार हरप हरप पढ़ी सिर चह्रायां आगे यहांको समाचार हजुरका आसिर्वादले भलो छ उप्रान्त मुलुकवाट आयाको रसद भर्दा स्याहामा चह्राई रसिद गरी रसिदको नकल सारी सुंपिदिनु रसिद पायौन भनी कोही कराउन आया र रसीद नदियाको ठहर्या भन्या तिमीहरूलाई हातकलम हुन्याछ भनी रसद भर्न्याहरूलाई उर्दि दिन्या काम गर भनी लेषिवक्सनुभयाको रहेछ वहुत वढिया भयो पत्र आइपुग्न्यामात्र लेषी आयावमोजिम गोदाम भर्न्या लेषन्याहरूलाई उर्दि दिन्या काम गर्यां ज्यादा हजुरका गाथको क्षेमकुसल सहित सिक्ष्यार्ति मेहेर हुदै रह्या सिर चह्राई काम गर्दाहुँ विज्ञप्ति चरणेषु किमधिकं सम्वत् १९११ साल मिति फागुन वदि रोज... ... ... ...

# बुद्धपरिनिर्वाण संवत्का विषयमा नेपाली मत

—सूर्य विक्रम ज्ञवाली

काठमाडौंमा भगवान् बुद्धको निर्वाण जयन्तीको २५०० वर्षको विराट् समारोह जसले देखेको छ उसले त्यो समारोह भएको वर्ष १९५६ सन्मा बुद्धदेवले निर्वाण प्राप्त गरेको २५०० वर्ष भएको कुरा थाहा पाएको छ। यस हिसाबले यो साल बुद्धनिर्वाण संवत् २५१५ हुन आउँछ तथा बुद्धको जन्म ५४३–४४ पूर्व कृष्टाब्दमा भएको रहेछ भन्ने चाल पाइन्छ किनभने उनको निर्वाण ८० वर्षको उमेरमा भएको थियो।

यो सिलोन (श्रीलंका) राज्यमा परम्पराअनुसार मानिआएको संवत् हो। भारतका बौद्धहरू पनि यही संवत् मान्छन्। बर्मा तथा थाइलेंडमा पनि यही संवत् मानिन्छ।

तर संसारका अरू बौद्धदेशहरूमा बुद्धको निर्वाण वर्षका विषयमा निकै मतभेद देखिन्छ। बिसेंट स्मिथले आफ्नो अर्ली हिस्ट्री अब इण्डिया नामक पुस्तकमा एसियाका विभिन्न बौद्धदेशहरूमा बुद्धनिर्वाण संवत्का विषयमा अनेक विभिन्नता भएको कुरा लेखेका छन् (चतुर्थ संस्करण–१९६२–पृष्ठ ४९–५०)। उनका कथनको सांराश तल लेखिन्छ।

भगवान् बुद्धको निर्वाण संवत्का विषयमा गनिनसक्नु मितिहरू प्राप्त छन्। देवानबहादुर एल. डी. स्वामी कन्नु पिलाईले भगवान् बुद्धको जीवनीका वर्णनका आधारमा उनको मृत्यु तिथि १ एप्रिल ४७८ पूर्व कृष्टाब्द स्थिर गरेका छन्। चीन तथा अरू ठाउँमा निर्वाणका विविध मिति पाइन्छन्। ती मध्ये कैंटनमा ४८९ साल वर्षसम्म प्रत्येक वर्ष एक बिन्दु थपेर लेखिएको प्रमाणबाट त्यो वर्षसम्म ९७५ विन्दु लेखिएका थिए। यताबाट निर्वाण संवत् ९७५–४८९–४८६ पूर्व कृष्टाब्द ठहर्छ। खारवेल शिलालेखका आधारमा सिलोनमा मानिएको ५४३–४४ पूर्व कृष्टाब्द नै अधिक प्रामाणिक ठहर्छ भन्ने मत स्वर्गीय विसेंट स्मिथले व्यक्त गरेका छन्।

यो सानो लेखको मुख्य उद्देश्य हाम्रो नेपालमा भगवान् बुद्धको निर्वाण संवत्का विषयको विचार थियो। सो विवेचना गर्ने अभिप्राय हुनाले माथि यस विषयमा भएका मतविभिन्नताका जो उदाहरण उपस्थित गरिए, ती पर्याप्त होलान्।

हालमा मेडियेवल नेपाल नामक यौटा पुस्तक पुरातत्व विभागका लिपिविशेषज्ञ श्री हेमराज शाक्य तथा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक श्री टी. आर. वैद्यका सम्पादनमा प्रकाशित भएको छ। त्यसमा माध्यमिक कालका अनेक हस्तलिखित ग्रन्थहरूका पुष्पिका तथा सोही कालका केही शिलालेखहरू छापिएका छन्। श्री हेमराज शाक्यका संग्रहमा भएको हेवज्रप्रकाश नामक ताडपत्रमा लेखिएको यौटा तान्त्रिक ग्रन्थको पुष्पिका पनि त्यसमा छापिएको छ। सो पुष्पिकामा ग्रन्थ लेखिएको समय तल लेखेबमोजिम लेखिएको छ।

"भगवति शाक्यसिंह परिनिर्वृत्ति शत १८०० वर्ष ११ मास ४ दिवस ५ शकाब्रा (शकाब्दा ?) ११९४ भाद्र दिने १४ लिखितमिदम्…… …"

उपर्युक्त अवतरणमा निर्वाण संवत्को उल्लेख रमाइलो ढांचाले गरिएको छ। पहिले १८०० भनी शत (शताब्दि)

भनी वर्ष ११ भनिएको छ । यताबाट १८११ साल भन्ने बुझिन्छ । विद्वान् प्राध्यापक महोदयले प्रस्तावनामा ५२८ पूर्व क्रृष्टाब्द बुद्धको जन्म संवत् (निर्वाण संवत् १) हो भनी लेख्नुभएको पुष्पिकामा लेखिएको वर्ष ११ लाई विचार नगर्नुभएर होला (पृष्ठ १२) । यस १८११ निर्वाण संवत्को समयमा ११९४ शक संवत् भएको पनि उपर्युक्त पुष्पिकामा लेखिएको छ । शक संवत् ११९४ भनेको ११९४–७८–१२७२ सन भयो । यताबाट १८११–१२७१–५३९ पूर्व क्रृष्टाब्द भयो । यो संवत् सिलोनमा मानिएको बुद्धनिर्वाण संवत् ५४४ पूर्व क्रृष्टाब्दभन्दा ५ वर्ष फरक छ । हाम्रो नेपालमा तेह्रौं शताब्दीमा मानिएको भगवान् बुद्धको निर्वाण संवत् सिलोनमा मानिएको बुद्ध निर्वाण संवत् पू.क्रृष्टाब्द ५४४ भन्दा ५ वर्ष पछि भएको कुरा स्पष्ट हुन्छ ।

निर्वाण संवत्को प्रयोग लेखहरूमा भारत तथा नेपाल दुवै ठाउँमा विरलै पाइन्छ । हेवज्रप्रकाशमा कसो कसो पाइएको छ तथा यसमा शक संवत् पनि लेखिएको हुनाले नेपाल उपत्यकामा तिनताक यस सम्बन्धमा के मान्यता रहेछ सो बुझ्न सजिलो भयो ।

अर्का एक जना पश्चिमका नेपाली राजाले आफूले गया (भारत)मा राखेको यौटा शिलालेखमा निर्वाण संवत्को प्रयोग गरेका छन् । ती दुल्लुका राजा, क्राचल्लका छोरा अशोक चल्ल हुन् । अशोक चल्लका गयाका उपर्युक्त शिलालेखमा "भगवति परिनिर्वृत्ते संवत् १८१३ कार्तिक वदि १ बुध" मात्र लेखिएको हुनाले यस संवत्अनुसार बुद्धको निर्वाण संवत्को हामीले जानेका संवत्सित भएको सम्बन्ध निर्णय गर्न नसकिने हुनाले आधुनिक विद्वान्हरूले यसलाई सिलोन-मा चलेको निर्वाण संवत् मानेका छन् । त्यताबाट यो १८१३–५४३–१२७० सन हुन्छ । स्वर्गीय डाक्टर मेघनाथ शाहका मतबमोजिम भारतीय शिलालेखहरू मध्ये बुद्ध निर्वाण संवत् उपयोग गर्ने यो एक मात्र शिलालेख हो । माथि उल्लेख गरिएको हेवज्रप्रकाशका हिसाबबमोजिम १८१३–५३९–१२७४ ई. सन हुन आउँछ ।

# शिलालेख र त्यसको अनुवाद

## का.इ. कोसालटोलको चैत्यको
## राजा शिवसिंह मल्लका पालाको
## वि. सं. १६७१ को शिलालेख

—शंकरमान राजवंशी

१. ॐ नमो बज्रधातवे ।। नमस्ते श्री मुनिन्द्राय सर्व्वलोकहि
२. ताय च । जगदाधारभूताय नित्य श्री बज्रधातवे ।। त्रिभुवण गु
३. णसिन्धो : सर्व्वलोकैकबन्धु : सुरनरमुनिवृन्दै : स्तूयमानाभिरे
४. क : ।। भवमयविनिहिन्ता धर्म्ममोक्षप्रदाता : ।। सकल कलुष
५. हेंता पातु वो बज्रधातु : ।। कांष्ठमण्डपेति विख्यात : ।। पुरी चातिमनोर
६. म बिराजित धर्मनाद : पुरंच स्वर्गसन्निभो । धर्म्मात्मा स्थापित : पूर्व्वं
७. चैत्यकं च मनोरमं । चीरकालान्ते च भग्न । तं चैत्यं च मनोरमं ।। त
८. स्मि भग्ने महाचैत्ये वृक्षैकश्च समुद्भुव : ।। ततोनपराधिपति :
९. ।। रविबंशोद्भुव उष्णंवंशुसमतेज धर्मावितार श्रीशिवसिं
१०. हदेव संपारित विजयराज्ये ।। तदा कृत्तिपुण्यबिहारस्य : शावय
११. वंशोद्भुवर्मपुरत्नेन तं जीर्णचैत्यं विलोक्य : तस्यात्मनि तं उधार
१२. णमुत्पन्न गोपारस्यात्मज भाषित तेन मित्रं पितत्व प्रमुखा
१३. दय ते चैत्य उधारयिष्याम ःः। तौ द्वौ संभाषनेन जीर्णोद्धारणबिधि
१४. प्रश्न बाबुदेशे तेनोपदेशितः तस्योपदेशेन ।। दानपति कीत्तिपु
१५. ण्यविहारस्थित शाक्यवंशोद्भुव विश्वकर्मावतार भिक्षु श्री
१६. मनिरत्ननामा । तमगुणतोर रथ्याया पूर्व्वदिशि गृहस्थित
१७. वनिक गोपालनामा । तो द्वौ प्रमुखावी अष्टौ जनानामती
१८. श्रद्धाभि : अनुत्तरफलप्राप्तिकामान : श्रीबज्रधातुजीर्णो
१९. धारणं कुर्व्वन्ति ।। नेपालाब्दे युगाग्निमुनियुते मासे मधूनी
२०. पक्षे कृष्णे तिथि दशम्यां नक्षत्रे घनिष्ठा भानुवासरे रविग
२१. ते मेषराशौ गते चन्द्रे ।। रत्नरागादियष्ठिका प्रतिष्ठा
२२. पित ।। तस्यान्ते पंचतथागतस्य पनं उष्णधिच्च पर्य्यन्त उधा
२३. रण संपूर्ण्णं भवति ।। नेपाल हायने युगाग्निमुनियुते मासे

२४. माघवे पक्षे शुक्ले अष्टम्यां नक्षत्रे पुष्ये शूलयोगे वारे जीवे मे
२५. षराशौ रविगते चन्द्रगते कर्कटराशि तद्दिने प्रधानाचार्य्यकृति
२६. ......स्थित बज्राचार्य लगुंदेवे कर्म्माचार्य्यं धर्म्मा उपपाठकाचार्य्यं
२७. ......स्यापवेशते, धारामृत्य विघ्नोच्छादन पवसाधन बाक्ष
२८. ......साधन अयुताहुतियज्ञ : सुवर्णछत्रारोहन ध्वज
२९. ......प्रतिष्ठापित ।। भाया दानपति–गणभिक्षु श्रीमणि
३०. ...रत्नगोपार भारो बज्राचार्य धर्म्म ...भिक्षु श्री दोय ...सुन्द
३१. रभारो ... ... ... माधव भारो महासेना हाकु ... ... ... ...सि
३२. भारो नरसिंह भारो थ्वते समस्तेन... ... ...
३३. ... ... ... ... ... ... ... ... ... ... ...प्रतिष्ठा पूजा जुरो
३४. सम्वत् ७३४ ... ... ... शुक्ल ८ संपूर्ण दिन जुरो शुभ

## अनुवाद–

बज्रधातुलाई नमस्कार । सबै लोकलाई हित गर्ने जगत्का आधार भएका नित्य श्री बज्रधातु बुद्धलाई नमस्कार । तीनै भुवनका गुणका सागर भएका सबै लोकका बन्धु भएका देवता तथा मानिस र मुनिहरूले स्तुति गरिएका भवभयलाई नाश गर्ने धर्म र मोक्ष दिने सबै पाप नाश गर्ने यस्ता बज्रधातुले रक्षा गरून् । स्वर्गसमान राम्रो प्रख्यात काष्ठमण्डप शहरमा कुनै धर्मात्माले स्थापना गरेको यो राम्रो चैत्य धेरै कालपछि भत्कियो र रूख पनि उम्रियो । सूर्यवंशी सूर्यसमान तेजस्वी धर्मात्मा राजा श्री शिवसिंहका पालामा कीर्तिपुण्य विहारका मणिरत्न शाक्य र तमगुणटोलका वनिया गोपालले सल्लाह गरी अरू ८ जना मानिस संमिलित गरी त्यस चैत्यको जीर्णोद्धार गरे । ने. सं. ७३४ चैत्र कृष्ण दशमी धनिष्ट नक्षत्र आदित्य वार मेषमा सूर्य कुम्भमा चन्द्र गएका वेला रत्नरागादि यष्टिका स्थापना गरी पंचतथागतको जीर्णोद्धार गरे । ने.सं. ७३४ वैशाख शुक्ल अष्टमी पुष्य नक्षत्र शूल योग बृहस्पति वार मेषमा सूर्य कर्कटमा चन्द्र गएका वेला प्रधानाचार्य कीर्तिपुण्य विहारका बज्राचार्य लगुंदेव कर्म्माचार्य धर्म उपपाठकाचार्य आदिबाट यज्ञ सुवर्णछत्र ध्वजारोहण प्रतिष्ठा गरे । दाता भिक्षु श्री मणिरत्न गोपाल भारो बज्राचार्य धर्म भिक्षु दोय सुन्दर भारो माधव भारो महासेना हाकु .. ... ... ... ... नरसिं भारो आदि सबैले प्रतिष्ठा पूजा गरे । ने.सं. ७३४ (वि.सं. १६७१ वैशाख) शुक्ल ८ मा संपूर्ण भयो ।

# कान्तिपुर ओंबहालटोल ओंबहालबारीको

## शिलालेख

१. ॐ नमो बुद्धाय: ।। देय धर्मोयं प्रवरमहायायिन : बु (द्धो)
२. पासक : साकेभिक्षु श्रीजय धर्म्मकस्य: । यदत्र पुण्यंत द्भूवत्वा (चा)
३. र्य्योपाध्याय माता पितृ पूर्व्वं समनं कृत्वा सकरसत्व राश्यनुत्तर
४. फलावाप्तय इति ।। राजाधिराज परमेश्वर परम भट्टार
५. क: । श्री २ राजराजेन्द्र कविन्द्र जय प्रतापमर देवस्य विजयरा
६. ज्ये श्री कास्तमण्डप महानगरे ओंबहार तोर तुथि छे गृहा (धि)
७. वास्थित जोजोमान साकेभिक्षु श्री धर्म्मात्मा जय धर्म्मकस्य
८. तस्य भार्या वेणुलक्ष्मी तस्य प्रथम पुत्रि हेरमनि मयि तस्य प्र (-)
९. म पुत्र महादयारु जय...... देवजु हेरमनि कस्य दितिय पुत्रि
१०. लक्ष्मी ।। एतेखां दानपति ... ... पलिवार जय धर्म्मंजु प्रमुख
११. न भोछिस नामन थ्वते...... बज्रधातु चैते बाहार
१२. थापना याङा जुरो...... आदिनं दयका जुरो ।।
१३. सम्बत ७६०.........कुह्न जुरो ।। श्री ३ बज्रधातु चैते
१४. प्रति दानपति कृतिवन्त भिक्षु श्री जय धर्म्मंजुन थ्व देवयात
१५. सुत्राघात गुहभूमि दातबे याङा मुरछेया दंथु अङम दक्षिन
१६. त: प्राकारलत्र पूर्व्वतो कोचपालदेवतान उत्तरत भोतविहार छे
१७. न पच्छिमत एतेषां मध्यस बज्रधातु चैतेमदाद जुरो, मुदखा
१८. छेया चोतस श्री बज्रवालाहिजुरो यते भूमि दातवे याङा दिन
१९. पूर्न चन्द्र ग्रास... जुरो थ्व क्षेत्र भूमिस... गान्तिस येगा
२०. ......, पित ... ...... ... ... गजोनदे खना बि
२१. ........................... विस्यं श्री स्वयंभू देवकस्य
२२. ........................... सम्बत ७७६ थ्व चत्राघातन
२३. ........................... क्रिविक्रिन संका... ...
२४. ... ...... ... ... ... ... ... ... ... एते पंनम
२५. ... ... ... ... ... ... ... ... ... ... ... ... शुभ ।

### अनुवाद–

बुद्धलाई नमस्कार । यो दत्त धर्म असलै, महायानी जुन पुण्य होला त्यौ आचार्य उपाध्याय माता पिता आदि बुद्धको उपासक, शाक्यभिक्षु, श्री जय धर्मको हो । यसको सकल प्राणीको अनुत्तर फल (सबभन्दा माथिल्लो कक्षाको

फल) प्राप्तिका लागि होस् । राजाधिराज परमेश्वर परम भट्टारक श्री श्री राजराजेन्द्र कवीन्द्र जय प्रताप मल्ल देवको विजयराज्यमा श्री काष्टमण्डप महानगर ओंबहालटोल तुथिछे घर बस्ने जजमान शाक्य भिक्षु धर्मात्मा जय धर्मका पत्नी वेणुलक्ष्मी तिनकी पुत्री हेरमनि भयी, तिनका जेठा छोरा महादयालु जयदेवजु, हेरमनिकी दोस्री पुत्री लक्ष्मी, यी परिवारसहित जयधर्मले बज्रधातु चैत्य बहाल स्थापना गरे । ..................बनाए । संवत् ७६० (वि.सं. १६९७) ............ यस दिन । श्री ३ बज्रधातु चैत्य प्रीतिका निमित्त दान प्रति प्रख्यात भिक्षु जयधर्मले यो देवताका निमित्त चोक भूमि दातव्य दिइयो । मूलछेको बीच गारो देखी दक्षिण परखालदेखि पूर्व कोचपाल देवतादेखि उत्तर भोतबहालछेंदखि पश्चिम यस भित्रको बज्रधातु चैत्य भट्टारक भयो । मूलखाछे घरचोटामा श्री बज्रवाराही भयो । यति भूमि दातव्य गरेको दिन...... पर्व चन्द्र ग्रास...... भयो । यस क्षेत्र भूमिमा......... गान्ति येगा...... दिई श्री स्वयम्भूदेव...... संवत् ७७६ (वि.सं. १७१३) यस चोक...... क्रयविक्रय...... पंचमहापाप...... शुभ ।

## का.इ. स्वयम्भूनिरको वि.सं. १८७३ को शिलालेख

१. ॐ नमः श्री बज्र सत्वयः || || ॐ अद्य श्री मत् छ्री शाक्यसिंह तथाग
२. तस्य बुद्ध क्षेत्र भद्रकल्वे वैव्रोस्वलन्तरे हेमवत राग पाशे...
३. दे कली युगे जोवूद्वीपे वासुकिक्षेत्रे आर्य्यावर्त्त पूर्ण भूमौ नेपालदेशे
४. बागमत्यायां पश्चीमकोणे केशावत्यां पूर्व्वकोणे शंखनद्याया बायू
५. कोणे अन्यक खगानना देवालयस्दने श्री ३ स्वयंभू चैत्य सनिधा (ने)
६. अद्य मास्य शुक्लपक्ष पंचम्यां तिथौ उत्तमद्रनक्षरे गाध योगे जथाक
७. णमुहुत्तरे बुधबासरे मकल रासिगते सबीतरे मीन रासिगते
८. चन्द्रमश थ्वकुनू फलेचा पतिया यानानि जुल थ्व फलेचा श्री था
९. पित कविन्द्रसिं प्रमुषादि जेष्ठपीता श्री चिकधी तस्य भार्य्या गु
१०. नलछिमि पतेनामन थ्व फले दयका थ्व फलया जिजेत महिन्द्र म
११. लि तंका १४१ थ्वया जेलोसान सेनिवेल भिंकेमा पिंदे थपेमा
१२. भाद्र शुदि ७ स पिंद थयमाग्व लोकोतरे इन्द्रजाअस मतापि ३ था
१३. यकेमा गुथिगन श्री बजावा सिधयति थापित सिदवाली तालाधलि गुन
१४. लछिमि थ्व स्वलस्यन गुथि चिलायायमा, मयामदु याजसा ओ पुन्य थे
१५. जु मलोतसा पंचमहापापला जुल संवत्
१६. ९३७ म्ति माघ.........५ वत्त .........नाजुल शुभ

### अनुवाद–

ॐ श्री बज्रसत्वलाई नमस्कार । ॐ आज श्री शाक्य सिंह तथागतको बुद्धक्षेत्रमा, भद्रकल्पमा, वैवस्वत मन्वन्तरमा, हिमालयको काखमा, कलियुगमा, जम्बूद्वीपमा, वासुकिक्षेत्रमा, आर्यावर्त पुण्यभूमि नेपालमा बागमतीदेखि पश्चिम केशा-

बस्तीदेखि पूर्व शंखनदीदेखि वायव्यमा अनेक देवालयस्थानमा श्री ३ स्वयम्भू चैत्यनजीक माघ महीना शुक्ल पक्ष पंचमी तिथि उत्तरभाद्र नक्षत्र गण्डयोग यथाकरण मुहूर्तमा बुधवारमा मकरराशिमा सूर्य गएका बेला, मीनराशिमा चन्द्रमा गएका बेला यस दिन पाटी प्रतिष्ठा गरियो । यो पाटी श्री थापित कवीन्द्रसि आदि ज्येष्ठपिता श्री लिकधी तिनकी पत्नी गुनलक्ष्मी यतिले यो पाटी बनाइयो । यो पाटी मरमत गर्न महीन्द्रमल्ली रु. १४१ राखियो । यसको ब्याज प्रतिष्ठाजले बिग्रेको बेला मरमत गर्नुपर्छ । भाद्र शुदि ७ मा श्राद्ध गर्नुपर्छ । श्री ३ लोकेश्वरलाई इन्द्रजात्रामा बत्ती ३ राख्नुपर्छ । गुठियार श्री प्रजाचा सिधपति थापित सिदुबाली, तालाधली, गुनलक्ष्मी । यिनीहरूले गुठी चलाउनुपर्छ, कसैलाई हुँदैन चलाए पुण्य लाग्ला नचलाए पञ्चमहापाप लाग्ला । सम्बत ९३७ (वि.सं. १८७३) मिति माघ ... ... राखियो शुभ ।

## का.इ. केलटोल चिवहाननीको वि.सं १८८१ को शिलालेख

१. श्री गणेशाय नमः ।। श्रेष्ठ नेवारवंशे ... ... ... लक्ष्मीसिहो भवेत्सुत ।।
२. (यम्म) वानिसिंहस्तु तत्सूनुस्तस्य चात्मजः ।। इन्द्रसिहोतिधर्मात्मा चतुर्वगं
३. फलाप्तये।। चकार मदिरं विष्णोः क्रियायुक्तस्य यत्नत ।। पूजा होमादिकार्यार्थं जिर्णो
४. धारार्थमेव च ।। प्रतिवर्ष वसंताख्य पंचम्यां सेवनाय च ।। आश्विनि पूर्णीमायां च दिपमाला
५. सेवाय च समर्पित क्षेत्रयुगं पाठयु च हिज्याषुसि ।। सं (त) या बिदितं लोके प्रत्येकं साद्धं
६. रोपनि ।। मिलित्वा रोपनीयुग्मं सपादं देशमानतः ।। कांतिपुरे महाक्षेत्रे पुण्यः पसुपते
७. प्रिये वेदश्रुतिनवोद्भासि श्री नेपालीयवत्सरे ।। जेष्ठकृष्णा द्वीतीयायामनुराधा शिवे
८. कवौ ।। अत परं देशभाखा ।। वयलतोलया इन्द्रसिंह भालोन थओ माता जगलक्ष्मि स्त्रिजिव
९. लक्ष्मि (न) खरोक्ष्मिपुत्री धंचा थकुं तिकिधी थकुं पुत्र धीर्जविरसिंह प्रमुथन श्री ल
१०. क्षमीनारायण प्रितिन थ्व धर्मसाला दयका थ्व दतस श्री पंचमि षुह्न बुसाधंयाय
११. माल आश्वीन शुक्ल पूर्णीमा षुह्न मत छोयके जिर्न जुगु ह्लोने माल थ्वते हने यात
१२. पारे बुरो १ ।। हिज्याषुसितु चुल ३ छुता जुल ।। अद्य ब्रह्मणो द्वितीय पराद्धें ति
१३. देशकालौ स्मृत्वा ।। सम्बत् ९४४ वैशाष कृष्ण द्वितीया अनुराधा
१४. नक्षत्र शिव योग शुक्ल वाल थ्वकुह्न प्रतिष्ठा याना थ्वया साक्षी
१५. चन्द्रसूर्य जुल शुभ ।। स्वदत्तां परदत्तां वा यो हरेच्च वसुं
१६. धरा ।। षष्ठीवर्षसहस्राणि बीष्टायां जायते क्रिमी : शुभम् ।।

**अनुवाद—**

श्री गणेशजीलाई नमस्कार । श्रेष्ठ नेवार बंशमा लक्ष्मीसिंह भए । तिनका छोरा भवानीसिंह भए । तिनका छोरा इन्द्रसिंह भए । तिनले मोक्षफल पाउन यत्नपूर्वक राम्रो विष्णुमन्दिर बनाएर पूजा होम जीर्णोद्धार तथा प्रतिवर्ष

बसन्त पंचमीको सेवा आश्विन पूर्णिमाका दिन दीपमाला सेवा आदि गर्न हिड्याखुसीको (धोबीखोलाको) सवा दुइ रोपनी खेत समर्पण गरे । पशुपतिको पुण्यक्षेत्र भएको कान्तिपुरमा नेपाली संवत् ९४४ (वि.सं. १८८१) ज्येष्ठ कृष्ण द्वितीया अनुराधा नक्षत्र शिव योग शुक्र वारमा । अव देशभाषा । केलटोलका इन्द्रसिंह भारोले आफ्नी आमा जगलक्ष्मी र स्त्री जीवलक्ष्मी पुत्री घचा थकुं चिकिधी थकुं पुत्र धीर्जबीर-सिंह सहित भई श्री लक्ष्मीनारायण प्रीतिका निमित्त यो धर्मशाला बनाइयो । यो गूठीले प्रतिवर्ष श्री पंचमीमा पूजा, आश्विन शुक्ल पूर्णिमाका दिन दीपदान र जीर्ण भएमा मरमत गर्नानिमित्त हिज्याखुसी (धोबीखोला) को सवा दुई रोपनी खेत राखिदिइयो । आज ब्रह्माको द्वितीय परार्धमा देशकाल संकेर ने.सं. ९४४ (वि.सं. १८८१) वैशाख कृष्ण (पूर्णान्तिमानबाट ज्येष्ठ कृष्ण) द्वितीया अनुराधा नक्षत्र शिव योग शुक्र वारका दिन प्रतिष्ठा गरियो । यसका साक्षी चन्द्र सूर्य शुभम् । आफू होस् वा अरूले होस् गूठी राखेको जग्गा मास्यो भने साठी हजार वर्षसम्म नरकमा कीरा भएर रहनुपर्नेछ । शुभम् ।।

# प्राचीन नेपालमा भिक्षुणीसंघ तथा उपासिकाको परंपरा

—तारानन्द मिश्र

बौद्धधर्मले भगवान् शाक्यमुनि बुद्ध र उनको धर्ममा आस्था तथा विश्वास गर भन्ने मात्र होइन गृहत्याग गरेर संघको शरण लिने प्रेरणा अथवा आदेश पनि दिन्छ। बोधगयामा बोधिवृक्षमुनि भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेपछि सबैभन्दा पहिले उनले आफ्ना पांच शिष्यहरूलाई सारनाथमा दीक्षा दिए। त्यहाँबाट राजगृह आएपछि त उनीसंग धेरै दीक्षित शिष्यहरू भए र उनले ठाउँ–ठाउँमा बौद्धसंघ तथा विहारहरू स्थापना गर्ने निश्चय गरे। सबैभन्दा पहिलो विहार मगधनरेश बिम्बिसारले उनका लागि वेणुवनमा निर्माण गराए। त्यसपछि क्रमशः कपिलवस्तुमा शुद्धोदन तथा शाक्यहरूले उनका लागि केलाबारीविहार, कौशाम्बीमा घोषिताराम तथा पावारियाको आम्रविहार, वैशालीमा आम्रवन, बालिकाराम तथा महावनमा कूटागार शाला र पाटलीपुत्रमा कुक्कुटाराम आदि प्रसिद्ध विहारहरू बनाइए।

यी विहार तथा आरामहरूका संचालनका लागि तथा त्यहाँ बस्ने भिक्षुहरूलाई संगठित तथा नियमित पार्नका लागि शाक्यमुनिले बौद्धसंघहरू बनाए र तिनको परिचालनका लागि नियमहरूको तर्जुमा गरे। बौद्ध ग्रन्थहरूमा संघको संगठन र कार्यवाहीबारे विस्तृत वर्णन पाइन्छ। संघको बैठक संघागार अथवा आराम[१]मा हुन्थ्यो। यसमा 'आसनपञ्जापक नाउँका विशेष अधिकारी हुन्थ्यो। यस पदका लागि दश वर्ष अनुभव भएका भिक्षुलाई मात्र चुनिन्थ्यो। संघको संगठनका लागि कमसेकम चारदेखि बीससम्म सदस्य संख्या हुनु आवश्यक थियो[२]। सबैभन्दा सानो चतुर्वर्ग अथवा चारवटा भिक्षुहरूको संघ हुन्थ्यो[३]। संघको अध्यक्षको नाउँ थियो विनयधर। भिक्खुनी, सिक्खमाना, सामनेर अथवा अर्को धर्मका[४] प्रतिनिधिलाई संघपूरक संख्यामा गनिंदैनथ्यो[५]। संमतपासादिका टीकामा बुद्धघोषले संघ संचालनको पूरा व्याख्या गरेका छन्। कुनै पनि विचारार्थ विषयमाथि तीनपटकसम्म विचार गरिन्थ्यो। संघद्वारा स्वीकृत प्रस्तावलाई "कर्मवाचा" भन्दथे[६]। यसरी यसले के दर्शाउंछ भने संघभित्र रहेका सबै सदस्य भिक्षुहरूको सहमतिको आधारमा संघको संचालन गरिन्थ्यो।

बौद्धसाहित्यका अनुसार भिक्षुसंघको उदय बौद्धधर्मको प्रसारको शुरुमै बनारसनेर भएको पाइन्छ। तर भिक्षुणी-

१. नरेन्द्रदेवकालीन अभिलेखमा नेपालमा पनि आरामको उल्लेख पाइन्छ।
नौली संख्या–७३; ..."...वृहदारामस्य पूर्वमुखे महापथाज–"

२. महावग्ग (१।३१।२, ५।१३।४, ११।४।१)

३. उही (८।२४।१)

४. शायद यो नियम भिक्षुणीसंघ बन्नुभन्दा अगावै बनाइएको थियो।

५. चुल्लवग्ग (१।३)

६. महावग्ग (१।२८।५)

संघको निर्माण भने भगवान् बुद्धकी सौतेनी आमा प्रजावती गौतमीले दीक्षा लिएपछि मात्र सबैभन्दा पहिले कपिलवस्तु शहरनेर भएको थियो । प्रजावती गौतमीको दीक्षाको एउटा अत्यन्त राम्रो कथा छ ।

जब भगवान् शाक्यमुनि बुद्ध आफ्नो बुबा शुद्धोदनको मृत्युको खबर सुनेर कपिलवस्तु गएका थिए उनकी सौतेनी आमा प्रजावती गौतमीले त्यस अवसरमा उनीसंग आफूलाई बौद्धधर्मभित्र दीक्षित गर्नाका लागि अनुरोध गरिन् तर शाक्यमुनिले उनको यस अनुरोधलाई स्वीकार गरेनन् र उनी वैशाली फर्के । एक दिन जब उनी वैशालीमा उपदेश दिंदै थिए प्रजावती गौतमी पैदल कपिलवस्तुबाट उनको सभामा उपस्थित भइन् । उनका पाउ नांगा थिए र रगतले भिजेका थिए । उनले आफूलाई संघभित्र दीक्षित गर्ने आग्रह फेरि गर्न थालिन् । शाक्यमुनिले आफ्ना प्रिय शिष्य आनन्दको धेरै आग्रहपछि उनलाई बौद्धधर्मभित्र दीक्षित गरे, तर त्यसै बखत बुद्धले भविष्यवाणी पनि गरे । बौद्धधर्म तथा संघभित्र आइमाईहरूको प्रवेशले गर्दा बौद्धधर्मको उमेर आधी घट्नेछ । त्यसै बखत भिक्षुणीहरूका लागि आठओटा नियमहरू बनाइए तथा तिनको कठोरताका साथ प्रतिपालन गर्ने निर्देशन दिइयो७ । प्रजावती गौतमीपछि उनकी छोरी नन्दा र भद्दा कच्चाना (बुद्ध पत्नी– यशोधरा) पनि संघभित्र आए । थेरिगाथामा बाह्रजना प्रसिद्ध भिक्षुनी तथा उपासिकाहरूका नाउँ निम्न प्रकारले दिएको छ: खेमा–मगधराज बिम्बिसारकी पत्नी, जसले राजा प्रसेनजित्लाई धर्मउपदेश दिएकी थिइन् । धम्मदिन्नाले मज्झिम निकाय (१।२९९)को एउटा पूरै सूत्रको रचना गरेकी थिइन् । श्रावस्तीकी भिक्षुणी किसा (कृष्णा) गौतमी– जसले पछि अर्हत् प्राप्त गरिन् । जैनकुमारी पटाचारले सारिपुत्तसंग दीक्षा ग्रहण गरेकी थिइन् । यसको अलावा वैशालीकी प्रसिद्ध वेश्या आम्रपाली जसले पछि आफ्नो सारा धन र घरसमेत भगवान् बुद्धलाई अर्पण गरी भिक्षुणी भएकी थिइन् । कौशाम्बीका राजा उदयनकी पत्नी सामावती– जो बौद्ध उपासिका थिइन् तथा जसको ज्यान बौद्धउपासिका भएकी हुनाले उदयनकी अर्को पत्नी मागंदियाले लिइन् । श्रेष्ठी भद्दिएकी छोरी विशाखा– जो कौशल राज्यमा साकेत नगरकी थिइन् तथा जसलाई स्वयं भगवान् बुद्धले दीक्षित गराएका थिए । विशाखाले एक पटक आफ्नो बहुमूल्य शिरोभूषा भगवान् बुद्धको उपदेश सुन्दा विहारभित्रै छाडेर आएकी थिइन् जसलाई उनले फिर्ता लिन स्वीकार गरिनन् । पछि त्यसैलाई बेचेर श्रावस्ती शहरनेर पूर्वाराम नाउँको प्रसिद्ध विहार बनाइएको थियो । यस प्रकार भिक्षुसंघ तथा भिक्षुणीसंघहरूको संगठनको अस्तित्व भारतका प्राय: सबै प्रमुख शहरहरूमा भएको पाइन्छ ।

भगवान् बुद्धको धर्मबाट अतिप्रभावित शाक्यवंशजहरू अझै विद्यमान रहेको हाम्रो देश नेपालमा पनि यस किसिमका भिक्षु तथा भिक्षुणीसंघहरूको अस्तित्व विभिन्न अभिलेखहरूमा तथा विदेशी पर्यटकहरूका वर्णनमा समेत पाइन्छ । खास गरी भिक्षुणीसंघहरू तथा उपासिकाहरू बारेको सूचनाले प्राचीन नेपालमा पनि चेतनशील नारीहरू थिए भन्ने प्रमाण प्रस्तुत गर्दछ । माथि यो उल्लेख भएकै छ– सबैभन्दा पहिले भिक्षुणीसंघको संगठन वर्तमान नेपालको परिधिभित्र पर्ने कपिलवस्तुमा भएको थियो । त्यसबाहेक काठमाडौंका दुई लिच्छविकालीन अभिलेखहरूमा भिक्षुणीसंघबारे महत्वपूर्ण सूचना पाइन्छ । त्यसमध्ये एउटा अभिलेख पाटन, चपटोल इलाननीमा बुद्धमूर्तिको पादपीठमा पाइएको छद । उक्त अभिलेखमा धर्मपालकी पत्नी परमोपाशिका मृगिन्याले चातुर्दिवश महायानधर्मका गन्धकुटीको जीर्णोद्धारका लागि तथा आर्य भिक्षुणीसंघको उपभोगका लागि अक्षयनीवी दान गरेको वर्णन पाइन्छ । अक्षयनीवी दानको सिलसिलामा पनप्फु प्रदेशका वरिपरिका जग्गा दान

७. राधाकुमुद मुकर्जी– हिन्दु सभ्यता (हिन्दी अनुवाद पृ–२५७–५८)

८. अभिलेख संग्रह भाग–५;

"...देयधर्मोयम्परमोपाशिकायाः विशिष्ट धर्म्मपाल भोगिन्या मृगिन्याः....गन्धकुटी प्रतिसंस्कारणाय तदप्रयोजने च चातुर्दिवश महायान प्रतिपन्नार्थं भिक्षुणीसङ्घ परिभोगायाक्षयणीवी प्रतिपादिता पनप्फुनाम पश्चिम प्रदेशे भूमिशत १०० पिण्डमान्या पञ्चाश ५० भूय ग्राम दक्षिण प्रदे (शे) भूमि षष्टि ६० पिण्डमान्या षट्त्रिङ्श ३६ गृहप्रस्थ षष्ठश्शताय ॥

गरिएको वर्णन छ । यस अभिलेखको सबैभन्दा ठूलो विशेषता के छ भने यसले काठमाडौंमा महायान धर्मको प्रभावबारे प्रमाण प्रस्तुत गर्दछ । साथै यसले यो पनि दर्शाउँछ लिच्छविकालको शुरुमै बौद्धसंघहरू बडो राम्रो किसिमसंग संचालित तथा संगठित भइसकेका थिए ।

लिच्छविकालको एउटा अर्को अभिलेख कान्तिपुर मुसंबहालबाट पाइएको छ९ । यस अभिलेखअनुसार कुनै उपासक अथवा उपासिकाले भिक्षुणीसंघको संस्कार पूजाका लागि रुपैयाँ पैसा दान गरेको उल्लेख पाइन्छ । वहिलीटोल पाटनको एउटा अभिलेखमा एउटी भिक्षुणीले ढुंगेधारा दान गरेको उल्लेख छ१० ।

अर्को एउटा प्रस्तरमूर्तिको पादपीठमा रहेको अभिलेख-अनुसार भिक्षुनी मलयश्रीले उक्त मूर्ति महायानका प्रसिद्ध विद्वान् श्री विभूतचन्द्र पालको स्मृतिमा बनाउन लगाएको भन्ने उल्लेख पाइन्छ । ई. सन् १२४८ को यो अभिलेख अनौठो छ किनभने यहाँ एउटा नेपाली भिक्षुणीले प्रसिद्ध महायानी पंडितको स्मृतिमा मूर्ति र शिलालेख बनाएको उदाहरण प्रस्तुत गर्दछ११ ।

पाटन, महाबौद्धमा रहेको ने. सं. ४० मा लेखिएको प्रज्ञापारमिता पुस्तकमा (१२) ललितपुर, महावातीश्चल विहारकी शाक्यभिक्षुणी वष्ठविरिनि अक्षयमतीको नाउँ उल्लेख भएको छ ।

ने. सं. ७६७, श्री प्रतापमल्लदेवको राज्यकालमा अनेक भिक्षुहरू मिली शान्तिघट चैत्य जिर्णोद्धार गर्दा एक जना जमुना नाउँ भएकी भिक्षुणीले पनि सहयोग गरेकी थिइन् ।

चाबहिलको प्रसिद्ध अभिलेख (अनुमानित मानदेव-कालीन) मा एक नेपाली नारीले किन्नरी जातकमा आधारित किसिम किसिमका चित्रहरूले भरिएको भवन भएको विहारका लागि अनेक जग्गाहरू दान गरेको छ । तर सबैभन्दा घत लाग्दो कुरा त्यहाँ के छ भने उनले आफ्नो जन्म स्त्री जातिमा क्षोभ प्रकट गर्दै भगवान्संग अर्को जन्ममा पुरुषयोनिमा जन्मका लागि प्रार्थना गरिरहेको आभास पाइन्छ१४ ।

---

९. अभि० सं० (सं० मण्डल) भाग–९;
"...सर्वसत्वहिताय... तस्य संस्कारपूजार्थम् भिक्षुणीसंघमर्पितपणाः पुराणसहिता......प्रकल्प्यतत् ।"

१०. नौलौं संख्या–८६ मिति नभएको ढुंगे धाराको अभिलेख ।
"पौन... म भिक्षुणी सु... क्या ओसदाया स्वयम् ।
दत्ता एषा शिलाद्रोण सत्वानाम् हितहेतवे ।।"

११. मध्यकालीन नेपाल– हेमराज शाक्य तथा तुलसीराम वैद्य; अभि० सं०– ३; ने०सं०–३६८:
"...परमोपासिकी भिक्षुणी– श्री मलय श्री रोनाम्ना यदत्र..."

१२. अभि० सं० (सं० मण्डल) भाग–९;
"...संवत् ४० भाद्रपदशुक्ल दिवापूर्णमास्याम् परम भट्टारक महाराजाधिराज श्री शंकर देव राज्ये श्री ललितब्रुमः श्रीमहावातीश्चल विहाराधिवासिना शाक्य भिक्षुन्याष्ठविरिनि अक्षयमत्या......"

१३. मध्यकालीन नेपाल– हेमराज तथा वैद्य; अभि०–२९; ने०सं०–३६७:
"....प्रतापमल्ल देवस्य विजयराज्ये दान पनि......भिक्षुणी जमुना......थुति समुच्चयन श्री ३ शान्तिघट श्री वज्रधातु जिर्णोद्धार याङा संवत् ७६७ ।"

१४. अभि० सं० (सं० मं०) भाग–९; चाबहिल स्तूपनेरको अभिलेख ।
"......सुचिरङ्कालम्भवनम्भवविच्छिदः
किन्नरीजातकाकीर्णन्नानाचित्र विराजितम् ।
......विचित्रं देवधर्म्मम्मे कारचित्वेहयच्छुभम् स्त्रीभावं हि विरायाहं पुरुषत्वमवाप्य च ! ......"

महाराज रामदेवकालीन अर्को एक अभिलेखमा १५ उपासिका महेन्द्रमतीले आर्य–अवलोकेश्वरको प्रतिमा बनाई प्रतिष्ठापित गरेको उल्लेख छ। उक्त शिलालेखमा महेन्द्रमतीको पति मनिगुप्तलाई पनि परम उपासक भनी संबोधन गरिएको छ, यसले यो बोध गराउँछ दुवै जोई–पोई बौद्ध धर्मका अनुयायी थिए।

दोलकाधिवासिनी प्रवरमहायान धर्म मान्ने परमोपासिका कुमुदिकाले आफ्नो र आफ्नो आचार्यको पुण्यवृद्धिका लागि संवत् १७४, (ई. सन १०५४) मा ताडपत्रमा अष्टसहस्रिका प्रज्ञापारमिता लेखाउन लगाएको उल्लेख छ१६।

एउटा अर्को हस्तलिखित ताडपत्रअनुसार महायान धर्म मान्ने ललितपुर मानीग्वल टोल बस्ने कुलपुत्री हारुवयी नाउं भएकी उपासिकाले उक्त अष्टसाहस्रिक प्रज्ञापारमिता लेखाउन लगाएकी भन्ने थाहा हुन्छ१७।

ने.स. २६५ को नरेन्द्रदेवकालीन हस्तलिखित ताडपत्र-अनुसार बौद्धधर्मको महायान संप्रदायमा आस्था राख्ने एक जना परमोपासिका इन्द्रभावा नाउँ भएकी आइमाईले पञ्च-रक्षा नाउँको पुस्तक लेख्न लगाएकी भन्ने बोध हुन आउँछ१८।

अर्को एउटा ने. सं ४८१ को शिलालेख१९ अनुसार प्रधान पात्र रणज्योतिकी प्रथम पुत्री उल्हासलक्ष्मीले धर्म धातु वागेश्वरको चैत्य जिर्णोद्धार गरेको उल्लेख पाइन्छ। पश्चिम नेपालको मुगु, धर्मसाधनद्वीप विहार२० बाट प्राप्त एउटा शिलालेखअनुसार सोनारोजन नाउँको धनी मानिस-की पत्नी तल्लादेवीले भगवान् बुद्धको मूर्ति बनाउन लगाएकी भन्ने सूचना पाइएको छ।

माथिका यी शिलापत्र तथा हस्तलिखित ग्रन्थहरूको आधारमा यो थाहा हुन आउँछ प्राचीन नेपालका नारीहरूले भगवान् शाक्यमुनि बुद्धको उपदेश र धर्मबाट प्रभावित भई भिक्षुणीसंघहरूको संगठन गरे। अनेकौं मूर्ति, चैत्य तथा विहारहरूको निर्माण र जिर्णोद्धार गराए। यिनीहरूमध्ये केहीले बौद्धधर्मको अनेक पुस्तकहरू लेखाए अथवा प्रतिलिपि गराउन लगाए। कसैले विहार अथवा संघका लागि जग्गादान गरे भने कसैले प्रसिद्ध बौद्ध आचार्यहरूका

१५. नौली संख्या १८; अवलोकितेश्वरको पादपीठको, लगन–ढुंगेधाराको अभिलेख।
"...भगवत आर्यालोकेश्वरनाथ प्रतिष्ठापित: देयधर्मोयं परमोपाशक मनिगुप्तस्य भार्या महेन्द्रमत्या सह चद अत्र...!"


१६. मध्यकालीन नेपाल– शाक्य तथा वैद्य; पुष्पिका–२:
'देयधर्मोयं प्रवरमहायान याभिन्या श्री भम्वित्यूत्तर दोलकाधिवासिन्याः परमोपासिकाया कुमुदिकाया यदत्र पुण्य तदभावरवाचार्या...। संवत् १७४ (ने.सं.) श्री वलदेवस्य विजयराज्ये लिखितम् मिति।"

१७. मध्यकालीन नेपाल– शाक्य तथा वैद्य; पुष्पिका–५; पृ–१०:
"...महायानयायिन:। श्री ललितक्रमा यो श्रीमानीग्वलोर्द्ध टोलके धिवासिनि कुलपुत्री हारुवयिनाम्न यदत्र......
श्रीमत् इन्द्रदेवस्य विजयराज्ये......।।

१८. मध्यकालीन नेपाल– शाक्य तथा वैद्य; पुष्पिका–६; पृ–१२:
"...श्री यङ्गलक्रमायाधिवासे। देयधर्मोयं महायानयायिन: परमोपासिका इन्द्रभावा यस्य यदत्र... परम भट्टारक श्री नरेन्द्रदेव विजय राज्ये...।।"

१९. मध्यकालीन नेपाल– शाक्य तथा वैद्य; अभिलेख–५; पृ–६४:
श्री श्री श्री धर्मधातु वागेश्वर भट्टारक: जीर्णोद्धार प्रतिष्ठा। श्री ह्लोलवहार प्रधानाङ्ग पात्र रणजोतिन नस प्रथम पुत्री श्री उल्लासलक्ष्मी कृता।"

२०. मध्यकालीन नेपाल– शाक्य र वैद्य; अभिलेख–६; पृ–६६:
"...ॐ मनो बुद्धाय।। कोशाध्यसोनारोजन तन्ना भार्यादया तल्ला देवी यत्पुण्यं बुद्ध भट्टारकस्य तस्य कृत.......।"



पाटन चपटटोलको लिच्छविकालीन क्षिक्षुणीसंघको मृगिनीको अभिलेख भएको बुद्धमूर्ति ।

नाउँमा अथवा बाबुआमा र आफ्ना लागि प्रतिफल र पुण्यको कामना गर्दै जग्गादान, मूर्ति स्थापना, ढुंगेधारा तथा बौद्धधर्मको पुस्तक प्रतिलिपि आदि पुण्यकर्म गराए। सबै-भन्दा आश्चर्य लाग्ने फलप्राप्तिको कस्तो इच्छासम्म प्रकट गरे भने एक नारीले चाबहिलको अभिलेख२१ मा उनले नारी जीवनबाट सार्है विरक्ति भएकोले पुनर्जन्म हुँदा पुरुषयोनिमा जन्मिनका लागि बुद्ध भगवान्संग प्रार्थना गरेकी छन्। उपरोक्त दान गर्ने नारीहरूलाई दुई वर्गमा विभाजित गर्न सकिन्छ: पहिलो किसिमका नारीहरू आफ्नो घरपरिवार छाडी भिक्षुणी भई सन्यासीजीवन यापन गरी रहेका थिए। अर्को किसिमका नारीहरू बौद्धधर्मका उपासिका थिए तर घरपरिवारमै बस्दथे। तिनमा कोही धर्मपत्नी थिए भने कोही कुलपुत्री अथवा छोरी थिए। छोरी भईकन पनि आफ्नो बाबुआमाको धनद्वारा तिनीहरूले बौद्ध-धर्मका लागि विभिन्न पुण्यकर्म गर्न र गराउनमा अधिकार प्राप्ति गर्न समर्थ भएका थिए।

माथिका यी उदाहरणले धर्मप्रति आस्था भएका प्राचीन नेपाली नारीहरूको उज्वल, पवित्र र महान् जीवन-लाई दर्शाएको छ।

२१. अभि०सं० (सं० मण्डल) भाग–९; चावहिलको अभिलेख।

# पर्वतको इतिहास

—मोहनबहादुर मल्ल

श्री ५ पृथ्वीनारायणले नेपाल एकीकरण गर्न प्रारंभ गरेका समयमा गण्डकीप्रदेशका २४ राज्य मध्ये पर्वत एक थियो जसलाई सोह्र हजार पर्वत पनि भनिन्थ्यो। यसको उत्तर भोट, दखिन गुल्मी र गलकोट, पूर्व मोदीखोला तथा पश्चिम जुम्ला पर्दछ। पर्वतका छिमेकी राज्यहरूभन्दा यसमा ठूला ठूला पहाडहरू भएको हुंदा यसलाई पर्वत भनिएको होला। यसमा उत्तरदेखि दक्षिण होचिंदै गएका पर्वतश्रेणीहरू छन्। यसको मुख्य पर्वत धवलागिरि मुक्तिनाथदेखि दक्षिण र कृष्णागण्डकीदेखि केही पश्चिममा रहेको छ। पर्वतको मुख्य नदी कृष्णा वा काली मुस्ताङ भोटबाट निस्केर दक्षिणतिर बगेको छ। यसका मुख्य सहायक नदीहरूमा रघुगाड गलेश्वरमा, म्याग्दी वेनीमा, मोदी मथुवेनीमा र बडीगाड रुद्रवेनीमा मिसिन्छन्। माछेचरनबाट डांफेचरनसम्मका जमीन यसमा हुंदा बेग्लाबेग्लै हावापानी र अन्न, फलफूल यसमा हुनु स्वाभाविकै छ। यसको ढोरपाटनको जमीन नेपालप्रसिद्ध छ।

पर्वतका निवासी मगर, गुरुङ, तामाङ, चन, क्षत्री, बाहुन, ठकुरी, सार्की, कामी, दमाईं र नेवारहरू मुख्य छन्। पर्वतका पुराना वासिन्दा मगरहरू बेग्लाबेग्लै समयमा चारै दिशाबाट बेग्लाबेग्लै जाति आई पर्वतमा भरिएका हुन्। जसरी नेपाल उपत्यकामा विभिन्न जाति आएर नेवारमा परिणत भए, यस्तै मगरहरू पनि गण्डकी प्रदेशमा एउटै जातिमा परिणत हुन आए। यो जाति भृकुटीले भोटमा बौद्धधर्म प्रचार गर्नुभन्दा अगावै धेरैजसो भोटतिरबाटै गण्डकीप्रदेशमा प्रवेश गरेका थिए।

गुरुङ, गण्डकी प्रदेशमा आउने दोस्रो जाति लामाधर्ममा दीक्षित भैसकेपछि मात्र मनाङको बाटो यसमा घुसेका हुन्। यसैले कास्कीतिरबाट पछि मात्र यिनीहरू पर्वतमा प्रवेश गरेका थिए।

हिमालको काठमा बसी भेटाच्यांग्रा पाल्ने र बेपार समेत गर्ने भोटे भनिने तामाङहरू कुनै उत्तर, कुनै हिमालको कांठैकांठ पूर्व र पश्चिमबाट समेत घुसेका हुन्।

थाकमा बस्ने हुंदा पर्वतेहरूले थकाली भनिने चनहरू थाकबाटै फैलिए। जुम्ला सिजाबाट आएर एक चन्द्रवंशी राजकुमार र उनका साथमा आउने तागाधारी सैन्यहरू तथा तमाङनीहरूको मिलनबाट यस जातिको उत्पति भएको थियो।

क्षत्रीहरू पालवंशी रजपूतहरूले जुम्लामा रजाईं चलाएपछि क्रमश: पश्चिमबाट यसमा प्रवेश गरे। ब्राह्मणहरू तागाधारीको पछिपछि पर्वतमा आए।

रजपूतहरू कर्णालीप्रदेशबाट यसमा घुसे। साथै उनीहरूका साथमा सार्की आदि पौनी जाति पनि आए।

नेवार राजा रणबहादुरको अन्त्यतिर पूर्वबाट पर्वतमा आई बसोबास गर्न लागे।

पर्वतमा मगरहरूले रजाईं गरेको लेखोट वा जनश्रुतिबाट पनि कतै केही प्रमाण भेटिंदैन। साना साना टुक्राहरूमा मगरहरूको रजाईं हुन सम्भव छ तर उनीहरूले पर्वतको संपूर्ण भाग या यसको ठूलो हिस्सामा रजाईं गर्नु संभव छैन। आठौं या नवौं शताब्दीदेखि मगरहरू पशु·

पालनको समयदेखि कृषि समयसम्ममा उक्लेका हुन् । वन सकिंदै गयो, चरन साँघ्रिदै गयो, जनसंख्या भने बढ्दै गयो । पशु पालेर मात्रै मगरहरूको जीविका चलेन । पहिले पहिले उनीहरूले जंगल फांडेर आगोले खरानी पारेको ठाउँमा गर्मी चढेर पानी बर्सेपछि मकै, कोदो, जुनेलो, लट्टे जस्ता पाखाबालीको खेती गर्दथे, पछिपछि भने तागाधारीको देखासिकी गरेर आलु, घैया जस्ता नयाँ खेतीसमेत गर्न लागे । मगरहरू जमीन जोतेर मल हाली खेती गर्न नजानेर हो वा अल्छी मानेर हो त्यस्तो खेती गर्दैनथे । उनीहरू संधै नयाँ जमीनमा खरानी गराएर खेती गर्थे या पंचसाले, त्रिसाले जमीनमा खेती गर्दथे । यो खेती ज्यादै उब्जिलो हुन्थ्यो तथा खन्न जोत्न पर्दैनथ्यो । यसको नतीजा के हुन्थ्यो भने थोरै समयमा नयाँ नयाँ बस्तीमा सर्नुपर्दथ्यो । बाहुनक्षत्रीहरू मगरले रुखो बनाएर पर्याकेका जमीनहरूमा खनजोत, मलजल गरेर आधुनिक तरीकाबाट खेती गर्थे । उनीहरू जलखेती पनि गर्दथे जुन मगरहरू जान्दैनथे । त्यस वेला जनावर प्रशस्त हुँदा छाला र ऊनको मात्र लुगा लाउँथे । गर्मी देशबाट आउने तागाधारीहरूले कपासको खेती पनि साथैमा ल्याएका थिए । क्षत्रीबाहुनहरू कपडा बुन्न अल्छी मान्दथे, तर मगरहरू कपडा बुन्ने, सिउनेलगायत तमाम काम आफैं गर्दथे । आजकालका हिमाली लेकका निवासीहरू फलाम, छाला, कपास सबैको काम यौटै घरमा गरे जस्तो त्यस वेला मगरहरू गर्दथे, यसैले तागाधारीहरू ऊन, कपास जोडेर मगरलाई कपडा अधियाँ बुनाई निर्वाह गर्दथे । त्यस वेला जातीयताको ज्यादै कट्टरता हुँदा क्षत्री, नेवारसमेत गर्दैनथे, थोर बहुत जो बेपार हुन्थ्यो त्योसमेत मगर गर्दथे । त्यस वेला अक्सर काठ र माटाकै भांडाबाट काम चल्दथ्यो, चाहिने फलाम र तामा बडो महंगोमा जनावर वा उम्दा चीजले साट्नुपर्दथ्यो । मानिस र जनावरलाई नभै नहुने नून भोटबाट आउँथ्यो, त्यो पनि हिउँद याममा मात्र । बाटो ज्यादै विकट थियो । मुक्तिनाथ आउने यात्रीले ज्यानको बाजी थापेर आउनुपर्थ्यो ।

भारतका अन्तिम हिन्दूसम्राट् हर्षवर्धनको मृत्युपछि भारत टुक्रियो । सानासाना राज्यहरू खडा भए । कन्नौजमा समेत हर्षका सन्तान राजा नभै बंगालका पालहरू राजा बन्न पुगे । बंगालदेखि पंजाबसम्म ठाउं ठाउंमा पालहरूको रजाइँ चल्यो । वि. सं. १०५२ तिर नेपालको कर्णालीप्रदेश जुम्लामा समेत पालहरूले राज्य खडा गरे । यसमा पहिला राजा आदित्य पाल भए । यिनै सूर्यवंशी रजपूतहरूले कर्णालीप्रदेशका क्षत्री राजाहरूलाई हराउंदै कर्णालीप्रदेश एकलौटी गर्न लागे । जुम्ला सिजामा यिनीहरूको राजधानी हुँदा पहिले यिनीहरू 'सिजापती' भनिन्थे । पछि यिनीहरू हिउंदमा दुल्लु ज्वालाजीको नजीकमा आएर बस्न लागेपछि 'ज्वालन्धरी' पनि कहिन लागे । कर्णालीप्रदेशका हुरुवा राजाहरू क्रमशः सदलबल पूर्वतिर लागे । यिनीहरूले शान्तिप्रिय मगरहरूलाई सहजै वशमा ल्याई सानासाना राज्य खडा गरी पर्वतमा रजाइँ गर्न लागे । यी क्षत्री राजाहरूले पर्वतमा ठूलो राज्य खडा गरेको केही प्रमाण पनि भेटिंदैन ।

थापा वंशावलीअनुसार बछराज भट्टाचार्यकी रजपूत कन्या शुभकन्यातिर कालु थापा जन्मे । यिनी ताकुमका पहिला क्षत्री राजा संवत् १२४६ मा राजा भए । यिनका ४ भाइ छोरामा जेठा पुण्याकार पुलाका, माहिला तारापति ताकुमका र कान्छा धर्मराज ज्यामरुकका राजा भए । यिनीहरूकै सन्तानको हातद्वारा पछि १५४५ तिर रजपूत राजा डिम्ब बमले यी राज्यहरू लिएका थिए ।१

दिल्लीका सुल्तान अलाउद्दीनले चितौनका राजा रत्नसिंह उपर रानी पद्मिनीको निमित्त चितौरमा हमला गरेका समयमा रत्नसिंहका मामाका छोरा जयमलले ठूलो वीरता देखाएका थिए । यिनै जयमलका दाई कन्नौजका राजा मठिमलको १३६१ मा अलाउद्दीनले सर्वनाश पारे ।२ सती जाने बेलामा मठिमलकी रानीले उनको बालक छोरा गुरुमाको पीछा छोडेकी थिइन् । यिनै राजकुमार काशीदास रायठोर मानसरोवर जान जुम्लाको बाटो गरी जाँदा जुम्ली राजा आदित्य मल्लले १३७० तिर यिनलाई छोरी दिई आफूसंग राखे ।

पालका नवौं राजा सोम पालका समयतिर जुम्लाको दखिनमा क्षत्री राजा नागराजले खारी प्रदेशमा एक राज्य जमाए । यी नागवंशी राजाहरूले उन्नति गर्दै लगी पालहरूको राजधानी सिंजामा समेत दखल गरे । यस वंशका राजा क्राचल्ल देवले १२८० मा कुमाउको राजधानी कार्तिकेयपुरमा समेत अधिकार जमाए ।१२ यिनैका छोरा

अशोक चल्लले दुर्लंड्ध्यनगर (दुल्लु) लाई राजधानी गराए । यिनैका भाइ जियारिमल्लका समयमा ठूलो भूकम्प गई सेंजानगर ध्वस्त भयो । यसै समयदेखि नागवंशी राजाहरूको उधोगति शुरु भयो ।१ पछि मल्ल बनेका आदित्य पालले १३८५ को हिउँदमा नेपाल उपत्यका हमला गरी त्यहाँका राजा जयरुद्र मल्ललाई मारेका थिए९ । आदित्यका छोरा पुण्य मल्लले नागवंशी राजा प्रताप मल्लको अपुताली पर्दा उनको राज्यसमेत हात पारेका थिए ।१२

छोरीबाट नाति देवचन्द्र जन्मेपछि उनलाई आदित्य मल्लले अछाम बूढी चर्पुकोटको राज्य र 'बम' पदसमेत दिएका थिए । यिनैलाई शायद यिनका मामा पुण्य मल्लले 'शाही' पदसमेत दिएको हुनुपर्छ । यसै समयदेखि यी चन्द्रवंशी रायठोरहरू शाही कहलिन थाले । पालवंशी राजाहरू हिन्दू र बुद्ध दुवै धर्म मान्दथे, तर शाहीहरू हिन्दूधर्म मात्र मान्दथे ।५ पुण्य मल्लका छोरा पृथ्वी मल्ल बडा धर्मात्मा राजा निस्के । यिनले अनेक पुण्यकर्म गरेका छन् । यिनका खञ्जनमाला र शकुनमाला दुवै पत्नीतिर सन्तान नहुँदा आखिर सर्वप्रिया शाही नाम ग्रहण गर्ने देवचन्द्र बमका छोरा भीम बम शाहीलाई जुम्लाको राज्य दिएर १४१७ तिर बद्री तपोवनतर्फ लागे ।६

भीमबमपछि उनका छोरा मलेबम १४२९ तिर जुम्लाको राजगद्दीमा बसे । यिनले पुराना राजाहरूका गर्मीको गेला र ठण्डीको दुर्लंघ्यनगर राजधानी बदलेर खाडाचक्रमा सारे । पृथ्वी मल्लका समयसम्म पनि कसैले चलाउन नसकेका कर्णालीप्रदेशका बांकी रजौटाहरू जितेर मलेबमले संपूर्ण कर्णालीप्रदेशको रजाइँ चलाए । यिनले तराईदेखि खाडाचक्रसम्म हात्ती हिंड्ने बाटो बनाएका थिए । यिनको रैकासाधुको अभिलेख अद्यापि छँदैछ । यिनका जेठी पत्नीतिरका जगति वा मेदनि र पीताम्बर तथा कान्छी पत्नीतिर सुमेरु र संसार गरी ४ छोरा थिए ।६

मेदनिबम पिताका शेषपछि १४४९ तिर जुम्लाको राज्यमा अभिषिक्त भए । यिनका अधीनमा ४६ सामन्तहरू थिए । जुम्लाको राज्यमा आजकालका सबैजसा कर्णालीप्रदेशहरू थिए३, तर पछि मेदनिले ५ टुक्रा पारे । बीचको प्रदेश उनले आफ्नो नाउँबाट खडा गरेको जगतीपुर (जाजरकोट) आफूलाई राखे । पूर्वपट्टिको रुकुम माहिला भाइ पीताम्बरलाई दिए । दक्षिणपट्टिको सामाकोट(सल्यान) साहिला सुमेरुलाई दिए । पश्चिमपट्टिको विलासपुर(दैलेख) कान्छा संसारीलाई दिए । उत्तरपट्टिको जुम्ला चाहिं जुवाइँ बलिराजलाई दिए । जुवाइँलाई यति ठूलो राज्य दिएको देखेर जनताहरूले गाए:–१

धन्य धन्य मेदनि बम्ब धन्य तम्रो हियो ।
सात दिनको हिंड्न्या बाटो दातव्यमा दियो।

शाहीहरू पर्वतमा आउनुभन्दा अगाडिको वर्णन नगरी नहुने हुँदा यहाँ गरिन्छ । मलेबमका छोरा माहिला पीताम्बर र उनका छोरा जैतुले रुकुममा राम्रो बन्दोबस्त गरेको देखेर यसभन्दा पूर्वका देशहरू लोभिन लागे । निसेल भुजेल भनिने चार हजार पर्वतका मगरका अगुवाहरू मिलेर रुकुमको राजधानी गोथाममा जैतुबमसंग राजा माग्न आए । राजाज्ञा मिल्यो–'युवराज यशुबमलाई छाडी अरू ७ भाइमा रोजेर लैजानू' भन्ने । यस आदेशमुताबिक कसलाई छान्ने भनेर भुजेलहरू मतो बसे । राति सुतेका वेलामा जुन राजकुमारको शिर शिह्रानतिर बढेको हुन्छ, उसैलाई लाने भन्ने सर्वसम्मतिबाट पास भयो । भुजेलको सल्लाहअनुसार राजा जैतुबमले छोराहरूलाई राति गोठमा सुत्न पठाए । भुजेलहरूको निर्णय माहिला आनन्दबाहेक अरू सबै भाइलाई थाहा भयो । यसकारण साहिलालगायत अरू भाइहरूले आफापना शिर तलतिर हटाएर सुते । राजकुमारहरू सुतेका ठाउँमा चियो गर्न जांदा आनन्दबमको शिर सबैभन्दा सिह्रानतिर बढेको देखियो । यसैले आनन्दलाई पिठिउँमा बोकेर भुजेलहरूले पर्वतमा ल्याए । यिनी निसी–भुजी चार हजार पर्वतका राजा बनाइए । रुकुमबाट यिनका साथमा मुड्ला कार्की, रुचाल, बयक, महर्थोकी, थरथोकी तथा पौडेल बाहुनहरू आए । पर्वतेहरूले यी शाही राजालाई तीन नाउँले पुकार्थे:– आउने भनी 'आनन्द', पिठिउँमा बोकेर ल्याएको भनी 'पिठिम्ब' र गोथामबाट ल्याएको भनी' गोथम्ब । वि. सं. १५१० तिर आनन्द सोलेपार पर्वतका राजा बने । त्यस वेला सोलेपूर्व पर्वतमा धेरैजसो क्षत्रीहरूको राज्य थियो । पछिका नयाँ कोटहरूबाहेक पुराना कोटहरूमा भुरे राजाहरूको राज्य थियो ।७

गलकोट, चन्द्रकोट, बिउँकोट, ताकुमकोट, ज्यामरुककोट, पूलाकोट, राखुकोट, डांडाकोट, बाजुङकोट र मुस्ताङमा समेत पर्वतका १० प्रान्तमा भुरेराजाहरू राज्य गर्दथे ।

लगभग बीस वर्ष जति राज्य गरेपछि आनन्द मरे । उनका ठाउँमा उनैका छोरा चन्द्रबम राजा भए । यिनका समयमा पर्वतमा कुनै नौलो घटना भएको पत्ता लागेको छैन । यिनले १०।१२ वर्षभन्दा बढी राज्य गरेनन् । चन्द्रबमका दुइ रानीहरूमा मुसीकोटेका भानिज डिम्ब नामले प्रख्यात भएका जेठा दिलीप राजा भएको धेरै भएको थिएन । यिनै ताका ताकुमकोटका थापा क्षत्री राजाको अत्याचार सहन नसकी त्यहाँका मगरहरू शाही राजासंग कराउन पुगे । त्यस वेला डिम्बको राजमुकाम ढोरमा थियो । डिम्बले फौज लगेर चढाइँ गर्ने आज्ञा दिए । तक्मेली मगरहरूले पनि शाही राजालाई मदत गर्ने कबूल गरे । तदनुसार १५४५ तिर डिम्बले ताकुममा हमला गरे । मगरको मदत नपाउँदा थापा एकला परे । डिम्बले सजिलै संग ताकुम हात पारे । थापाहरू ताकुम छोडेर पूर्वतिर लाग्न आंटे । उनीहरूले रिसाएर ताकुम छोडे भने उनका दाजुभाइ पूला, ज्यामरुक र राखुसमेतलाई उठाएर ताकुम-मा हमला गर्न सक्थे । यसै कुराको विचार गरी राजनीतिज्ञ डिम्बले थापालाई 'रजाइँ हाम्रो, कजाइँ तिम्रो' भनेर फकाए । तर थापाहरूले एकजात मानेनन् । थापाहरूको कुलायन बसाल्ने चलन थियो, यसैले उनीहरूले कुलायन बसाले । कुलायनले ताकुम छाड्ने आदेश दियो । शाहीहरू-को कुलायन बसाल्ने चलन थिएन, थापाहरूलाई रोक्न उनीहरूले पनि नकली कुलायन निकाले । यसले थापाहरू ताकुम छाड्न पाउँदैनन् भनेर कुर्ल्यो । थापा मानेनन् र आफ्ना डिंगा, बाखा, हांडा, भांडाहरू लिएर पूर्वतिर लागे । अहिले पनि 'थापाचौर'को नाउँबाट पुकारिने गरेको म्याग्दीको किनारमा आएर बसे । उनीहरूलाई फर्काउन डिम्ब उहीं पुगे । अन्त्यमा कुलदेवता साटासाट गरेर थापा-लाई फर्काउन शाही समर्थ भए । त्यस समयदेखि शाहीले पुज्ने गरेका सुनालिङ्ग थापाले र थापाले पुज्ने गरेका कलङ्की शाहीले पुज्न लागे । शाही र थापाको यस मेल-मिलापको परिणाम के भयो भने ज्यामरुक, पूला र राखुका थापाराज्यहरू सजिलैसंग शाहीराज्यमा गाभिए । थापाहरू-लाई उच्चपदमा राखेर शाहीहरूले उनीहरूको मर्यादा राखे । त्यसपछि गलकोट,चन्द्रकोट र बिउँकोटसमेत सजिलै-संग पर्वतमा गाभिए । त्यस ताक बलेवा बिउँकोटको र थनथाप चन्द्रकोटको मातहतमा थिए । गलकोटको आकार आजकालको जस्तो थिएन, सानो थियो । यसरी डिम्बले ४००० पर्वतबाट १४००० पर्वत गराए । डिम्ब वर्षालाई ढोरमा र हिउँदमा ताकुममा बस्न लागे । डिम्बले उनका माहिला भाइलाई दागाकोटमा, साहिँलालाई बिउँकोटमा र कान्छालाई गलकोटमा राखेका थिए । यसै कुरालाई लिएर पर्वतेहरूले माहिलालाई दगाले, साहिँलालाई बिमाले र कान्छालाई गमाले भनी पुकार्थे ।

राजा डिम्बका दुइ छोरा थिए-- जेठा युवराज नाग र कान्छा नरसिंह । त्यसताक गण्डकी र कर्णालीप्रदेशका राजाहरूले दिल्लीका बादशाहकहाँ पांचपांच वर्षका बीचमा सिर्तो लैजाने गर्दथे । आफ्नै राज्यमा हुने कस्तूरीको बिना, बाज, डांफे, मुनाल, नाहुर र चितुवाको छाला, पश्मीनाको वस्त्र आदि सौगात लिएर राजाले आफ्ना भाइछोरालाई पठाउने गर्दथे३ । १५३० तिर पर्वतको सिर्तो लिएर युवराज नाग दिल्लीका सुल्तान सिकन्दर लोदीका दरबारमा पुगे । त्यस वेला त्यहाँ मल्लयुद्ध या पहलमानी चलेको रहेछ । राजसभामा स्थान पाएका नाग त्यस कुश्तीमा ज्यादै तल्लीन हुँदा उनलाई आफ्नो अवस्थाको यादै भएनछ । यस्तो देखरा सुल्तानले आज्ञा दिएछन्-'अरे पहाडिया, कुश्ती लडोगे ?' युवराज नागले कुर्सीबाट उठेर भनेछन्-'जी हाँ।' नाग पहलमानी दाउपेच जान्दैनथे उनी बलको भरमा मात्र कुश्ती खेलन तम्सिएका थिए । उनको फराकिलो छाती, उठेको कुम र फुलेका पाखुरा देखेका पहलमानहरूले सर्वश्रेष्ठ पहलमान अगाडि सारे । अखाडामा ठिङ्ग उभिएका नाग-लाई लड्न अघि सरेको पहलमानले चतुरतापूर्वक जांघमनि शिर घुसारेर चित पार्न दाउ खेल्यो । नागले पूरै बल लगाएर उसको टाउको समाते ! अचम्म ! नागको हातमा गिदी लतपतियो । कुनै वंशावलिको भनाइ छ- नागले उचालेर पछार्दा पहलमानको जांघ भांचियो । जे होस्, यसमा नाग विजयी बने । सुल्तानले श्याबासी दिंदै भने- 'श्याबास्, मल्ल !' उनले युवराजलाई बक्सिससमेत दिए । बादशाहबाट श्याबासी पाएका नागले त्यस समयदेखि आफ्नो नामको पछाडि 'मल्ल' जोड्न थाले ।

नाग मल्ल दिल्लीबाट फर्कने समयमा कालीपूर्व चार हजार पर्वतको बाजुङकोट र अरू गाउँहरू लुट्दै डांडाकोटमा समेत मादीखोलापूर्वको राक्से नामक गुरुङ राजाले आक्रमण गरे। गुरुङका फौजबाट बचेका डांडाकोटका घर्ती क्षत्रीहरू आफ्ना भांडाकुंडा डांडाकोटको तलाउमा हालेर डिम्बकहाँ मदत माग्न पुगे। राजाले नागलाई फौजसमेत दिएर राक्सेलाई जित्न पठाए। जुन वेला पर्वते फौजले राक्सेको फौजमाथि आक्रमण गऱ्यो त्यस वेला गुरुङहरू डांडाकोटमा बसेर भैंसी र रांगाको मासु पकाई खानामा मग्न थिए। पर्वते फौजले राक्से राजालाई मार्न नसके पनि कोखामा लागेको कांड कुंडाउदै मोदी तर्न बाध्य गराए। उनको फौज तितरबितर भयो। यस्तो अवस्था देखी खुशी भएका कालीपूर्व पर्वतका बासिन्दाहरूले पर्वत राज्यमा गाभिन बेर लगाएनन्। डांडाकोटका क्षत्रीहरूले त्यस ठाउँको नाउँ 'मल्लराज' राखे। पुउँदीखोलाका किनारको एक ठाउँलाई 'मल्लरानी' नाउँ दिएर उनीहरूले राजभक्तिको परिचय दिए। आजकाल पनि कोटडांडा र पुरानोगाउँ भनिने डांडाकोटका वरिपरि तलाउ खन्दा धातुका टुक्राहरू भेटिंदैछन्।७

राजा डिम्बले समस्त पर्वत एकीकरण गर्न त्यहाँका सानातिना गाउंले राजाहरूको आफूसभा चलिरहेको लूटमार र काटाकाट हटाएर त्यहाँ शान्ति कायम राखे। मानिस र जनावरलाई चाहिने नून त्यस ताक पनि भोटतिरबाट आउंथ्यो। त्यस वेला थाकको नाम थिएन, मुस्ताङ प्रख्यात थियो। दोसांधमा बसेर बेपार गर्न पाउंदा मुस्ताङीहरू बाठा र धनी थिए। उनीहरूको राज्यमा पर्वतका क्षत्री राजाहरूले घुनपुत्लो लगाउन सकेका थिएनन्। उनीहरूले पर्वतका राजाहरूलाई हैं हेपेर नून साट्न जाने पर्वते ढाक्रेहरूलाई हैरान पार्दथे। यिनै कारणहरूले गर्दा डिम्बले मुस्ताङ विजय गर्न युवराज नाग जिम्माका पर्वते फौज पठाएका थिए। यस सेनाले मुस्ताङ जितेर पर्वतमा गाभ्यो। मुस्ताङ जाने बाटो विकट थियो, डिम्बले यसको सुधार गर्न लगाए। मुस्ताङी जनावरमा नून बोकाएर जलजलसम्म ल्याउन लागे। उनीहरू बाठा र जालीसमेत भएका हुंदा उनीहरूलाई ताना मार्दै पर्वतेहरू गाउंथे:—

**मुस्ताङी हुस्सा जाल छुन, जाल!**

मुस्ताङ पर्वतमा गाभिएपछि भोट र पर्वतका बीचमा बेपार बढेर गयो। भोटतिरबाट आउनेमा नून, ऊन, सुन र घोडा तथा पर्वतबाट जानेमा खाद्यान्न, सुती वस्त्र, काठ, धातुका माल र कागज आदि थिए। हिउंदमा वेनी जस्तो घाट परेको ठाउंमा हाट लाग्दथ्यो, माल साटासाट गरेर बेपार चल्दथ्यो। यसैले र पर्वतको पूर्वी सिमाना मोदी सम्म पुगेको हुँदा डिम्ब हिउंदमा ताकुमको सट्टा ढोलथानमा आएर बस्न लागे। यसैले पर्वतेहरूले गीत गाए:—

**कहिले राजा ढोलथान, कहिले राजा ढोर।**

डिम्बका दुई छोरामा कान्छा नरसिंह मल्ल दाजुसंग वैमनस्य भएर हो वा किन हो पर्वत त्यागी मध्येसतिर लागेका थिए। जेठा युवराज नाग पनि अस्वस्थ भएर थला परे। आफू पनि ८४ बाट उकालो लागिसकेको हुँदा डिम्बले नागका एक मात्र छोरा प्रतापी नारायणलाई १५९० तिर पर्वतको राज्य सौंपे।३

राज्य त्याग गरेपछि डिम्ब जगन्नाथ जाने योजना मिलाउंदै थिए, उनलाई रातमा सपना भयो। यही सपनाअनुसार उनले ढोलथानमा जगन्नाथको मन्दिर बनाएर यसैको सेवा गर्न लागे। डिम्ब १२० वर्षसम्म बांचे भन्ने जनश्रुति छ। यिनको अन्त्य पनि उस्तै रहस्यजनक छ। एक दिन भान्सा कुरिंदा डिम्बलाई बोलाउन पनेरामा गएको नोकरले डिम्बले आन्द्राभुँडी निकालेर धोइरहेको देख्यो। त्यसै दिनदेखि डिम्ब अलप भए।

शाहीकालसम्म पनि जनआवादीले जमीन ओगटिसकेको थिएन, जङ्गल प्रशस्तमात्रामा थियो। खेतीभन्दा पशु पाल्ने वृत्ति ठूलो संकिन्थ्यो।

**जसको जन उसको वन, जसको वन उसको धन।**

यो कहावत मुख्य मानिन्थ्यो। मानिसको धेरै निर्वाह वनैबाट चल्थ्यो। जनावर मुख्य धन मानिन्थ्यो। नयाँ आवाद गरेको जमीन वा त्रिसाले, पंचसाले जमीनमा खेती गर्ने चलन हुंदा अन्न प्रशस्त मात्रामा पैदा हुन्थ्यो। साधारण घरेलु वस्त्रबाट निर्वाह गरिने हुंदा मानिसलाई खानलाउनको दुःख थिएन। पशुपतिनाथको दर्शन बडो दुर्लभ थियो। काशी जाने मानिस फर्कने आशा हुँदैनथ्यो।

खानेमा नून र लाउनेमा सुनचांदी भोटतिरबाट आउंथ्यो। त्यसभन्दा बढी बाहिरबाट कुनै चीज मगाउनुपर्दैनथ्यो। काठ र माटाका भांडाबाट निर्वाह गरिन्थ्यो। तामा र फलामका चीज मूल्यवान् संझिन्थे। पर्वतलाई चाहिने धातुहरू पर्वतकै खानीबाट निस्कन्थे। राजाहरू जिन्सी तिरो लिन्थे। रुपियाँपैसाको चलन थिएन। बेपार मालको साटासाटबाट चल्दथ्यो। राजाहरू कोटका किल्लाभित्र बस्दथे। उनीहरूका साथमा भारदार, अफिसर र केही अंगरक्षक फौज रहन्थे। गौंडागौंडामा भाइछोराहरू केही सैन्यका साथ राखिन्थे। लडाईंका समयमा गाउंले युवकहरूनै सैनिक गनिन्थे। धनु, कांड, ढाल, तरबार मुख्य हतियार भएका हुंदा सबले घरघरमा राखेका हुन्थे। हिउंदभर शिकार खेलिने हुंदा हातहतियार चलाउन सब सिपालु हुन्थे। लडाईंमा जानुभन्दा दुइचार महीना पहिलेदेखिनै युवकहरू खिचेर अफिसरहरूले लडाईं गर्ने तालीम दिन्थे। यिन ताकसम्म गण्डकीप्रदेशमा चौबीसेहरूको जग बसिसकेको हुंदा अघि जस्तो लुटपाटको चलन हराइसकेको थियो। लडाईं गर्नुपरे ठूलै लडाईं चल्दथ्यो।

राजा प्रतापी नारायण मल्ललाई राजा भएको थोरै समयमा पाल्पाली राजा मुनि मुकुन्द सेनकी छोरी विवाह गर्न तानसेन जानुपर्‍यो। यतिखेर पर्वतको ठूलो इज्जत थियो। त्यस ताक ठूला मानिसहरूमा दैवी शक्ति लुकेको हुन्छ भन्ने सर्वसाधारणमा परेको हुन्थ्यो। यसै आधारमा त्यस वेलादेखि चलेको यौटा कहावत यस्तो छ:—जग्गेमा बसेको राजा प्रतापीले घोसे मन्टो लगाएर नबोलीकन जमीनतिर मात्रै हेरेको देख्दा दरबारका नारीमण्डलमा कानेखुसी चलेछ—कसैले लाटो, कसैले षाखे, कसैले मूर्ख यस्तै निन्दा दुलहालाई गरे। यो पत्ता पाएका दुलहाले क्रोधित भै नजर उठाएर दरबारतिर हेर्दा दरबार हल्लन लाग्यो, छानाका झिंगटी फताफत खस्न लागे। प्रतापी नारायणका प्रतापको पत्तो पाएका पाल्पाली भारदारहरूले आएर दुलहासंग क्षमायाचना गरे।७ यस विवाहको अर्को कहावत छ—पर्वते राजाका डोलेभरिया र बरियातले खस्रो ऊनी लुगा लगाएको देखेर पाल्पालीहरूमा हाँसो चल्यो। पाल्पाली गर्मी ठाउँमा बस्ने हुंदा पातलो लुगा लाउँथे। उनीहरूको शेखी झार्न केही समयपछि पाल्पाली बरियात पर्वतमा आउंदा ढोरको आलेपिलो ज्यादै जाडो हुने ठाउंमा उनीहरू लाई राख्ने प्रबन्ध भयो। रातमा जाडाले कठाँग्रिएका पाल्पालीहरू गुंडुल्किएर सुतेको देख्दा पर्वतेहरूले भने:—

**पर्वते लमतङ्ग, पाल्पाली कुप्रितङ्ग।**

यसपछि काम्लो र पाखीको खात पाल्पाली बरियातमा बाँडे। उनीहरूको शेखी तोडियो। ढोरमा त्यस ठाउंलाई आज पनि 'पाल्पाली कोल्ले' भनिदैछ।

डिम्बले ढोलथानमा जगन्नाथको मन्दिर बनाउनुभन्दा अगाडि पर्वतमा थान वा मन्दिरको नामनिशान थिएन। प्रतापीले पाल्पाबाट विवाह गरेर फर्कदा ससुरासंग पाल्पा माजकी देवी मागेर ल्याए। यिनले ती देवीलाई बागलुङ चौरमा थापित गरी देवीका साथमा पाल्पाबाट खड्ग समाती आउने खड्गा क्षत्रीलाई पुजारी गराएका थिए।३ त्यसै वेला यी राजाले पाल्पाबाट ल्याएका कुमालेहरूलाई बागलुङ चौरमा राखी माटाका भाँडामा उन्नति गराए। यिनले थापना गरेकी बागलुङदेवी र डिम्बले थापना गरेका जगन्नाथमा धेरैको फरक छैन।

पर्वतको पाल्पासंग सम्बन्ध भएपछि पर्वतको शक्ति झन् बढ्यो। त्यस वेला मुकुन्द सेनका छोरा लोहाङ्ग सेनले पूर्वतिर देश बढाइरहेका थिए। यसैबाट उत्साहित भएका प्रतापीले पनि मोदीपूर्वका देशहरू जित्दै सेतीनदीसम्मको भूभागमा दखल गरे। राणा भूपालका सन्तानको त्यस वेलासम्म गर्हौं, भिरकोट, ढोर, सतौं, नुवाकोट, कास्की र लमजुङ यी ७ ठाउंमा रजाइँ चलिरहेको थियो। यसैले प्रतापीले अरू देश जित्ने साहस गर्न सकेनन्। त्यस वेला बाईसे चौबीसेमा सबैभन्दा शक्तिशाली राज्य पाल्पा र पर्वत थिए। यो क्रम पर्वत विशाल नेपालमा विलीन नहुन्जेलसम्म पनि चल्यो। जस्तो पाल्पा तराईको भूभागले गर्दा बलियो थियो त्यस्तै भोटसंगको व्यापार र खानीको कामले गर्दा पर्वत बलियो थियो।

प्रतापी नारायणले अघिदेखि साधारणसंग चलिराखेको फलाम र तामाको खानी खन्ने काममा जोड लगाए। फलाम र तामाका मालहरू छिमेकी राज्यहरूमा मात्र नभै भोटतिर पनि प्रशस्तमात्रामा निकासी हुन्थ्यो। मुख्य नून, ऊन, तामो र फलाम प्रत्येक घरलाई चाहिने चीज पर्वतको

हातमा हुंदा यो सदा छिमेकी राज्यहरूको अगुवा बन्न गएको थियो ।

मुनि मुकुन्दले आफ्नो राज्य बाँडेर आफू देवघाटमा गई परमार्थपट्टि लागे झैं प्रतापी नारायणले पनि पर्वतको राज्य आफ्ना ३ छोराहरूमा बाँडी आफू काशीवास गएका थिए । यिनले करीब ३० वर्षसम्म राज्य गरे । जेठा जितारिलाई गलकोट, माहिला राजलाई पर्वत र कान्छा कल्याणलाई कास्कीको राज्य मिल्यो । यही राज्य बांड्ने वेलामा विदेश लागेका नरसिंह मल्लका छोरा प्रताप र सूर्य दुवै भाइ आई राजासंग जीवनवृत्ति मागे । राजा जितारि-लाई मानेर खाने गरी जेठा प्रतापले चन्द्रकोट र राजा कल्याणलाई मानेर खाने गरी कान्छा सूर्यले लिमी आदी जागीरमा पाए ।३

कास्कीका राजा कल्याण मल्लको अपुताली पऱ्यो । अनि पर्वतबाट राजबमका छोरा पठाइए, तर यिनी पनि असमयमै मरे । यसपछि कास्की पुन: कुलमण्डन शाहीको वंशको हातमा पऱ्यो ।

वि. सं. १६३१ तिर राजबम पर्वतका राजा बने । यिनको धेरै समय ढोरमा बित्तथ्यो । यिनले वर्णन गर्न लायकको कुनै काम गरेको देखिंदैन ।

राजबमका छोरा शिवबम पनि कुनै प्रख्यात राजा बन्न सकेनन् । तिनका छोरा नागबमका समयमा पनि पर्वतमा केही काम भएको पाइँदैन । राजा नाग र युवराज दुई जना मल्लवंशमा 'नाग' नामक व्यक्ति भएको हुंदा मल्लहरूले नाग वा सर्प मार्न पाप सम्झन्छन् । नागका छोरा नारायणबम पनि कुनै वर्णन गर्न लायकका राजा भएनन् ।

नारायणका छोरा शाहीबम धेरै स्वास्नी र धेरै छोरा हुनेमा प्रसिद्ध थिए । यिनले पर्वतको राजगद्दी १६९० तिर भेट्टाए । यिनका ४ रानी र २ भित्रिनी गरी ६ पत्नी थिए । मुसीकोटे रानीतिर घनश्याम, सल्ल र परहिड ३; धूरकोटे रानीतिरका महारुद्र, अमृत, भानु, गनु र चामु ५; गलकोटे रानीतिरका हरिनारायण, धमनारायण' श्रीभक्त, सिकन्दर र पुरन्दर ५; जुम्ली रानीतिरका श्रीनारायण, प्रेमनारायण, रूपनारायण र अरिमर्दन ४; अयोध्या भित्रिनी-तिरका राजमनी तथा सीता भित्रिनीतिरका सीताभगत गरी जम्मा १९ छोरा थिए । यिनीहरू राजा घनश्यामका अठारभाइका नाउंले प्रसिद्ध थिए । पर्वतका र अन्यत्रका पनि बमशाही मल्लहरू धेरैजसो यिनै १८ भाइका सन्तान-हरू हुन् ।

शाही बमका जेठा छोरा घनश्यामले १७१५ मा पर्वत-को राज्य भेट्टाए । त्यस वेलासम्म पर्वतमा धेरैनै हेरफेर भइसकेको थियो । ठूलठूला गाउँहरू जमिसकेका थिए । जलखेतीको महिमा बढ्दै जान लागेको थियो । नागाधारीका गाउंहरू जोडसाथ बढिरहेका थिए । पश्चिममा कर्णाली-प्रदेश र दक्षिण सेनराज्यतिरबाट समेत बाहुन, क्षत्री, दमाईं, कामी र सार्कीहरू पर्वतमा बसोबास गर्न आइरहेका हुन्थे । गाउँहरू स्वावलम्बी बनिसकेका थिए । तामाधारी गाउं-हरूमा छालाको काम सार्की, फलाम आदि धातुको काम कामी, सिउने र बजाउने काम दमाईं, माटाको काम कुमाले र काठको काम चुंडाराहरू गर्दथे । गुरुङ र मगरहरूको बस्तीमा भने सब काम आफाफै गर्दथे । पर्वतमा खानी खन्ने कामले पनि राम्रो उन्नति गरेर लगेको थियो । पर्वत धनधान्यले परिपूर्ण थियो । यसैले यहाँ सुख र शान्ति पनि थियो ।

घनश्यामका २ रानीमध्ये जेठी लमजुंगे राजा चंडा शाहीकी छोरी र कान्छी जुम्ली राजा जहांगिर शाहीकी छोरी थिए । जेठीतिर मलेबम र धर्मध्वज तथा कान्छीतिर भर्ती, धनयारी र सकता गरी ५ छोरा र भित्रिनी हसातिर महीधर नामक १ छोरा पनि थिए । यी राजा १७४३ मा दिवंगत भए ।

पिताका शेषपछि जेठा मलेबम पर्वतका राजा बने । राजा हुनासाथ माहिला सौतेनी भाई भर्तीबमलाई देश-निकालाको आदेश दिए ।७ त्यस वेला भर्ती ज्यामरुक कोटको जिम्मा ली बसेका थिए । उनले जवाफ पठाए– 'राजाले दिए पनि खान्न, धपाए पनि जान्न, ज्यामरुकको कोट छोड्दै छोड्दिन ।' आफ्नो हुकुम भर्तीले उल्लंघन गरेको देखी राजाले फौज पठाई उनलाई पक्रन लगाए । भर्ती ज्यामरुक कोटबाट भागेर पौडी खेली काली तरेर लामाखेतको ढाडमा लुक्न पुगे । यहीं बाट उनलाई पक्राउ गरेर पर्वते फौजले

रातारात राजा कहाँ वेनीमा पुऱ्याए ।३ त्यहाँ मलेबमले आफ्नै हातले भाइको शिर छेदन गरे । त्यस वेला भर्तीको उमेर २३ वर्षभन्दा बढी थिएन । पतिको जीवनदान माग्न गएकी उनकी पत्नी कुरिलाले पनि वेनीदेखि १ पाउ जति पश्चिम आजकाल कुरिलाखर्क भन्ने ठाउंमा गलामा पाशो लगाएर आत्महत्या गरिन् । उनका साथमा आएकी एक बाहुनीले पनि कुरिलाले झैं आत्मघात गरिन् । यस कामले राजाको नराम्रो बदनाम भयो ।७ राजाको यस कठोर कामले उनका काकाहरू उनीदेखि सतर्क भए । त्यस वेला-सम्म राजपरिवारले राजालाई छाड्दैनथे, राजाकै साथमा बस्दथे र राजाले खटाएको ठाउँमा गई काम गर्दथे ।

त्यस ताक रैतीबाट जिन्सी तिरो उठ्थ्यो–अन्न, कपडा, धातु इत्यादि । दर्जामाफिक तिनै चीजहरू पाउँथे र जीवन निर्वाह गर्थे । त्यस वेला जङ्गल प्रशस्त भएको हुँदा शिकारको लेखो थिएन, उनीहरू फुर्सदका वेलामा शिकार खेली समय व्यतीत गर्दथे । अठार भाइका नाउंबाट प्रख्यात भएका उनका काकाहरू राजाबाट सतर्क हुनाले बिस्तार बिस्तार राजाबाट पन्छिन लागे । राजालाई पनि भाइ भतिजाहरूको उत्तिको आवश्यक थिएन । चौबीसेको गण्डकी प्रदेशमा राम्रैसंग जग बसिसकेको थियो । एउटाको राज्य-मा अर्कोले दखल गर्ने काम कुनै सहजसाध्य थिएन । दक्षिण तिर पाल्पा, पैयूं, रिसिङ, घिरिङ र तनहुं ५ प्रदेशहरू सेनवंशका थिए । बीचमा गह्रौं, भीरकोट, ढोर, सतौं, स्याङजा नुवाकोट, कास्की, लमजुङ र गोर्खासमेत ८ देश-हरू राजा भूपालका वंशहरूको थियो । पर्वत, गलकोट, इस्मा र प्यूठान ४ देशहरू मलेबम शाहीका सन्तानका हातमा थियो । अर्घा, खांची र धूरकोट मेजासीहरूको हातमा थियो । गुल्मी र मुसीकोट सिंहहरूको हातमा थियो । बांकी २ देशमा उदयपुर बाहुनको हातमा र त्रिशूली नुवाकोट कान्तिपुरका मल्लको हातमा थियो । यसरी गोत्र र नाताले चौबीसे राज्यहरू आफूसमा जेलिएका थिए । तैपनि वेलावेलामा यिनीहरूमा सानो ठूलो संघर्ष चलिनै रहन्थ्यो ।

भर्तीबम मारिएपछि १७४५ तिर उनका मामा जुम्ली राजा सुरथ शाहीले पर्वतको पश्चिम भागमा हमला गरे, तर पर्वतका वीर सैन्यबाट हार खाएर भाग्नुपऱ्यो । यस-पछि मलेबमले वेनी, काली र म्याग्दीको दोभानमा ढुंगाको कलापूर्ण शिवालय बनाउन लगाई १७५४ मा पूरा गरे । यसमा उनले १००८ गोदान गरी ब्राह्मणभोजनसमेत गराए । भर्तीको प्रेतात्माले उत्पात मचाउंदा राजाले शिवा-लय खडा गरेका हुन् भन्ने जनआवाज आज पनि निस्कंदै छ ।३ शिवालय बन्नुभन्दा अगाडि मलेबमले यसमा १।२ भवन बनाइसकेका थिए । १७६१तिर वेनीमा तेलिया ईंटको कलापूर्ण राजभवन तयार गर्न लगाएर मलेबमले यसलाई राजधानी बनाए । यिनी हिउंदमा वेनी र वर्षामा ढोलथान-मा बसी राजकाज गर्दथे । यसैले पर्वतेहरूले गीत बदले:–

**कहिले राजा ढोलथान, कहिले राजा वेनी ।**

मलेबमले वेनीलाई शहर बनाउन ठूलो प्रयत्न गरे । हिउंद ४ महीना चारै खुटका बेपारीहरू यहाँ भेला हुन्थे । मलेबमका समयदेखि वेनीमा तामाको डल्ले पैसा काटिन शुरु भयो । तिन ताक दक्षिणमा तानसेन र उत्तरमा यसै वेनीको नाम प्रसिद्ध थियो ।

त्यस ताक राजघराना, गुरुघराना, पण्डितघराना तथा महाजनीघरानामा मात्र लेखपढसम्म गर्ने शिक्षा दिने चलन थियो । पर्वतमा गढकुमाउंबाट पछि आएका पन्त ब्राह्मण-हरू हिद्वान् थिए । यिनीहरूको मलेबमका दरबारमा राम्रो आदर थियो । यीमध्ये प्रेमनिधि पन्तले भाषामा 'प्रायश्चित-प्रदीप' र संस्कृतमा 'मलेबममहात्म्य' नामक दुइ ग्रन्थ लेखे । मलेबमकी रानीको नाम महलवन्ता र छोराहरू क्रमश: शाहबम, अरिमर्दन, शत्रुशाल, कलिमर्दन, रमेश, रघुदत्त र रघुनारायण गरी जम्मा ७ भए पनि ६ भाइका नामबाट प्रसिद्ध थिए ।

वि. सं. १७९१ मा जेठा छोरा शाहबमलाई राज्य दिएर मलेबम काशीवास गर्न गए । उहां उनको १७९३ मा देहान्त भयो ।

शाहबमका समयमा गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्न शुरु गरिसकेका थिए । गोर्खाको सधैं डाह गरिरहने लमजुङले मुख्य पर्वतको आड लिन्थ्यो । शाहबमले लमजुङे राजा रिपुमर्दनकी बहिनी विवाह गरेका थिए । घनश्यामका समयदेखि सुदृढ हुंदै गएको पर्वत र

लमजुङको मैत्री सम्बन्ध यसले गर्दा झन् बलियो हुन गयो । कास्कीले बीचबीचमा लमजुङसंग जोरी खोज्दथ्यो । उसलाई समेत पर्वतले स्वाद चखाउँदथ्यो । १८१२ मा लमजुङले गोरखामा हमला गर्दा शाहबमले लमजुङको सहायतामा पर्वते फौज पठाएका थिए, त्यो फौज सिरान-चोकको लडाईमा गोरखासंग हार खाएर फर्केको थियो ।९

मलेबमका समयदेखि पर्वतका गाउँहरूमा बसोबास गर्न लागेका अठार भाइका सन्तानहरू शाहबमका अन्त्य समयसम्म निकै फैलिए । यसअनुसार सल्ल ताकुममा, परहिड दाङमा, पुरन्दर मल्लाज फट्केढुङ्गामा, अरिमर्दन पालिखेत र राखुमा, श्रीनारायण देउपुरमा, धमनारायण मल्लाज एकछानेमा, हरिनारायण बाजुङमा बसोबास गर्न लागेका थिए । पर्वतको राज्य गुमेपछि बांकी अठार भाइका सन्तानहरू श्रीभक्त पय्यूं लङ्खुमा, सिकन्दर गोरखा जरेबगरमा, रूपनारायण गोरखा कार्की गाउंमा, महारुद्र भीरकोट आंधीखोलामा, अमृत भीरकोट ज्यागदीखोलामा, प्रेमनारायण कास्की रामजामा, भानु लमजुङ कुन्छा र गुल्मी खादीमा, अरिमर्दन राखुको शाखा मल्लाज मातफांटमा र मल्लाज फट्केढुङ्गामा तथा पुरन्दर देहरादूनमा बसोबास गर्न लागे । यीबाहेक अरू भाइका सन्तानको पत्तो लागेको छैन ।

पर्वतका आखिरी राजा कीर्तिबम १८१५ मा उनका पिताका शेषपछि पर्वतका राजा बने । यिनको समय लम–जुङलाई बराबर मद्दत गर्दामा नै बित्यो । पृथ्वीनारायण शाहले १८१९ मा मकवानपुर र त्यसपछि नेपाल उपत्यका-भित्र मालसामान आउने क्षेत्रहरू लिइदिइएकोले तनहुं र लमजुङलाई बेपारसम्बन्धी कुरामा मर्का पर्न गयो । अनि यी दुइ देशले पर्वतसंग मद्दत मागी गोरखाको भूमिमा १८२० मा दखल गरे ।९ चौतरिया कीर्तिमहोद्दाम र शूरप्रतापका जिम्माका गोरखाली फौजले लमजुङको संयुक्त सैन्यलाई लकाङ्को लडाईमा हराई मर्स्याङ्दीपार गरायो ।९

केही समयपछि फौजी संगठन ठीक गरी यस हरुवा फौजले फेरि गोरखामाथि हमला गर्‍यो । यस पटक पनि चिह्नानडांडाको लडाईमा हार खाएर लमजुङको संयुक्त फौज पछि हट्यो । नेपाल उपत्यकाको संपूर्ण भूभाग हात पारेपछि पृथ्वीनारायण शाहले १८२६ मा तनहुंमा चढाइ गर्दा त्यहांका राजा कामारिदत्तले आत्महत्या गरे । अनि उनको भाइ हरकुमारदत्त सेनसंग सैनिकसन्धि भयो । त्यही अनुसार १८२७ वैशाखमा काजी वंशराज पांडे र सरदार केहेरसिंह बस्नेत जिम्मा गोरखाको फौज तनहुंको बाटो गरी पश्चिमतिर बढ्यो । यस फौजले रिसिङ, घिरिङ, ढोर, गह्रौं, भीरकोट, पय्यूं र नुवाकोट विजय गरो सतौं हान्न वंशराजको फौज नुवाकोटबाट र केहेरसिंहको फौज पय्यूं धुवाकोटबाट सतौं सिखारीमा खनिए । सतौं डहरेको लेकमा काजी शंभुनारायण मल्ल, सर्दार कृष्ण कार्की र बलिवन्दन मल्लजिम्माका पर्वते फौज थिए । १८२७ पौषमा गोरखाका तोपबन्दूकले सुसज्जित तालीमे फौजसंग सतौंको थोरै मात्र फौज साथमा लिएर पर्वते फौज गोरखासंग लडाईं गर्न भिडियो । यस लडाईंमा गोरखाली फौज नराम्रोसंग हार्‍यो । केहेरसिंह मारिए, वंशराज घाइते अवस्थामा पक्राउ परे । पर्वते फौजले गोरखाली फौजलाई ढोरको सिमानासमेत कटायो । उसले प्रशस्त सामरिक हातहतियार हात पार्‍यो । यस साल गोरखाले जितेका सबै राज्यहरू स्वतन्त्र भए । काजी वंशराजलाई संमानसाथ पर्वतले छोडिदियो ।९ यस हारले पश्चिमतर्फको विजयलाई सोह्र वर्षसम्म थगित गराइदियो ।

सतौंको लडाईंपछि गोरखाले करङ भाजेका चौबीसेहरु पर्वतको मुख ताक्न लागे, तर गोरखाले उचालेको कास्की भने फुलेर बस्यो । यसैले १८३० को कार्तिकमा पर्वते फौजले कास्की पाउंदुरसम्म घुसेर उसलाई हात जोड्न बाध्य गरायो ।९

१८३४ मा अभिमानसिंह बस्नेत जिम्माका गोरखाली फौजले तनहुंको उपरदाङगढी र चितौन जित्यो । यसको अर्को वर्ष तनहुंका राजा हरकुमारदत्त सेनले मदत माग्दा पर्वते फौज सम्मिलित भयो । तनहुं, पर्वत र पाल्पाको संयुक्त फौजले बलियुमको लडाईंमा गोरखाली सरदार बलि बानियालाई मारी चितौन फिर्ता लियो । यस विजयी फौजले उपरदाङगढी पनि फिर्ता लिने कोशिश गर्न लाग्यो । यसै बखत चौ. जीव शाह आदि भारदार जिम्माका विशाल गोरखाली फौजले तनहुंको संयुक्त फौजलाई हराई चितौन फिर्ता लियो ।

बहादुर शाह भाउज्यूबाट हार खाई नेपालबाट हिंडेको पत्तो पाउँदा लमजुङ र तनहुँ मिलेर पर्वतलाई निम्ता गरे। यस संयुक्त फौजले गोरखाको भूमिमा आक्रमण गर्‍यो। १८३८ को चिप्लेटी र सिह्रानचोक दुवै ठाउँको लडाईंमा अमरसिंह थापा आदि जिम्माका गोरखाली फौजसंग हारी लमजुङको संयुक्त फौज पछि हट्यो। अनि गोरखा तनहुँमा घुस्यो। यस लडाईंमा मदत नदिएबापत फर्कंदा हरुवा फौज मध्येको पर्वतले कास्कीदरवार लुट्यो। त्यहाँका आखिरी राजा सिद्धिनारायण शाही भागेर गोरखा पसे।

सिह्रानचोकका लडाईंपछि तनहुँको शक्ति बिलकुलै नाश भयो। त्यहाँका राजा हरकुमारदत्त लमजुङको शरण मा पुगे। तनहुँको पनि अन्त्य समय आएको देखी पर्वते राजाले पाएसंमको फौज बटुलेर लमजुङलाई मदत दिए। यसकारण तनहुँ फिर्ता लिने कोशिश भयो। लमजुङ र पर्वतको संयुक्त फौजसंग गोरखाको तार्कुघाटमा घंसाघंसी चल्यो। पर्वते सेनापति बलिवन्दन मल्ल र लमजुङका काजी भक्ति थापा पक्राउ भए। गोरखा विजयी भयो। भक्ति थापाले गोरखाको बिडो लगाए तथा बलिवन्दन बन्दी अवस्थामै गाइखुरमा मरे।

तार्कुघाटको लडाईं विजय गरेपछि विजयी गोरखाली फौजले लमजुङको नाजुक हालत पत्तो पाई यसैको ६ महीनापछि १८३९ आश्विनमा पूर्व, पश्चिम र दक्षिण तीनै-तिरबाट लमजुङमा चढाईं गर्‍यो। लमजुङे राजा वीरभूपाल शाही भागे। उनी आफ्ना जाहान परिवार र तनहुँका राजा हरकुमारदत्तलाई साथमा लिएर मनाङ, मुक्तिनाथ हुँदै पर्वत वेनीमा दाखिल भए। यिनीहरू पर्वतका अतिथि बनेर वेनी कुरिलाखर्कमा बसे। राजा हरकुमार यहाँ आएका तीन महीनापछि आफ्नो तराईको भूभाग चम्पारन रामनगरमा गए। वीरभूपाल शाही पश्चिमका चौबीसेसंग मदत माग्न पुगे। लमजुङ लिएपछि गोरखाले स्याङजा नुवाकोट र पट्यूं लियो। उता काजी अभिमान सिंह जिम्माका गोरखाली फौज पाल्पातिर बढाएर वीरकोट बाकुको लडाईंमा पाल्पाली सेनालाई हराई गोरखा उसको पीछा गर्दै थियो। यसरी पाल्पा र पर्वतको मेललाई तगारो हालेर गोरखाले आफ्नो बन्दोबस्ततिर लाग्यो।

पर्वत पनि चुप लागेन। यसले आफ्ना साथीसम्बन्धी गलकोट, मुसीकोट र इस्मासम्मका फौज जम्मा गर्न लाग्यो। कास्कीलाई पनि आफ्नै गूटमा लियो९। पर्वतले यसरी ठूलो सैन्य जम्मा गरी १८४० वैशाखमा सेनापति गणेश मल्लको जिम्मा दी लमजुङ फिर्ता गर्न पठायो। गोरखाली फौज पनि नुवाकोट, पाल्पा, पप्यूं सबैतिरबाट भेला भई लमजुङतिर खनिए। पर्वत र गोरखाको लमजुङ मर्केडांडा-मा घमासानको युद्ध चल्यो। यसमा गणेश मल्ल पक्राउ परे, पर्वत हार्‍यो। यसपछि गोरखाले शक्तिहीन भइसकेका मोदीपूर्वका देशहरू एक एक गरेर सजिलैसंग लियो७। लमजुङे राजा वीरभूपाल पन्ध्र महीनासम्म पर्वतको शरण-मा बसेर हरकुमारदत्तको राज्य रामनगरमा गए।

पर्वत चुप लागेन, उ सामरिक सामान जोड्न र फौज जम्मा गरी तालीम दिनपछि लाग्यो। अब गण्डकीप्रदेशमा गोरखालाई केही समय रोक्न सक्ने ताकत पर्वत र पाल्पा-बाहेक अरूमा थिएन। पाल्पाको तराई भागसमेत भएको हुंदा उ धनी थियो, पर्वतसंग धनको कमी भए पनि चिसो पानीमा बसेको उसको वीरताको प्रभावले पर्वतले हरेस खाएको थिएन, तर पाल्पा भने थोत्रिइसकेको थियो। वीरकोटको लडाईंको हारले नै पाल्पाको आन्तरिक शक्ति-को परिचय पाइएको थियो। राजनीतिज्ञ बहादुर शाह १८४२ माघको अन्त्यतिर राजेन्द्रलक्ष्मीको मृत्युपछि नेपाल-मा फर्केर रणबहादुर शाहको नायबी भैं काम गर्न लागे। उनले पाल्पाली राजा महादत्त सेनकी छोरी विवाह गरी पाल्पासंग गुप्त सन्धि गरे, यसअनुसार पाल्पाले नलडीकनै गोरखाले जितेको भूभाग पाउने भयो। बहादुर शाहले विवाह गरी पाल्पाबाट फर्केपछि १८४३ आषाढ महीनामा गोरखामै पजनी गरी पश्चिमतर्फको विजय गर्ने बन्दोबस्त मिलाउनतिर लागे।

पाल्पाको पहिलो भूल थियो– मुनि मुकुन्दले राज्य बण्डा गर्नु। उसको दोस्रो भूल थियो–गोरखासंगको सन्धि। उसले यो सन्धि बाईसे चौबीसेसंग गरेको भए उ पश्चिममा सर्वेसर्वा बन्ने संभव थियो। पर्वत र पाल्पाको तुलना गर्दा पाल्पासंग धन थियो, अबको लडाईंमा धननै मुख्य गनि-न्थ्यो। किनकि तोप, बन्दूक, गोली, बारुद जस्ता मूल्यवान् चीज किन्नुपर्दथ्यो। यिन ताकसम्म बन्दूकले धनुको ठाउँ लिइसकेको थियो।

लमजुङलाई झैं पर्वतलाई पनि तीनतिरबाट हमला गर्ने बन्दोबस्त भयो । १८४३ मार्गको शुरुमा काजी जीव शाहसमेत भारदारका जिम्माको एक ठूलो गोरखाली सैन्य काली तरी गुल्मीमा दाखिल भयो । त्यहाँका राजा भाग्दा गुल्मी सर भयो । काजी जीव शाह, काजी शिवनारायण खत्री र सर्दार पारथ भण्डारी जिम्माको गोरखाली फौजले अरजुगा र रेसुङ्गा क्रमश: लियो । पर्वते काजी शंभुनारायण मल्ल र सर्दार कृष्ण कार्की पर्वतेको एक फौज लिएर अर्घा सीसमा बसेका थिए । यिनीहरूले सल्पानी फौज बसेको कौडेको किल्ला जितेर त्यहाँका हातहतियार हात पारे । साथै त्यहाँका अफिसर सबल शाही र नराज लामालाई पक्रे ।

यता पृथ्वीनारायण शाहले जुम्ला, कास्की र सल्यान आफूसंग मिलाउन त्यहाँ आफ्ना दूत छोडेका थिए । कास्की कहिले पर्वततिर र कहिले गोरखातिर झुक्दथ्यो । तर सल्यानले भने यस लडाईंमा गोरखाको साथ दिएर आफ्नो दूरदर्शिता देखायो । गोरखाली फौज अर्घामा जम्मा हुनलागेको देखी पर्वतले उनीहरूमाथि हमला गर्‍यो, तर पर्वत हार्‍यो । पर्वते फौज पछि हटेर इस्मा बलियो गर्न लाग्यो, त्यहां पनि गोरखाली फौज खनियो । दुवैमा ठूलो लडाईं हुंदा पर्वत हारेर पछि हट्यो । अनि गोरखाली फौज पश्चिमतिरबाट पर्वतमा घुस्यो । माघको शुरुतिर पर्वतको पूर्व कास्कीबाट मोदी तरी काजी दामोदर पांडे र काजी जगजीत पांडे जिम्माका विशाल गोरखाली फौजले पर्वतमा हमला गर्‍यो । सेनापति धर्मराज मल्ल र भीमदत्त मल्ल जिम्माका पर्वते फौजले वागलुङ र दुर्लुङमा गोरखालीको सामना गर्‍यो । दामोदर जिम्माका फौजले दुइतीनपटक पर्वते फौजमा हमला गर्‍यो, तर जित्न सकेन । गोरखाली फौजलाई तीन महीनासंम पर्वतले यस मोर्चामा रोकेर राख्यो । पश्चिमको मोर्चामा पनि पर्वतको फौजले गोरखाली फौजलाई अघि बढ्न दिएन ।

यसै समयमा खांची कब्जा गरी त्यहीं बसिरहेका सुब्बा जोग मल्ल चन्द्रकोट कब्जा गर्ने सर्दार प्रबल रानालाई साथमा लिएर बलेवा हुंदै बागलुङ पुगे । यो दिशा अरक्षित थियो, यसैले गोरखाली फौज बढ्नलाई केही बाधा भएन । फेरि सुब्बा जोग मल्ल पर्वते राजादेखि चिढिएर गोरखाको शरणमा गएका थिए । यिनी कीर्तिबमका माहिला काका अरिमर्दनका छोरा थिए । यसैले पर्वतको एक एक अंग उनलाई राम्रै ज्ञान थियो । गोरखाली फौज वेनीको नजीकै आइपुगेको पत्तो पाई पूर्वी मोर्चाका पर्वते फौज राजालाई बचाउन रातारात गरेर वेनीमा दाखिल भए । दामोदर जिम्माका फौज पनि तुरुन्त कालीका किनारमा पुगी वेनी जानलाई धूलेसांधु हाल्न लागे । बांकी रहेका फौज साथमा लिएर राजा कीर्तिबम पश्चिमको बाटो गरेर १८४४ को वैशाखमा आफ्नो मावली काशी मदनीपुरमा पुगे । उजाड वेनी शहरमा पहिले सुब्बा जोग मल्लकै फौजले कुल्च्यो । पर्वते राजाले आफ्नो धनसंपत्ति र जहानपरिवारसमेत लिएर हिंडेका थिए । विजयी गोरखाली सैन्यले उनको धन लुट्न आंट गर्न सकेन । यस विजयको परिणाम पर्वत, गलकोट, मुसीकोट र इस्मा एकैपल्ट गोरखाको हातमा पर्‍यो । यस लडाईंमा पर्वतका छैरै राजवंश परे । स्वयं कीर्तिबमका ५ भाइमा जंजाल, जामुनि र बौद्ध ३ भाइले वीरगति पाए । बाँकी वनयारी र वीरनारायण राजाकै साथमा गए ।

६ भाइका नामले प्रसिद्ध भएका कीर्तिबमका काकाहरु मध्ये माहिला अरिमर्दन ज्यामरुकमा, साहिला शत्रुशाल दांगमा, काहिला कलिमर्दन कुहुँमा, ठाहिला रमेश माजकोटमा, ठूलाकान्छा रघुदत्त देउपुरमा र कान्छा रघुनारायण भीमपोखरामा बनोबास गर्न लागे ।

बनारसपारि काशीराजमा पर्ने मदनीपुरमा गएका अर्को बर्ष राजा कीर्तिबम बिफरले मरे । उनका छोरा नरसिंहबमले मध्येस लागेका भगुवा मानिस जम्मा गरी १८४६ मा दाङ चौथरामा सल्यानीहरूलाई घेरामा पारे । हस्तदल शाही जिम्माका गोरखाली फौजदेखि हार खाएर उनलाई फर्कन बाध्य हुनुपर्‍यो । नरसिंहबम मदनीपुरमै मरे । १८७२ मा अंग्रेजसंगको हारको कारण मध्ये भगुवा राजा पनि एक भएकोले दूरदर्शी भीमसेन थापाले ती राजाका सन्तानलाई स्वदेशमै फर्काउन थाले । यसै सिलसिलामा नरसिंहबमका ३ छोरामा कान्छा बालकैमा मरेका हुँदा जेठा राजविक्रम र माहिला विक्रमार्कलाई १८७५ मा मदनीपुरबाट झिकाई भीरकोट सेखाममा मानाचामल दिएर राखे ।११

नेपालमा भीमसेन थापाको पतनपछि श्री ५ राजेन्द्रबाट राजविक्रमका छोरा विजयबमलाई १८९४ मा पर्वत वाङमा सारियो र केही गाउं मानाचामलमा दिइयो । यसरी ५० वर्षपछि पर्वते राजा पर्वतमा पुन: भित्र्याइए ।

# अनुसूची ।

१. इतिहासप्रकाश अंक १ बाट ।
२. " " गोरखावंशावलिको पोषक र उत्तरार्धबमोजिम ।
३. पर्वतका राजा राजबम मल्लका सन्तानमा चलेका वंशावलिअनुसार ।
४. करीब, तिर यस्तै अनिश्चितरूपमा लेखिएको मिति अनुमानित र घटना किटेर लेखेको प्रमाणित हो ।
५. गलकोटका राजा जितारि मल्लका सन्तानमा चलेका वंशावलिअनुसार ।
६. बम शाही र कल्याल शाही दुवैका वंशावलिहरूले यसलाई समर्थन गरेका छन् ।
७. पर्वतमा चल्दै आएका जनश्रुतिबाट ।
८. वि. सं. १८६६ मा पर्वत मल्लाजका क. तेजबहादुर मल्लले संग्रह गरेको मल्लवंशावलिबमोजिम ।
९. नेपालका इतिहासहरूबाट ।
१०. १३० वर्षअगाडि पर्वत रणवाङका कुमेदानले संग्रह गरेको मल्लवंशावलिअनुसार ।
११. पर्वत पाङका भू. पू. मानाचामलवालाका कागजपत्रबाट ।
१२. इतिहासप्रकाश अङ्क २ बाट ।

# The Rise and Development of the Baisi States

*By Ramniwas Pandey*

A study of the so far available records of Western Nepal belonging to the Baisi States reveals that their origin is highly complicated and it is difficult for the scholars to draw right conclusions about their rise and development. The Gochan Chronicle contains that that the kings of Lunar pedigree of Western Nepal owe their origin to Chandra, born from the eyes of Atri on the inspirations of Brahma (1) Then a long list of names of the rulers of the dynasty follows in which we find some renouned sovereigns of Ancient India like Pururava, Nuhusa, Janamejaya, Dusyanta, Bharata, Bharadwaja, Kuru, Vicitravirya, Yudhisthir, Pariksita, Ugrasen, Vihadratha and Laksmichandra (2) The catalogue contains that during the rulership of Laksmichandra, India was attacked and conqured by a Muslim Sultan. The later included the principalities of Delhi and Mewada for his direct administration. Laksmi chandra fled to Kannauj and took asylum in the palace of Raithor of Samala(3)It is difficult to explain that how King Laksmichandra was absorbed there but soon we find his son Mitrasen assuming the family title of Raithor belonging to the Samalas. For ten generations this title continues in the family. During the rulership of the tenth descendant of Mitrasen Raithor, i.e. Mathimalla Raithor, taking the pretext of the refusal of the hands of the siuli daughter of Ranaji, the Muslim sovereign of Delhi invaded Rajasthan and destroyed the whole Rajpoot machinary of the state Jaimala Fatta lost his life while fighting in the battle-field and at the time of his cremation his seven hundred sweet-hearts performed their self-immolations (sati) on his funeral pile(4).

When Mathimalla Raithor of Kannauj heard about this tragic end of Jaimala Fatta, he attacked the Sultan's forces with his terrible army. But he also lost the battle and his life. The invasion of Mathimalla had distressed the Sultan so much that he ordered for the wholesale slaughter and extinction of the Rajpoots from the earth(5). Therefore, to save their lives and religion,the croun-prince,the other alive members of the king's family and his relatives fled to the Himalayan ranges. They might have used the garbe of the Brahmans in course of their historical emigration.

At this point, I shall like to elucidate some important political events of Northern India which took place in the last quarter of the twelfth century A D. and first decade of the

fourteenth century A.D..A study of the history of Northern India reveals that Rajsthan (Ajamer) and Kannauj were ruled respectively by Prithviraj Chauhan (A.D. 1179-93) of the Chahaman dynasty belonging to the Solar pedigree and Jaichandra (A.D. 1170-94) of the Gahadawala dynasty belonging to the Lunar race (6). The ancestors of Jaichandra had once lived in the caves (**guha**) of Mirzapur in Ancient pratisthan, and, that is why, they were also called as the Grahadawalas(the inhabitants of the caves). During the rulership of King Chandradeva, the capital of the Gahadawalas was at Banaras. This king had conquered Kannauj and Delhi (Indraprastha) and had defended the populace of these provinces from various kinds of vissitudes of the Muslim rulers (7). After the inclusion of these territories he made Kusika as his new capital. He was succeeded respectively by Madanapala, Govindachanda, Vijayachanda and Jaichandra. Jaichandra was an illustrious monarch and he had defeated the Yadavas of Devogiri, the Solankis of Gujrat and the Turks for several times in the military encounters with his victorious army. As in his Rajasuya Yajna (a sacrifice which denotes the paramount lordship of a sovereign) his daughter Sanyogita was snatched away by Prithviraj Chauhan, he got completely humilated and annoyed with the Chahamanas of Delhi. Before this deed, in the lifetime of his father Vijayachanda, the principality of Indraprastha was snatched away by the Chahamanas from the Gahadawalas which itself had put the root of enemities between the two states. That is why,when Sahabuddin Ghori attacked India, Jaichandra especially helped the later against Prithviraj Chauhan in A.D. 1193. Prithviraj was defeated and killed in the battlefield and his kingdom was completely looted and disturbed by the invador. One year after Prithviraj's defeat the kingdom of Kannauj was also attacked by Sahabuddin and Jaichandra was killed in the battle of Chandawar (8). However, the victor did not destroy the kingdom of Kannauj. He allowed Jaichandra's son Harischandra to sit on the throne in A.D. 1194 and to rule the country.The state of the Gahadawalas vanished out only when Iltutamish conquered it and included in his dominion (9) for its direct administration in A D 1225.

In this conflict for the survival of existance between the Hindus and the Muslims and their rulers about half-a-century's time passed away. By the third quarter of the thirteenth century A.D. the Khilazis became the ruler of India. In the thirteenth century A.D the princes of Rajasthan had reinforced their powers in different districts and Ranathamabhor and Chittor were supposed to be their popular strongholds. When Allaundin Khilazi ascended the throne of Delhi, his greedy eyes fell on those Rajpoot states. He attacked Ranathambhor on July 11,1301 and captured its fortress after a fierce battle with the Rajpoots (10). When he returned Delhi from Rajasthan, he imposed heavy social and economic restrictions and liabilities on the Hindus of the kingdom. This turned the life of the people miserable and wanten.

Two years after the conquest of Ranathambhor, on January 29, 1303, Allaudin attacked Chittor. Ratanasingh,the king of Chittor, resisted the invasion of the aggressor with a great determination and stiffness. As he got confined within the castle, his sources of the food and drink supplies got completely cut off. It is said that Allaudin had developed lust for Papmavati, the beautiful queen of Ratanasingh and he had invaded Chittor to beget this woman only. Many scholars do not accept the historicity of Padmavati and the story assigned about her self-immolation (**Jauhar**) but by this time her legend has been accepted as a genuine

fact of Indian history. When Padmavati found that she will be snatched away by the agressor,she performed **Jauhar**(self-immolation) along with sixteen hundred Rajpoot women. At this time thousqnds of immature children and virgins were also thrown in the flame of the funeral pile. After this act of **Jauhar** the Rajpoots emerged in the battlefield from the castle in the saffron-coloured dresses (**Kesariyabana**) and inflicted heavy casualities on the army of Allaudin Khilazi. But their army being too small, they could not resist the onslaughts of the swooper's forces. The result was that about 30,000 Rajpoots were killed in the battlefield and then on August 26, 1303,after seven months, Allaudin Khilazi was able to conquer Chittor (11). Tod believes that while fighting Ratanasingh was killed in the battlefield (12) but the Muslim chroniclers Amir Khusaro and Isami state that the Rana of Chittor survived the battle and his life was spared by the king. Ratanasingh, however, is heared no more after the fall of Chittor (13).

I think that after Ratanasingh was let off by Allaudin Khilazi, he come with his kinsmen and relatives to the mountains of Himalaya. This king seems to be King Ratanajot (14) [Ratanajyoti(15) and Ratanajot(16)], described in the minor chronicles of Western Nepal belonging to the Lunar lineage.

Although the names of Indian history and Gochan Chronicle do not coincide, I forward that it was after Iltutamish and Allaudin Khilazi in the thirteenth and fourteen centuries A.D. that the princes and the family members of the solar and lunar dynasties had fled in the nearby Himalayan mountains of Nepal in the garbs of the Brahmans (17). As Gochan Chronicle was written much later after the lapse of the rule of Parvata branch of the family, either in the late nineteenth or the opening decade of the present century, its writer did not exactly remember the names of a large number of its rulers. Again, he fabricated many legendary names and rulers,set them in the present geneology and showed their respective successions.

The Jumaleswar Chronicle contains that Baliraj, the founder of Kallala Dynasty in the Jumla Valley, was one day seen by Malai bum in his capital of Khandacakra. The latter caught a terrible fear of the child for the fact of his glittering forehead. He held that if this child of Sisaudiya lineage lives in his capital, then he will cause a serious injury, perhaps destruction, to the Lunar House of Khandacakra in his youth (18). Therefore, he wanted to kill Baliraj but the latter knew about the conspiracy and he fled at Jumla from Khandacakra. The daughter of Malaibum, who loved Baliraj, had given this information of her adorer's murder by the sovereign and had helped him in his secret get off from Khandacakra to the dominion of Medinivarma (19).

If Malaibum was a senior contemporary of Baliraj, then he had ruled his kingdom from Khandacakra in the third and the fourth quarters of the fourteenth century A.D. itself (20). Further, Ratanajot (Ratanajoyti > Ratanasingh, who was defeated and spared by Allaudin Khilazi) ruled Chittor until August 27, 1303. In the minor chronicles of Western Nepal belonging to the Lunar pedigree (please see the chart) the kings between Ratanajot and Malaibum range as follows:-

A. Twenty-three kings (21).
B. Twenty kings (22).
F. Nine kings (23).
G. Twenty-one kings (24).
H. Twenty kings (25).
I. Twenty-three kings (26).

The time-gap between Ratnajot and Malaibum (i e. between A. D. 1303 and 1378) is of seventy-five years only. During this period we can not fit twenty-three, twenty,twentyone, twenty and twenty-three kings of the A, B, G, H and I geneologies. I think that most of the names incorporated in them are of legendary nature and fabricated by the writers of the documents only. The Chronicle F (27) contains the names of only nine rulers between Ratanajot and Malaibum. It seems to be a fairly nearer—to—the—truth record of successions between the two sovereigns But here also one or two legendary names definitely exist (28).

When Ratanajot (Ratanasingh) entered in the mountains of Himalaya, he had actually entered in the territory of the Jumalese sovereign. The ruler of Jumla, who was definitely of the Solar pedigree, was much moved on hearing the tragic history of his lost kingdom and family. The king had a daugther (29),whom he married with Ratanajot. The king appointed the son-in-law as the governer of the region falling to the south of the Thakurjee Lekh. This was the only daughter of the king and she was the heiress of the throne also. Therefore, the Jumalese king assured that if Ratanajot gets a son from his daughter, then he shall be made a king. After some time the newly married couple gave birth to a son, Devachandra of the Samala chronicles(30)and Devasingh of the A, D, G, H and I coronicles (31); he is Devadas of the Sallyana (32) and Parvata (33) chronicles also After the delivery of the son the daughter and the daughter-in-law went to the court of the king and reminded him of his bow(34). Thereupon,the king gave the mark (**tika**) of royality on the forehead of the child and declared that from the day of the anointation the prince, who belonged to the Lunar Pedigree, was the sovereign of the country spread between the Thakurajee Lakh and Madhesa.and the Gandaki and Seti rivers(35) If this legend is correct or the son or grandson of Ratanajot, i. e. Devasingh (or Devachandra or Devadas), had actually revolted and created a state to the south of the Thakurjee Lekh for his laws, that we have yet to find out in a correct manner. As this ruler was the first sovereign of the mountains, he wsa bedecked by the people with the title of Pahadiraya ( or Paharíraj), the king of the mountains. This had not only suited the occasion of the anointation but the hearts of the local inhabitants also. This is how C,A.D.1325, the Lunar dyanasty of Rajasthan established its root in the mountains of Western Nepal. As Ratanajot had miraculously appeared in the region, performed the pilgrimage of the Manasarowar Lake and married the daughter of the Jumalese king, he was given the title of Jalandhari ( the master possessor of the illusions) Raja by the local people. Later on, this title of the king became his real name and the actual name and title, given to him at the time of his anointation, subsided in the background and vanished out of use after some time (36).

The genelogies of the Achham(37), Sallyana (38)and Parvata houses of rulers ( see the chart prepared by me ) contain that Kashidas was their progenitor and he had come in the hills of Western Nepal from the Ujjain city of India. But this man does not find his mention in the minor chronicles of the region. Does it mean that there were two families of Lunar dynasty in Western Nepal, one sprung from Gopalarisi Bhatta and the other from Rahithurapathi ? The rulers of Bajhang, who claim their origin from Haribansa Rana and Jaimala Fatta or Jaimala Raja, seem to be the descendants of some regional regal family of Rajasthan but once a Jaimala Raja occurs in the minor chronicle of the region also (39). The most determined fact in the history of Western Nepal is the rule of King Malaibum. This sovereign

exists in all the geneologies of the region belonging to the lunar families but the name of his father is not the same in all the chronicles. In the geneoligies A,D, G, H and I, he appears as the son of Avairaj ( or Abhairaj ) but the B, C, F, J, K, L and M chronicles contain Dhanaki Tolarimalaraja, Chhotarimalla, Chandravarma, Gothadimalla, and Joyatibum respectively as his father.

### The Problem of Dimba

Hamilton writes that the terrain between the Kali river and Kathmandu Valley was inhabited by the Jariya tribe which magnanimously "intermixed with the Magars" (40). The chief of the tribe had an only daughter (41), whom he married to Dimba Roy, a Gautamiya Brahman (42). This man had come and settled in Takum after the establishment of Muslim rule in India. The anscestors of Dimba Roy once lived in the vicinity of Allahabad(43).

The father-in-law of Dimba Roy ruled his kingdom from Takum which is invariably intervened with the lofty peaks of the Dhaulagiri mountain. Because of the snow clad and invincible summits the country was designated as Parvata Rajya (state) by the people.

Some years after the marriage of Dimba Roy, the seat of the Parvata State was shifted to Dhorala Thana from Takum (44). The new residance of the king was located on the junction of the Mnyangdi (Mehagdi of Kirkpetrick) and Narayani rivers and called as Beni Shahar by the people(45). Ultimately the new abode of the king and the town received the name of Malebum (46),a word which frequntly occurs in the chronicles, the documents and the writings of the scholars on the history, culture and archaeology of Western Nepal.

The daughter of the Jariya chief, the heiress of the Parvata State and the wife of Dimba Roy, gave birth to twentytwo sons, "each of whom obtained a share of his maternal grandfather's dominion"(47).This gave rise to twenty two states which collectively came to be known as Baisi States of Western Nepal.

Hamilton expressed that Dimba Roy belonged to the Gautamiya tribe, which had once inhabited the neighbourhood of Allahabad (48). The Gochan (49) and the Naraharinath (50) chronicles contain that Dimba was the son and successor of king Chandram of the Parvata State. This fact is corroborated by the discoveries of Shree C. Chakravarti(51) also. We know that Dimba was a far off decendant of Mitrasen Raithor and Mathimalla Raithor (eighty-first and ninetenth rulers of Kannauj—from the Gochan Chronicle) and had sprung five generations after Malaibum (one-twentith king of the Lunar pedigree and a paramount sovereign of Western Nepal) as the grandson of Anamma, the founder of the Parvata State (52). He was the one hundred and twenty-fifth king of the Lunar family. As Dimba had killed four thousand (troops>enemies) of Partham and four thousand enemines of Parvata (53), which totals to eight thousand men, the leader of the enemies (who might have been of the Jariya tribe and formed an alliance with the Magars and the Gurungs of the region and used to haress the Ksatriya ruler of the region), lost all his sons and vigours of fighting anew with the former. Ultimately a treaty was concluded between him and Dimba which prescribed that henceforth the men of the local tribes will not disturb the administration of the country and would not wedge war against the parasol of the ruler. The ruler, Dimba, agreed to marry the daughtor of the enemy-chief and to accept her as the chief consort of his harem. As the

enemy-chief was the real owner Parvata in the past and as he had lost all of his sons in the battle against Dimba, now his daughter married with Dimba, was the only progeny, naturally she was the sole claimant of the throne. That is why, she has been designated as the heiress of the throne by Hamilton in his book(54). In this way Dimba became the owner and the ruler of Parvata. Otherwise, it was Dimba who was the descendant of Malaibum and not Malaibum as a descendant of Dimba (Ofcourse, there is a Malaibum in Parvata also in the eighteenth century but he is not that Malaibum who ruled at Khandacakra. Therefore, one can call the Malaibum of Khdndacakra as Malaibum I and Malaibum of Parvata as Malaibum II. The latter had married the princess of Kanchi State, whose name was Mahalavasenta). It was long before Dimba that the sons of Malaibum had divided the country of his father into twenty-two small states for their individual laws. I feel that Hamilton's history of Dimba and of the Jariya tribe, and the particular statements like "the daughter and the heiress of this chief married a Gautamiya Brahman, Dimba, and by him hard twenty-two sons, each of whom obtained a share of his grandfather's dominion ... (55), an "There can be no doubt that the Malaibum family was of the Jariya tribe but one of the chief, having an only daughter, gave her in marriage to a Brahman and from this source spring the families of Malaibum and its numerous collateral branches........" (56) are only hear-say and faulty supplied by his ignorant informants like Hariballabha, working together with him. Further, Hindu family is a patronomical family. If Dimba made the daughter of the Jariya chief as his spouse, this was also acceptable in one from into the Hindu marriage laws. Again, leaving Hamilton, no other document or chronicle of the region furnishes the account about this fortunate but blemish marriage of Dimba. Therefore, I take this marriage legend of Dimba as unrealestic.

(to be continued)

# ABOUT THE AUTHERS

| | |
|---|---|
| Sri Suryabikram Gawali | A well known Historian |
| Sri Shankarman Rajbanshi | Editor- Rastriya Abhilekhalaya |
| Sri Taranand Mishra | Excavation officer Dept. of Archaeology |
| Sri Mohanbahadur Malla | A writers |
| Sri Ramniwas Pandey | Lecturer; Tribhuwan University |

'प्राचीन नेपाल'का निमित्त प्राग्-इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

**निर्देशक**
पुरातत्व विभाग
सिंहदरबार
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to Ancient Nepal.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretaion of already known evidence.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:—

**The Director**
Department of Archaeology
Singha Darbar,
Kathmandu, Nepal.